# सहभागिमूलक संकटाभिमुख विश्लेषण

*[Participatory Vulnerability Analysis]*

## स्रोत पुस्तिका

*[Resource Book]*


**ध्रुव गौतम**

सहजकर्ता

सहभागीमूलक संकटाभिमुख विश्लेषण



एक्सनएड नेपाल

काठमाडौं, नेपाल

बैशाख २०६५

## हाम्रो भनाई

समुदायमा स्थानीय जनताहरुसँगको सहकार्यमा "सहभागीमूलक संकटाभिमुख विश्लेषण" गर्दा सहयोग पुगोस् भन्ने उद्देश्यका साथ यस स्रोत पुस्तिका तयार पारिएको हो । यो निर्देशिका वा हाते पुस्तक (म्यानुअल) होइन । हाते पुस्तकले कुनै कार्य सम्पन्न गर्नको लागि कुन तहमा के काम गर्ने भन्ने कुरालाई हुबहु अनुसरण गर्न तयार पारिएको निर्देशिका भन्ने बुझाउँदछ । सहभागीमूलक प्रक्रिया त्यसरी यान्त्रिक रुपमा अगाडी बढ्न सक्दैन । त्यसैले यसलाई स्रोत पुस्तिका भनिएको हो । जसले सहभागीमूलक संकटाभिमुख विश्लेषण गर्न आवश्यक मार्ग निर्देश गर्दछ ।

यस स्रोत पुस्तिकाले साझेदार संस्था, फिल्डस्तरका कर्मचारी र स्वयं समुदायलाई सहभागीमूलक संकटाभिमुख विश्लेषण प्रक्रियालाई कसरी आत्मसात गर्ने, कसरी प्रयोगमा ल्याउने, साधन र स्रोतको अधिकतम पहिचान र परिचालन कसरी गर्ने, संकटाभिमुखका कारण र असर पत्ता लगाई उपयुक्त कार्ययोजना मार्फत संकटाभिमुखको असर र प्रभावलाई न्यूनीकरण गर्न सहयोग गर्ने छ भन्ने अपेक्षा राखेका छौं । यस पुस्तिकामा संकटाभिमुख विश्लेषणका सैद्धान्तिक तथा व्यवहारिक दुबै पक्षलाई राम्रोसँग समेटिएको छ ।

यस पुस्तिका समुदायकै सक्रिय सहभागितामा संकटाभिमुख विश्लेषण गर्न चाहाने सामाजिक कार्यकर्ता, विकास कार्यकर्ता, साझेदार संस्था, तथा अन्य इच्छुक वर्गको लागी तयार गरिएको हो । एक्सनएड नेपालसँग सहकार्य गर्दै आउनु भएका सहभागीमूलक संकटाभिमुख विश्लेषण प्रक्रियाका सहजकर्ता ध्रुव गौतमले यस पुस्तिकाको लेखन कार्यमा सहयोग पुऱ्याउनु भएको छ ।

हामीलाई के कुरामा स्पष्ट विश्वास छ भने यस पुस्तिकाको माध्यमबाट संकट र विकासबीचको अन्तरसम्बन्ध स्थापीत गर्न, यस्तो अन्तरसम्बन्धले समुदायको संकटाभिमुखलाई कसरी प्रभाव पार्छ भन्ने बुझ्न र स्थानीयस्तरमा गरिने सहभागीमूलक संकटाभिमुख विश्लेषण प्रक्रियाले जिल्ला, क्षेत्र, राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरका सरोकारवालाहरुलाई विभिन्न सवालमा कसरी पैरवी र वकालत गर्न मद्दत गर्दछ भन्ने कुरामा सहयोग पुग्नेछ ।

यस पुस्तिकालाई भविष्यमा अझै परिमार्जन गर्दै लैजाने उद्देश्य राखिएको हुँदा पाठक तथा स्रोत पुस्तिका प्रयोगकर्ताहरुबाट व्यवहारिक सुझावको अपेक्षा गरेका छौं ।

**श्यामसुन्दर ज्ञवाली**
आपतकालीन र प्रकोप व्यवस्थापन थिम
बरिष्ठ थिम लिडर
एक्सनएड नेपाल

**नहकुल थापा**
राष्ट्रिय संयोजक
विद्यालयमा आधारित प्रकोप जोखिम न्यूनीकरण परियोजना
एक्सनएड नेपाल

## प्रस्तुतकर्ताको तर्फबाट

सहभागीमूलक संकटाभिमुख विश्लेषण विकासमा एउटा नयाँ अवधारणा हो । यो एउटा त्यस्तो प्रक्रिया हो जसले समुदाय र सम्बन्धित सरोकारवालाहरुलाई एउटा प्रक्रियामा संलग्न गरी उनीहरुको संकटाभिमुखको अवस्थालाई शुक्ष्म रुपमा जाँच गर्ने र उनीहरुलाई नै सशक्त गरी संकटाभिमुखलाई कम गर्न चाहिने आवश्यक रणनीति तय गर्न र प्रभावकारी कदमहरु चाल्न समेत मद्दत गर्दछ ।

हरेक व्यक्ति, वर्ग र समूहको संकटाभिमुखलाई बुझ्ने र आत्मसात गर्ने आ-आफ्नै तौरतरिका हुन्छन् । तसर्थ पनि यस प्रक्रियालाई प्रयोगमा ल्याउनु अगाडी सहभागीमूलक संकटाभिमुख विश्लेषण प्रक्रियामा संलग्न सबै सरोकारवालाहरुको समान र ठोस बुझाई हुनु आवश्यक छ । यस पुस्तिकाले सहभागीमूलक संकटाभिमुख विश्लेषण गर्ने क्रममा कसरी सैद्धान्तिक पक्षको बारेमा जानकारी लिने, कसरी तैयारी गर्ने, चाहिने जानकारी तथा सूचनाहरु कसरी संकलन गर्ने, त्यसको विश्लेषण कसरी गर्ने र सो अनुरुपको कार्ययोजना सबै सरोकारवालाहरुको प्रत्यक्ष संलग्नतामा कसरी बनाउने भन्ने कुरामा सहयोग गर्नेछ ।

सहभागीमूलक संकटाभिमुख विश्लेषण प्रक्रियामा आवश्यक पर्ने सामाजिक विधि तथा औजारहरुको पनि यस पुस्तिकाको अन्तिम भागमा व्याख्या गरिएको छ ।

यस पुस्तिकालाई यस रुपमा प्रस्तुत गर्ने अवसर प्रदान गर्नुभएकोमा एक्सनएड नेपाल, खासगरी श्याम सुन्दर ज्ञवाली र नहकुल थापा ज्यूलाई धन्यवाद दिन चाहन्छु । यस पुस्तिकाको अवधारणात्मक ढाँचा तैयार गर्ने क्रममा उहाँहरुको रचनात्मक सहयोग प्राप्त भएको थियो ।

यस पुस्तिकाका कतिपय सैद्धान्तिक सन्दर्भसँग मेलखाने किसिमका उदाहरण तथा फोटोहरु विभिन्न स्रोतबाट उपलब्ध भएका छन् । त्यसको लागी म सम्बन्धित सबैमा आभार प्रकट गर्न चाहन्छु ।

**ध्रुव गौतम**
*सहजकर्ता*
सहभागीमूलक संकटाभिमुख विश्लेषण
पो.व.नं १९५३२, काठमाडौं
इमेलः drgautam@wlink.com.np

# विषयक्रम

**पाठ १ सहभागीमूलक संकटाभिमुख विश्लेषणमा प्रयोग हुने शब्दावलीहरु**
१. भूमिका
१.१ खतरा
१.१.१ खतरा वृद्धिका अन्तरनिहित कारणहरु
१.१.२ खतराको विश्लेषण
१.२ जोखिम
१.३ क्षमता
१.३.१ क्षमताका प्रकारहरु
१.३.२ क्षमताको पहिचान
१.४ प्रकोप
१.४.१ प्रकोप व्यवस्थापन
१.५ संकटाभिमुख
१.६ खतरा र संकटाभिमुखताको पहिचान
१.७ खतरा, संकटाभिमुख, जोखिम र प्रकोप

**पाठ २ सहभागीमूलक संकटाभिमुख विश्लेषण**
२.१ सहभागीमूलक संकटाभिमुख विश्लेषण प्रक्रियाको ऐतिहासिक पृष्ठभूमी र प्रयोग
२.२ संकटाभिमुख सम्बन्धि विभिन्न परिभाषा तथा दृष्टिकोणहरु
२.३ सहभागिमूलक संकटाभिमुख विश्लेषण
२.३.१ सहभागिता
२.३.२ संकटाभिमुख
२.३.३ विश्लेषण
२.४ सहभागिमूलक संकटाभिमुख विश्लेषणका मुख्य सिद्धान्तहरु
२.५ संकटाभिमुख बारेका वर्तमान विचार र सिद्धान्तहरु
२.६ संकटाभिमुखको प्रकार
२.६.१ भौतिक तथा सामग्रीगत संकटाभिमुख
२.६.२ सामाजिक र संगठनात्मक संकटाभिमुखता
२.६.३ उत्प्रेरणागत र धारणागत
२.७ संकटाभिमुखताका फरकता
२.७.१ सामाजिक संकटाभिमुख
२.७.२ लैंगीय संकटाभिमुख
२.७.३ राजनितीक संकटाभिमुख
२.७.४ भौतिक संकटाभिमुख
२.७.५ आर्थिक संकटाभिमुख
२.७.६ वातावरणीय संकटाभिमुख
२.७.७ स्वास्थ्य संकटाभिमुख
२.७.८ शैक्षिक संकटाभिमुख
२.७.९ कृषि संकटाभिमुख

२.७.१०	संस्थागत संकटाभिमुख
२.८	संकटाभिमुखलाई प्रभाव पार्ने तत्वहरु
२.९	संकटाभिमुखको कारणहरु
२.९.१	आर्थिक गरीबीको
२.९.२	मानवीय गरीबी
२.९.३	संरचनागत गरीबी
२.९.४	सामाजिक असमाहिकरण
२.१०	सहभागीमूलक संकटाभिमुख विश्लेषण गर्न चाहिने सूचना तथा जानकारीहरु
२.११	सहभागीमूलक संकटाभिमुख विश्लेषण प्रक्रिया
२.१२	सहभागितामूलक संकटाभिमुख विश्लेषण प्रक्रियाबाट हुने फाईदाहरु
२.१३	सहभागीमूलक संकटाभिमुख विश्लेषण गर्दा ध्यान दिनुपर्ने कुराहरु
२.१३.१ स्थानरक्षेत्र
२.१३.२ संकटाभिमुख बारेको बुझाई
२.१३.३ खतरारसंकटाभिमुख
२.१३.४ जीविकोपार्जन
२.१३.५ पूजीको अवस्था
२.१३.६ संस्थागत व्यवस्थापन
२.१३.७ हक र अधिकार
२.१३.८ सूचनामा हक
२.१३.९ सहभागीता र निर्णय प्रक्रिया
२.१४	सहभागीमूलक संकटाभिमुख विश्लेषण र सहभागीमूलक ग्रामीण लेखाजोखामा फरक
२.१५	सहभागीमूलक संकटाभिमुख विश्लेषण विधिका फाईदाहरु

**पाठ ३ संकटाभिमुख विश्लेषण गर्ने विभिन्न मोडेलहरु**
३.१	विश्लेषण प्रक्रियाम प्रयुक्त मोडेलहरु
३.१.१	जेरेमी स्वीटको पूजी संकलन मोडेल
३.१.२	एण्डरसन र उइड्रोको क्षमता र संकटाभिमुख विश्लेषण
३.१.३	ब्ल्याकीको प्रकोप कन्च मोडेल

**पाठ ४ संकटाभिमुखका रुप र बहुस्तरीय अवधारणा**
४.१	संकटाभिमुखका रुपहरु
४.१.१	स्थानीय जनता र संकटाभिमुख
४.१.२	संकटाभिमुख र गरीबी
४.१.३	संकटाभिमुख र मानव सुरक्षा
४.२	बहुस्तरिय अवधारणा
४.२.१	समुदाय स्तर
४.२.२	जिल्ला स्तर
४.२.३	क्षेत्रिय र राष्ट्रिय स्तर
४.२.४	अर्न्तराष्ट्रिय स्तर

**पाठ ५ संकटाभिमुखसग सम्बन्धित अन्य अवधारणाहरु**
५.१ संकटाभिमुखसग सम्बन्धित अन्य अवधारणा
५.१.१ गरीबी
५.१.२ विपन्नता
५.१.३ अभाव
५.१.४ विकास
५.१.५ क्षमता
५.१.६ अवसर
५.१.७ हकअधिकार
५.१.८ आवश्यकता
५.१.९ जोखीम

**पाठ ६ संकटाभिमुखमा अधिकारमुखि विकासको पद्दति**
६.१ संकटाभिमुखमा अधिकारमुखि विकासको पद्दति
६.१.१ मानवअधिकार भित्रका विविध अधिकार
६.१.२ अधिकार विश्लेषणभित्रका तत्वहरु
६.१.३ संकटाभिमुखलाई अधिकारमुखि पद्दतिबाट हेर्नुपर्ने कारण

**पाठ ७ सहभागीमूलक संकटाभिमुख विश्लेषण प्रक्रिया**
७.१ सहभागीमूलक संकटाभिमुख विश्लेषण प्रक्रिया
७.१.१ संकटाभिमुख बारेको बुझाई
७.१.२ सहभागिमूलक संकटाभिमुख विश्लेषण विधि
७.१.२.१ संस्थागत तहमा सहभागिमूलक संकटाभिमुख विश्लेषणबारे सचेतनामा वृद्धि गर्ने
७.१.२.२ उद्देश्य निर्धारण
७.१.२.३ सरोकारवालाहरुसगको विश्लेषण
७.१.२.४ सहभागिमूलक संकटाभिमुख विश्लेषणको टोली गठन र तैयारी
७.२. सहभागीमूलक संकटाभिमुख विश्लेषण प्रक्रियाका पाईलाहरु
७.२.१ पहिलो पाईला : संकटाभिमुखको अवस्था विश्लेषण
७.२.२ दोस्रो पाईला : संकटाभिमुखका कारण र असरको विश्लेषण
७.२.३ तेस्रो पाईला : समुदायको कार्यको विश्लेषण
७.२.४ चौथो पाईला : विश्लेषणबाट कार्ययोजना तैयार

**सन्दर्भ सामाग्रीहरु**

**अनुसूचीहरु**

अनुसूची १: सूचना विश्लेषण फारम

अनुसूची २: सहभागिमूलक विधिहरु

१. संकटाभिमुखरखतरा नक्सांकन
२. धरातलीय हिंडाई
३. गतिशिलता नक्सा
४. जोडागत स्तरीकरण
५. मौसमी पात्रो
६. संस्थागत विश्लेषणका लागि रोटी चित्र
७. समय–रेखा
८. प्रभाव विश्लेषण
९. जानिफकारहरुसगको अन्तवार्ता
१०. दिगो जीविकोपार्जनमा पहुँच
११. लक्ष्यित समूह छलफल

# पाठ १

# सहभागीमूलक संकटाभिमुख विश्लेषणमा प्रयोग हुने शब्दावलीहरु

---

> “सहभागीमूलक संकटाभिमुख विश्लेषणको बारेमा हाम्रो बुझाई यसअघि अत्यन्त न्यून थियो । हामीले बाढी, पहिरो र आगलागीको कुरा बुझेका थियौं । जसलाई हामीले समस्या र दुखको रुपमा लिन्थ्यौं । प्रकोप के हो भन्ने बारेमा हामीमा स्पष्टता थिएन । यस विश्लेषण प्रक्रियामा प्रयोग हुने शब्दावली र तिनीहरुको अन्तरको बारेमा हामीलाई पटक्कै ज्ञान थिएन। हामी किन संकटमा छौं भनेर विश्लेषण गर्न यससँग सम्बन्धित विभिन्न शब्दावलीहरुको बारेमा जान्नु पर्दो रहेछ । अहिले हामीले छुट्टै अनुभूति गरेका छौं । हामीमा यस विश्लेषण प्रक्रियाबाट थप स्पष्टता आएको छ ।”
>
> \- सीतामाया श्रेष्ठ, एकल महिला, शारदाबतासे-९, काभ्रे

## १. भूमिका

प्रकोप व्यवस्थापनमा चासो राख्ने धेरै जसो संघसंस्थाले हालमा आएर संकटाभिमुलाई, खतरा, जोखिम र प्रकोपबाट हुने प्रभावको प्रभावकारी रुपमा लेखाजोखा गर्न प्रयोग गर्ने गरेका छन् । यदि हामीले जोखीम, खतरा र प्रकोपको प्रभावलाई न्यूनीकरण गर्ने हो भने संकटाभिमुखको लेखाजोखा र संकटाभिमुखका विभिन्न पक्षको राम्रोसँग अध्ययन र विश्लेषण गर्नु जरुरी छ । यसो गर्न सकिएमा प्रभावकारी रणनीति र कार्यक्रम तयार गरी जोखीम, खतरा र प्रकोपबाट पर्ने संभावित असरलाई कम गर्न सकिन्छ ।

गरीब, विपन्न, पछाडी पारिएको वर्ग र पेशाका व्यक्ति तथा समूहको सशक्तिकरणको लागि संकटाभिमुखताको विश्लेषणलाई प्रभावकारी औजारको रुपमा लिन सकिन्छ ।

संकटाभिमुखको विश्लेषण गर्दा संकट वा खतरा पर्न सक्ने संभावना भएको वर्ग, समूह र संभावित असर कम गर्न जिम्मेवार निकायसँगै बसेर गर्नुपर्दछ । यी सबै पक्षको सक्रिय सहभागीताले संकटाभिमुखको कारण र असर पत्ता लगाई सो अनुरुपको प्रभाव कम गर्न चाल्नुपर्ने रणनीति तथा कार्ययोजना बनाउन मद्दत पुग्दछ । संकटाभिमुख भन्नाले खतरा र जोखिम तर्फ उन्मुख अवस्थालाई बुझाउँदछ । जब जब परिस्थितिलाई स्थानीय स्रोत, साधन र शीपले नियन्त्रण गर्न सकिदैन, संकटाभिमुखको मात्रा पनि बढ्दै जान्छ ।

यो एउटा त्यस्तो व्यवस्थित प्रक्रिया हो जहाँ समुदायका व्यक्ति तथा अन्य सरोकारवालाहरु बसेर सम्बन्धित समुदायको संकटाभिमुखको बारेमा गहिरो छलफल र लेखाजोखा गरी समुदायका व्यक्तिहरुलाई नै संकटाभिमुख कम गर्न चाल्नुपर्ने बैकल्पिक कार्ययोजना बनाउन उत्प्रेरित र सशक्त गरिन्छ ।

यो एउटा गुणात्मक विधि हो । यस विश्लेषण प्रक्रियामा संकटाभिमुखका मुख्य कारणहरु के के हुन् ? प्रत्येक कारणका अन्तरनिहित तत्वहरु के के हुन् ? प्रत्येक कारणहरुले ल्याएका असरहरु के के हुन् ? ति असरहरुलाई कम गर्न के कस्ता रणनीति र कार्ययोजना बनाउनु पर्दछ भन्ने जस्ता विषयवस्तुहरुलाई मुख्य प्राथमिकताका साथ छलफल गरिन्छ ।

यसको विश्लेषणबाट संकट कम गर्ने दिशामा व्यक्ति, परिवार र समुदायको भूमिका के के हुन सक्छ ? स्थानीय, जिल्ला, क्षेत्रीय, राष्ट्रिय र अन्तराष्ट्रियस्तरका सरोकारवालाहरुको भूमिका र दायित्व के के हुन् र यीनीहरुबीचमा समन्वय कसरी गर्ने भन्ने बारेमा पनि सहयोग पुग्दछ ।

तसर्थ संकटाभिमुख विश्लेषणका बारेमा स्पष्ट हुन, विविध शब्दावलीहरुमा स्पष्ट हुनु पर्दछ । ति शब्दावलीहरुको बारेमा तल चर्चा गरिएको छ ।

**खतराका विभिन्न प्रकार**

- आगलागी
- वाढी
- कटान
- डुबान
- पटान
- असिना
- डढेलो
- हुरीबतास
- चट्याङ
- विद्युत करेन्ट
- हैजा र झाडापखाला
- भूकम्प
- वम विस्फोट
- जंगली जनावर
- सर्पको टोकाई

- ज्वालामुखी
- पहिरो
- समुद्री आँधी
- अनावृष्टि
- वन विनाश
- महामारी
- जलप्रदुषण
- आँधी
- जनयुद्धहरु र गृहयुद्ध ९ऋष्खर्ष धबच०
- नदी कटान
- सामाजिक द्वन्द
- प्राविधिक र औद्योगिक दुर्घटनाहरु
- आतंकबाद, आदि

## १.१ खतरा (Hazard)

खतरा त्यस्तो अचानक वा मानव सृजीत वा प्राकृतिक घटना हो जसको कारणबाट मानवजीवन, पूँजी, दैनिक जीवन तथा जीविकोपार्जनमा प्रतिकुल असर पर्न गई प्रकोपको कारकतत्व बन्दछ ।

संकटाभिमुखको अवस्थाले व्यक्ति, समूह, समुदाय, संरचना र सेवामा प्रत्यक्ष प्रभाव पार्दछ । संकटाभिमुख विश्लेषणबाट कुनै निश्चित समयमा पहिचान गरिएका खतराहरुले व्यक्ति, सम्पत्ति र वातावरणमा पार्न सक्ने प्रभावका सम्बन्धमा सही सूचना प्राप्त गर्न सहयोग गर्दछ ।

खतरा भनेको कुनै खास निश्चित अवधि र निश्चित भौगोलिक क्षेत्रभित्र रहेको कियाकलाप, स्वरुप वा प्राकृतिक कारणले हुनसक्ने घटना हो जसले सम्भावित क्षति (वातावरण, सम्पति, जीवन आदि) वा प्रकोप निम्त्याउन सक्दछ ।

जब खतराहरुको मात्रा, प्रकृति र बारम्बारतामा वृद्धि हुन्छ, संकटाभिमुखको प्रवाह पनि बढ्दै जान्छ ।

एउटा खतराले अर्को खतरा निम्त्याउन सक्छ । जस्तैः बाढीबाट महामारी, सर्पको टोकाइ आदि समस्याहरु ल्याउँछ । त्यस्तै अनावृष्टिबाट महामारी, अनिकाल पर्न सक्छ । भूकम्पबाट पहिरो जाने संभावना पनि हुन्छ । आन्तरिक गृहयुद्ध तथा जनयुद्धहरुबाट शरणार्थी र विस्थापितहरुको संख्या बढ्न गई महामारी आउन सक्छ । पहिराले पनि महामारी ल्याउन सक्छ । बाढीबाट पानी प्रदुषण भई विभिन्न किसिमका रोगहरु लाग्न सक्छ ।

### १.१.१ खतरा वृद्धिका अन्तरनिहित कारणहरु

निम्न कारणहरुले खतरालाई बढाउन मद्दत गर्दछ ।

- **प्राकृतिक कारणः** मौसमको ढाँचामा आएको परिवर्तनले गर्दा सुख्खा र बाढीका थप घटनाहरु नयाँ रुपमा देखिनु, बारम्बार देखिनु, थप क्षती गर्नु, आदि ।
- **आर्थिक कारणः** मुद्रास्फूर्तीमा आएको परिवर्तनले गर्दा गरीब तथा विपन्न वर्गको जीविकोपार्जन मा प्रत्यक्ष असर पुग्नु, नीतिगत परिवर्तन र संरचनात्मक समायोजनका कतिपय प्रणालीले पनि गरीब तथा विपन्न वर्गको आर्थिक अवस्थामा नकारात्मक प्रभाव पार्नु, आदि ।
- **सामाजिक तथा राजनितिक प्रवाहः** नीतिगत तहमा हुने अस्वभाविक परिवर्तनबाट गरीबी बढ्नु, शक्ति, साधन र स्रोतको केन्द्रिकरण हुनु तथा सामाजिक द्वन्दबाट खासगरि तल्लो वर्ग बढी प्रभावित हुनु, कतिपय गरीब र विपन्न वर्गका मानिसहरु नयाँ ठाउँमा बसाई सराई गर्न बाध्य हुनु, आदि ।
- **औद्योगिक खतराः** रासायनिक विस्फोटनका घटनाहरु, विषादीहरुबाट मानव जातिको स्वास्थ्यको स्थिति दिनप्रतिदिन कमजोर हुँदै जानु, आदि ।
- **नयाँ स्वरुपको महामारी देखापर्नुः** एचआईभी एड्स तथा यौनजन्य रोगहरुबाट कम आयभएका गरीब र विपन्न वर्ग बढि संकटमा पर्नु, नयाँ रोगसँग जुध्न नसक्नु, आदि ।

### १.१.२ खतराको विश्लेषण

विभिन्न प्रकारका खतराहरुको प्रभावलाई निम्न प्रकारबाट विश्लेषण गर्नुपर्दछ । राम्रोसँग खतराहरुको विश्लेषण गर्न सकिएमा यसबाट हुने असर र प्रभावलाई कम गर्न सकिन्छ । यसको लागी तालीका १ प्रयोग गर्न सकिन्छ ।

**तालीका १: खतरा विश्लेषण फारम**

| खतरा | उत्पति | लक्षण | तत्कालिन लक्षण | शुरुवातको अवस्था | बारम्बारता | मौसम | अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

## १.२ जोखिम (Risk)

खतराको कारणबाट अनुमान वा आशा गरिएको संभावित क्षति नै जोखिम हो । जोखिमको विश्लेषणबाट मृत्यु हुन सक्ने व्यक्तिको संभावित संख्या, भत्कने घर संख्या, घाइते संख्या यकिन गर्नुको साथै खतराबाट आर्थिक, सामाजिक तथा जीविकोपार्जनमा कस्तो खालको संभावित असर पर्न सक्छ भनेर लेखाजोखा गर्न सकिन्छ ।

खतराको कारणबाट अनुमान तथा आशा गरिएको संभावित क्षति जोखिम हो । खतराको असरबाट हुनसक्ने संभावित क्षतिको अवस्था नै जोखिम हो । खतराको कारणले समुदायको संरचना वा भौगोलिक क्षेत्रलाई पार्नसक्ने सम्भावित क्षति वा अबरुद्ध गर्नसक्ने अवस्थालाई जोखिम भनिन्छ । जोखिमको प्रकृति र मात्रा, भौगोलिक अवस्था, संरचना तथा खतरा र यसको दुरिमा भर पर्दछ ।

## १.३ क्षमता (Capacity)

कुनैपनि ब्यक्ति, संस्था तथा समुदायसँग भएको स्रोत, साधन, गुण र समस्याको सामना गर्नसक्ने शक्तिलाई क्षमता भनिन्छ । बढि क्षमता भएमा प्रकोपको सामना गर्न, प्रकोपको पुर्व अवस्थामा पुग्न, प्रकोपको रोकथाम तथा न्यूनिकरणका लागि पनि सहयोग पुग्दछ ।

कुनै व्यक्ती, संस्था, समुदायसँग भएका सबल पक्ष जसले तिनिहरुलाई प्रकोपसँग सामना गर्ने शक्ति प्रदान गर्दछ, लाई क्षमता भनिन्छ ।

### १.३.१ क्षमताका प्रकारहरु

क्षमतालाई मुख्य रुपमा तीन भागमा बाँड्न सकिन्छ । ति हुन्:

- भौतिक र सामग्रीगतः यसभित्र पैसा, जमिन, सामाग्री, नौकरी, खाद्यान, आदि पर्दछन् ।
- सामाजिक र संगठनात्मकः यसभित्र संघ-संस्था, सामाजिक संरचना, परिवार, आदि पर्दछन् ।
- उत्प्रेरणागत र धारणागतः यसभित्र बिश्वास, धारणा, शक्ति आदि पर्दछन् ।

यस्ता प्रकारका क्षमताहरु बढी भएमा खतरा र जोखिमको असर र प्रभावलाई कम गरी संकटाभिमुख कम गर्न सकिन्छ ।

### १.३.२ क्षमताको पहिचान

संकटको समयमा ब्यक्ती, संस्था वा समुदायले कसरी संकटको सामना गर्दछ, कसरी संकटको असर र प्रभावसँग जुध्छ ? र प्रकोपबाट हुने क्षतिलाई कसरी न्युनीकरण गर्दछ भन्ने बिषयको अध्ययननै क्षमताको पहिचान हो ।

क्षमताको पहिचान प्रभावकारी गर्न सकिएमा खतरा, जोखिम र संकटाभिमुखको असर र प्रभावलाई कम गर्न सकिन्छ ।

## १.४ प्रकोप (Disaster)

जीवनको सामान्य तौर तरिकालाइ नराम्रोसँग अबरुद्ध पार्नेगरी अचानक आइपर्ने घटना प्रकोप हो । प्रकोपको समयमा मानिसहरुले धेरै कठिनाइहरुको सामना गर्नुपर्दछ । तसर्थ, प्रकोपको बेलामा उनीहरुलाई सुरक्षा, खाना, लत्ता कपडा, बास, औषधि जस्ता आधारभुत आवश्यकताहरु उपलब्ध गराउनु पर्दछ ।

समुदायको व्यवहारिक अवस्थामा अवरोध पु-याउँदै ठूलो मात्रामा जन, धन र वातावरणको क्षति गरी समुदायको क्षमता वा शक्तिलाइ कमजोर पार्ने अवस्था आउनु नै प्रकोप हुनु हो ।

### १.४.१ प्रकोप ब्यवस्थापन

प्रकोपको सामना गर्नको लागि गरिने प्रयासहरु तथा प्रकोपको प्रभावलाइ न्यून गर्नकालागि गरिने कार्यहरुलाई प्रकोप व्यवस्थापन भनिन्छ । यस अर्न्तगत प्रकोप आईसके पछि गरिने गतिबिधी र प्रकोप आउनु अघि गरिने गतिबिधीहरु जस्तैः पूर्वतयारी, रोकथाम, राहत, पुर्नःस्थापना र पुर्नःनिर्माण, आदि पर्दछन । यसका साथसाथै प्रकोप सम्बन्धि योजना, नीति, रणनिती र निर्देशिका बनाउने, आदि कामहरु पनि प्रकोप व्यवस्थापनले समेट्दछ ।

प्राय गरेर प्रकोप व्यवस्थापनमा निम्न विषयवस्तुहरुलाई संलग्न गरिएको हुन्छ ।

- पूर्वतयारी, रोकथाम, राहत, पुर्नःस्थापन र पुर्नःनिर्माण गर्ने ।
- शिक्षा, जनचेतना तथा वकालतका कार्यक्रम संचालन गर्ने ।
- तालिम तथा क्षमता अभिवृद्धिजस्ता गतिविधिहरु आयोजना गर्ने ।
- गरीबी तथा आर्थिक क्षतिको न्यूनिकरण गर्ने खालका कार्यक्रम लागु गर्ने ।

## १.५ संकटाभिमुख (Vulnerability)

संकटाभिमुख त्यस्तो अवस्था हो, जसबाट व्यक्ति र समुदाय खतरा र जोखिमको नजिक पुग्दछन् र त्यसको सामना गर्न आवश्यक शिप, अनुभव, स्रोत र साधन, क्षमता उनीहरुमा रहँदैन । खतरा र जोखिमको प्रभावबाट पर्ने नकारात्मक असरहरुलाई सहन गर्न नसक्नु वा सामना गर्न नसक्नु, र तुरुन्तै पुर्नस्थापित हुन नसक्नु आफैमा संकटाभिमुख हो । यसबाट ति वर्ग र

समुदायको जीवन, जीविकोपार्जन र पूँजी जोखिममा पर्छ र त्यस्ता नकारात्मक सवालहरुसँग लड्नको लागि समुदायको क्षमता पनि घटेर जान्छ ।

यो एउटा यस्तो प्रक्रिया हो जसले समुदाय र विभिन्न सरोकारवालालाई एउटा प्रक्रियामा संलग्न गरी उनीहरुको संकटाभिमुखको अवस्थालाई सुक्ष्म रुपमा जाँच गर्ने र उनीहरुलाई नै सशक्त गरी संकटाभिमुखलाई कम गर्न चाहिने आवश्यक रणनीति तय गर्न र कदमहरु चाल्न मद्दत गर्दछ ।

समुदायको स्रोत साधनमा पहुँच नहुनु, विपन्नता, अवसरवाट वञ्चित हुनु, अज्ञानता, असक्षमता, खाद्य असुरक्षा, परनिर्भरता, शारीरिक अशक्तता, कम आय, गास,बास,कपासको अभाव, भेदभाव, कुसंस्कार, मानसिक दरिद्रता, आधारभूत मानवअधिकार बाट वञ्चित, आदि अवस्थाले व्यक्ति, परिवार र समुदायको संकटाभिमुख वृद्धि हुँदै जान्छ । सामाजिक संरचना, सेवाका साधनहरु वा भौगोलिक क्षेत्र बिग्रने, अवरुद्धहुने कारणबाट पनि संकटाभिमुख बढ्दछ।

सामाजिक-आर्थिक क्षेत्रमा असमानता, स्रोत र साधनको कमी, लैगिंय विभेद, कमजोर शासन व्यवस्था, भू-राजनैतिक अवस्था, हक अधिकारको हनन, प्राकृतिक र मानवीय कार्यबाट खतरा उत्पन्न हुनु तथा जीविकोपार्जनमा ह्रास आउँदा उत्पन्न हुने अवस्था नै संकटाभिमुख हो ।

## १.६ खतरा र संकटाभिमुखताको पहिचान

कुनैपनि कार्यक्रमको तर्जुमा एवं कार्यान्वयनको लागि विभिन्न दृष्टिकोणबाट संकटाभिमुख एवं जोखिममा परेको वर्ग र समुदायको पहिचान हुनु आवश्यक छ । संकटाभिमुखको विश्लेषण गर्दा यसका अन्तरनीहित कारण जस्तैः विकासको पूर्वाधारमा कमी, ज्ञान, शीप र शिक्षाको कमी, आदिको लेखाजोखा गर्नुपर्दछ । यस किसिमको विश्लेषणबाट मात्र कुन वर्ग र तहका समुदायलाई के कति स्रोत र साधन उपलब्ध गराउने, कसरी उपलब्ध गराउने भन्ने बारेमा स्पष्ट हुन सकिन्छ ।

संकटाभिमुख बढ्नुमा गरीबी प्रमुख कारण हो । यसको कारणबाट गरीब तथा विपन्न समुदायका व्यक्तिहरु संकटग्रस्त क्षेत्र (खोलाको किनार, भिरालो पाखा, आदि) मा बस्न बाध्य हुन्छन् । यस्तो क्षेत्रमा बसोवास गर्ने व्यक्ति पानीजन्य खतराबाट बढि संकटाभिमुख हुन्छन् । विपन्न र पछाडी पारिएको वर्ग र समूह प्रकोपमा परेपछि झन् झन् गरीब हुँदै जान्छन् । बैकल्पिक स्थानको कमीले गर्दा पनि उनीहरु असुरक्षित ठाउँमा बस्न बाध्य हुन्छन्, जसले संकटाभिमुखको अवस्था सृजना गर्न मद्दत गर्दछ ।

## १.७ खतरा, संकटाभिमुख, जोखिम र प्रकोप

माथी चर्चा गरे बमोजिम खतरा, संकटाभिमुख, जोखिम र प्रकोपको बिचमा गहिरो अन्तरसम्बन्ध पाईन्छ । यी चार पक्षहरुमा एउटा पक्षले अर्को पक्षलाई प्रभाव पारिरहेको हुन्छ। यस अन्तरसम्बन्धलाई निम्न उदाहरणहरुबाट थप स्पष्ट पार्न सकिन्छ ।

- पहाडबाट खस्दै गरेको ढुङ्गा खतरा हो । यस्तो अवस्थामा पहाडको फेदीमा रहेका घर, मानिस तथा पशु संकटभिमुख हुन्छन् । संकटभिमुखमा रहेका घर, मानिस र पशुलाई ढुङ्गाले थिचेमा जनधनको क्षति हुन्छ जसलाई प्रकोप भनिन्छ । त्यो अवस्था नै जोखिम हो । तर ढुङ्गा हटाएमा जोखिम घट्छ, संकटाभिमुख कम हुन्छ र प्रकोपको जोखिम पनि कम हुन्छ ।

- बग्दै गरेको नदी खतरा हो । नदिको किनारमा रहेका घर र मानिस संकटभिमुख हुन्छन् । नदिमा ठूलो वाढी आएर धनजनको क्षति भयो भने प्रकोप भनिन्छ । नदिका किनारमा वसेका मानिस र घरको क्षति हुने अवस्था जोखिम हो । नदिमा बांघ वांधेर वा तटवन्ध लगाएर नदि किनारमा वसेका मानिस र घरहरुको संकटाभिमुख  र खतरा हटाएर जोखिम कम गर्न सकिन्छ । अथवा बाढीको समयमा सुरक्षित स्थानमा वसाइ सारेर पनि जोखिमको मात्रालाई कम गर्न सकिन्छ।

# पाठ २
# सहभागीमूलक संकटाभिमुख विश्लेषण

"सहभागीमूलक संकटाभिमुख विश्लेषण सजिलो विषयवस्तु पनि होइन र यसलाई सतही रुपमा गर्न सकिंदैन । हाम्रो समाजको संकटाभिमुखको अवस्था राम्रोसँग बुझ्न हाम्रो समाजका विभिन्न व्यक्ति, वर्ग र समूहको संकटाभिमुखको अवस्थाको लेखाजोखा गर्नुपर्ने रहेछ । किन सबैमा एकै किसिमको संकटाभिमुख हुँदैन भन्ने विषयवस्तु सबभन्दा महत्वपूर्ण हुँदो रहेछ । कुनैपनि विषयवस्तुलाई क्रमवद्ध रुपमा नकेलाई यसका विविध पक्षको समिक्षा गर्न गाह्रो छ । त्यसकारण व्यवहारिक पक्षको साथसाथै यसका सैद्धान्तिक पक्षको ज्ञान पनि त्यत्तिकै हुनु जरुरी छ"

- मेघनाथ अधिकारी, शिक्षक, जनकल्याण मा.वि., वागेश्वरी, बाँके

## २.१ सहभागीमूलक संकटाभिमुख विश्लेषण प्रक्रियाको ऐतिहासिक पृष्ठभूमी र प्रयोग

सन् २००० मा बेलायतको डोरसेटमा एक्सनएड इन्टरनेशनलले आयोजना गरेको गोष्ठिमा सहभागिमूलक संकटाभिमुख विश्लेषणलाई पहिलोपल्ट छलफलमा ल्याइएको थियो । सो गोष्ठिमा विकासका मुद्दा र खासगरी आकष्मिक सेवा पहुँचको सन्दर्भमा संकटाभिमुखको महत्वलाई आत्मसात गरिएको थियो । एब्ब को (डोरसेट) प्रतिवेदन २००२ मा प्राप्त भएको थियो । यसैगरी २००३ मा सहभागिमूलक संकटाभिमुख विश्लेषणको (मस्यौदा) निर्देशिका प्रयोगमा ल्याईएको थियो ।

सहभागीमूलक संकटाभिमुख विश्लेषणलाई विकासका विभिन्न क्षेत्रमा प्रयोग गर्न सकिन्छ । दक्षिण अफ्रिकाको मालवीमा सहभागिमूलक संकटाभिमुख विश्लेषणलाई एचआईभी र एड्सबाट संक्रमितहरुको संकटाभिमुख अवस्थाको विश्लेषणमा प्रयोग गरिएको थियो । आकष्मिक खतराबाट सिर्जित संकटाभिमुखको अवस्थालाई विश्लेषण गर्न जाम्वियामा यस विधिको प्रयोग गरिएको थियो । बाढी र साईक्लोनबाट हुने संकटाभिमुखको विश्लेषणमा सहभागिमूलक संकटाभिमुख विश्लेषणलाई बंगलादेशमा प्रयोग गरिएको थियो । पश्चिम युगाण्डामा सामाजिकद्वन्दपछिको अवस्थाबाट उत्पन्न संकटको विश्लेषण गर्ने क्रममा सहभागिमूलक संकटाभिमुख विश्लेषणलाई महत्वका साथ हेरिएको थियो । यसैगरी सिरियालोनमा द्वन्दपछिको अवस्था र खाद्य असुरक्षाबाट उत्पन्न संकटको विश्लेषणमा सहभागिमूलक संकटाभिमुख विश्लेषण प्रभावकारी भएको थियो । जातीय तथा सामाजिक द्वन्दको अवस्थाबाट सिर्जित संकटको विश्लेषणमा नाईजेरियामा यस विधिलाई प्रयोग गरिएको थियो ।

सन् २००४ मा सहभागीमूलक संकटाभिमुख विश्लेषणको मस्यौदा निर्देशिकालाई एक्सनएड र यसको साझेदार संस्थाहरुबीच व्यापक रुपमा छलफल गरिएको थियो । जसको फलस्वरुप सन् २००४ को जुन देखि सेप्टेम्बरसम्म रुपन्देहि जिल्लाको ५ वटा गा.वि.स. र एउटा नगरपालीकामा सहभागिमूलक संकटाभिमुख विश्लेषणको अवधारणा र साधन (त्ययाा) लाई पहिलोपल्ट प्रयोगमा ल्याइएको थियो । जुन २००५ मा भारतमा भएको सहभागिमूलक संकटाभिमुख विश्लेषणको कार्यशालामा भाग लिने कार्यबाट यसका विविध पक्षमा थप स्पष्ट हुन सहयोग भएको थियो ।

सुरक्षित नेट अभियानको लागि सन् २००४ मा सहभागिमूलक संकटाभिमुख विश्लेषण विधि प्रभावकारी रहेको थियो । सेफ्टी नेट क्याम्पेन अन्तर्गत रुपन्देही, चितवन र मकवानपुर जिल्लाहरुमा समुदायले बृहत बैठक मार्फत खतरा र संकटाभिमुख क्षेत्र र वर्गको पहिचान गर्न सक्षम भएका थिए । यस सहभागीमूलक संकटाभिमुख विश्लेषणको अध्ययनबाट प्राप्त सवाल र नतिजाहरुलाई सम्बन्धित जिल्लाका सरकारी, गैर सरकारी तथा निजी क्षेत्रका निकायका प्रतिनिधिहरुका बीचमा प्रस्तुति र व्यापक छलफल संभव भएको छ । यी जिल्लाका जिल्लास्तरीय सवालहरुलाई सुत्रवद्ध गरी राष्ट्रियस्तरमा विभिन्न संघसंस्थाहरु, राष्ट्रिय योजना आयोग, मन्त्रालय तथा विभागहरुको रोहवरमा प्रस्तुति र व्यापक अर्न्तकृया गरिएको छ ।

सन् २००५ मा सहभागिमूलक संकटाभिमुख विश्लेषणको अन्तिम निर्देशिका प्राप्त भएपछि सोही वर्षको नोभेम्बरमा चितवन, नेपालमा सहभागिमूलक संकटाभिमुख विश्लेषणको तालीमको आयोजना गरिएको थियो । काठमाण्डौ र बाँके जिल्लामा जिल्लास्तरका सरोकारवालाहरुमा सहभागिमूलक संकटाभिमुख विश्लेषणको बारेमा तालीम मार्फत सचेतना ल्याईएको थियो । एक्सनएड नेपालद्वारा संचालित डिपीको तेस्रो परियोजनाको आवश्यकता पहिचान गर्न सहभागिमूलक संकटाभिमुख विश्लेषणमहत्वपूर्ण औजार/साधनको रुपमा प्रयोग गरिएको थियो । समुदायको छनौट तथा रिफ्लेक्ट प्रक्रियामा पनि सहभागिमूलक संकटाभिमुख विश्लेषणको प्रयोग गर्ने गरिएको छ । जलवायु परिवर्तन सम्बन्धि बाँके, बर्दिया, कपिलबस्तु र अर्घाखाँचीमा सम्पन्न गरिएको अध्ययनको विधिको सिलसिलमा पनि सहभागिमूलक संकटाभिमुख विश्लेषणको विविध प्रयोग गरिएको छ । विद्यालयमा आधारित प्रकोप जोखिम न्युनिकरण परियोजनाका हरेक कृयाकलापहरुमा सहभागिमूलक संकटाभिमुख विश्लेषणको व्यापक रुपमा प्रयोग हुँदै आईरहेको छ ।

यसबाट के स्पष्ट हुन्छ भने सहभागीमूलक संकटाभिमुख विश्लेषणले समुदायस्तरमा उठान गरेका विविध सवालहरुलाई प्रभावकारी कार्यान्वयनको लागी जिल्ला, क्षेत्र र राष्ट्रिय तहमा समेत पैरवी/वकालत गर्न मद्दत पुऱ्याएको छ ।

## २.२ संकटाभिमुख सम्बन्धि विभिन्न परिभाषा तथा दृष्टिकोणहरु

संकटाभिमुखको बारेमा विभिन्न व्यक्ति तथा संघसंस्थाका फरक फरक भनाई तथा अवधारणाहरु रहेको पाईन्छ। केही तल चर्चा गरिएको छ।

**ब्ल्याकी र अन्य**

कुनै एउटा व्यक्ति, परिवार वा समूहको त्यस्तो विशेषता जसले खतराबाट उत्पन्न प्रभावलाई तत्कालीन रुपमा आत्मसात गर्न, न्यून गर्न वा पूर्वअवस्थामा फर्काउन अवरोध गर्छ भने त्यहीं अवस्था नै संकटाभिमुख हो।

**रोबर्ट च्याम्बर्स**

गरीबी जस्तै संकटाभिमुखतालाई कुनै सिद्धान्त, सूचक र विधिबाट ठ्याक्कै नाप्न र शुक्ष्म रुपमा लेखाजोखा गर्न सकिंदैन। किनकी यो विषयवस्तु असाध्यै जटिल छ, अमूर्त छ र परिवर्तनशिल पनि छ

**जेरेमी स्वीफ्ट**

संकटाभिमुखको व्यक्ति वा समूहको पूँजीसँग नजिकको सम्बन्ध हुन्छ, जसलाई पूँजीको संचय तथा पूँजीमा आउने ह्रासको अनुगमनबाट नाप्न सकिन्छ। काम चलाउने रणनीतिको रुपमा हरेक व्यक्ति, वर्ग वा समूहले पूँजीको संचय गर्ने गर्दछन्। जसले भविष्यमा उनीहरुलाई आफ्नो जिविका चलाउन सजिलो हुन्छ। तसर्थ पूँजीको कमी हुनु भनेको संकटाभिमुख बढ्नु हो।

**ब्रिटिस अन्तर्राष्ट्रिय सहयोग नियोग**

संकटाभिमुखको बारेमा बुझ्न दीगो जीविकोपार्जन को ढाँचालाई शुक्ष्म रुपमा अध्ययन गर्नुपर्दछ। व्यक्ति, वर्ग वा समूहको जीविकोपार्जन मा कुन कुन पूँजीहरुले प्रत्यक्ष रुपमा असर गर्दछन् र ति पूँजीहरुको बीचमा अन्तर्सम्बन्ध कस्तो छ भनेर लेखाजोखा गर्नुपर्दछ। यसका साथसाथै कुनै घटनाबाट सृजीत झट्का ९कजयअपक०, त्यसको प्रवाह ९तचभलम० र मौसम/समय ९कभबकयलबष्तिथ० लाई पनि विश्लेषणको बेला समिक्षा गर्नु पर्दछ।

## २.३ सहभागिमूलक संकटाभिमुख विश्लेषण

सहभागीमूलक संकटाभिमुख विश्लेषणमा छलफल गर्नुभन्दा पहिले सहभागीता, संकटाभिमुख र विश्लेषण शब्दावलीलाई छुट्टाछुट्टै रुपमा बुझ्नुपर्ने हुन्छ।

### २.३.१ सहभागिता (Participatory)

संकटाभिमुख तथा खतरामा पर्न सक्ने संभावना भएका समुदायहरु र सम्बन्धित सरकारी तथा गैर सरकारी निकायहरुको प्रत्यक्ष सहभागितामा संकटाभिमुखको विश्लेषण गर्नु पर्दछ ।

### २.३.२ संकटाभिमुख (Vulnerability)

खतरा र जोखीमसँग संकटाभिमुखको नजिकको सम्बन्ध हुन्छ । खतरा तथा जोखिम तर्फ उन्मुख अवस्थालाई संकटाभिमुख भनिन्छ । जव जव खतरा र जोखीमको परिस्थिति नियन्त्रण भन्दा बाहिर हुँदै जान्छ संकटाभिमुख पनि बढ्दै जान्छ ।

### २.३.३ विश्लेषण (Analysis)

समाजमा घटेका कुनै पनि घटना वा परिस्थितिको शुक्ष्म रुपमा अध्ययन गरी अब के हुन्छ ? किन हुन्छ ? कसरी हुन्छ ? त्यसले के असर पुऱ्याउँदछ ? र संभावित असरलाई कम गर्न के कस्ता कार्ययोजना बनाएर अघि बढ्न सकिन्छ ? भनेर विश्लेषण गर्नुपर्दछ ।

यसबाट के स्पष्ट हुन्छ भने सहभागिमूलक संकटाभिमुख विश्लेषण भनेको एउटा व्यवस्थित प्रक्रिया हो । यस प्रक्रियामा समुदायका व्यक्ति र सम्बन्धित सरोकारवालासँगै बसेर समुदायको संकटाभिमुखको गहिरो छलफल र लेखाजोखा मार्फत विश्लेषण गर्छन् । यसको साथै संकटाभिमुखको बारेमा कार्य गर्न समुदायलाई उत्प्रेरित तथा सशक्त बनाउँदछन् ।

यस्तो विश्लेषण प्रक्रियाबाट संकटाभिमुखको बारेमा बुझ्न, यसका अन्तरनिहित कारणहरुको बारेमा थाहा पाउन, सबभन्दा बढि संकटाभिमुख कुन व्यक्ति,वर्ग र समूह छन् भनेर समिक्षा गर्न, किन छन् भनेर जान्न र संकटाभिमुख कम गर्न चाल्नुपर्ने कदमहरुको बारेमा सहमत हुन समेत मद्दत पुग्दछ ।

संकटाभिमुखको प्रकृति अति जटिल र गतिशिल हुने हुनाले यसलाई सजिलै र स्वभाविक रुपमा विश्लेषण गर्न गाह्रो हुन्छ । त्यसकारणले पनि संकटाभिमुखताको विश्लेषण गर्दा विभिन्न अड्कल तथा पूर्वानुमानहरु अपनाउनु पर्ने हुन्छ । संकटाभिमुखको जटिलतालाई थप गहिराईमा बुझ्न विभिन्न प्रकारका हक अधिकारको अवस्थाको विश्लेषण गर्नुपर्ने हुन्छ । संकटाभिमुखतालाई विश्लेषण गर्न संख्यात्मक र गुणात्मक दुवै प्रक्रिया आवश्यक पर्दछ ।

संकटाभिमुखलाई असमान शक्ति र स्रोत वितरणको उपजको रुपमा पनि लिन सकिन्छ । यसको साथै असमावेशीकरण, पितृसतात्मक सोंच, कुशासन, विश्वव्यापिकरण, द्वन्द र प्रकोपले पनि संकटाभिमुखलाई विभिन्न पक्षबाट पृष्ठपोषण गरिरहेको हुन्छ ।

त्यसकारण संकटाभिमुखको बुझाईले व्यक्ति, वर्ग र समूहलाई संकटमा पर्न नदिन के गर्ने ? संकटबाट बच्न बैकल्पिक रुपमा के कस्ता थप कदमहरु चाल्न सकिन्छ ? भन्ने तर्फ सचेत गराई सो अनुरुपका कार्ययोजना कार्यान्वयन गर्ने तर्फ आकर्षित गराउँदछ । यसबाट संकटको बेलामा पनि मानवीय सुरक्षा, जीविकोपार्जनका साथै अन्य महत्वपूर्ण दैनिक जीवनका गतिविधिहरुलाई कसरी निरन्तरता दिनुपर्दछ भन्ने कुराको पनि बोध हुन्छ । यसले मानीसको आधारभूत हक अधिकार के हो ? यसको सुनिश्चितता कसले र कसरी गर्नु पर्दछ ? भन्ने बारेमा पनि थप जानकारी दिन मद्दत गर्दछ ।

**निम्न तत्वहरु खतराको असर फरक पार्नमा बढि जिम्मेवार हुन्छन् ।**

- वर्ग
- पेशा
- जातीय बनावट
- लिङ्ग
- शारीरिक अवस्था
- बसोबासको अवस्था
- सामाजिक संजाल
- संस्कार, संस्कृति
- सम्पन्नता स्तरीकरण, आदि

खतराले मानिसको जीवनमा पार्ने असर र त्यसको गहिराई, त्यस ठाउँको आर्थिक सामाजिक तथा भू-राजनैतिक प्रकृयाले निर्देशित गरेको हुन्छ । एकै किसिमको खतरा र प्रकोपले एउटै समुदायका विभिन्न व्यक्ति, वर्ग र समूहलाई पनि फरक फरक किसिमले असर पारेको हुन्छ ।

संकटाभिमुखको विश्लेषणबाट शक्ति असन्तुलनको अवस्थामा परिवर्तन गरी समाजका शक्तिहिन वर्गको पक्षमा वकालत गर्न पनि मद्दत पुग्दछ । यसले समाजमा बिद्यमान शक्तिहिनता, अधिकार बिहिनता र विभेदजन्य व्यवहारको लेखाजोखा गरी सो तर्फ काम गर्ने वातावरणको सृजना गर्दछ । यसबाट सामाजिक तथा प्राकृतिक स्रोत र साधनमाथीको पहुँच तथा नियन्त्रणको अवस्थामा सुधार ल्याई नागरिक अधिकारको बारेमा थप जानकारी दिन मद्दत पुऱ्याउँदछ ।

संकटाभिमुखको विश्लेषणबाट जनचेतना जगाउने काममा समेत सहयोग पुग्दछ । यसबाट सम्बन्धित सरकारी, गैह्र सरकारी तथा निजीक्षेत्रको बीचमा आवश्यक समन्वय र छलफल गरी संकटाभिमुखको विविध पक्षमा वकालत र पैरवी गर्न संभव हुन्छ ।

यस प्रक्रियाबाट सरोकारवाला विश्लेषण गर्न सकिन्छ । सम्बन्धित सरोकारवाला को को हुन् ? कस कसलाई विश्लेषणको प्रक्रियामा संलग्न गराउने ? कसरी संलग्न गराउने ? कुन अवस्थामा संलग्न गराउने ? संलग्न गराउँदा हुने फाईदाहरु के कस्ता हुन्छन् ? भन्ने समेतका विभिन्न पक्षमा छलफल गर्न सहयोग पुग्दछ । संभावित संकट कम गर्न कुन कुन संघसंस्थाको के कस्तो भूमिका र जिम्मेवारी महत्वपूर्ण हुन्छ भन्ने समेत यस प्रक्रियाबाट थाहा पाउन सकिन्छ ।

यदि हामीले संकटाभिमुखका शुक्ष्म कारणहरु हेऱ्यौं भने प्राय गरेर हक अधिकारको हनन्‌बाट उत्पन्न सृजीत अवस्था मुख्य रुपमा पाउँदछौं । यसमा पनि मुख्य रुपमा दुई प्रकारका कारणहरु प्रमुखरुपमा रहेका हुन्छन् ।

- घर परिवार र समुदायभित्रको शक्ति स्वरुप/संरचनाले पनि संकटाभिमुखलाई असर पारेको हुन्छ । प्राय गरेर घरमुली, समुदायको प्रमुख अगुवा, धार्मिक गुरु र अन्य पहुँचवाला व्यक्तिहरुले अरुको आधारभूत हक अधिकारलाई ठाडो उल्लंघन गरेर थप संकटाभिमुख सृजना गरेको पाइन्छ ।
- यसको साथै प्राय समुदायदेखि बाहिरका व्यक्ति वा समूहले पनि विभिन्न माध्यमबाट संकटाभिमुखको मात्रा बढाउन मद्दत गरेका हुन्छन् । यो माध्यममा प्राय गरेर बजार संयन्त्र, प्रशासनिक संरचना/स्वरुप, सूचना, संचार, प्रविधि, आदि पर्दछन् ।

यसरी खतरा र जोखिमको प्रभावबाट पर्ने नकारात्मक असरहरुलाई सहन गर्न नसक्नु वा सामना गर्न नसक्नु र तुरुन्तै पुर्नस्थापित हुन नसक्नु आफैंमा संकटाभिमुख हो । स्रोत र साधनमा पहुँच नहुनु, विपन्नता, अवसरबाट बन्चित हुनु, अज्ञानता, असक्षमता, खाद्य असुरक्षा, परनिर्भरता, शारिरिक अशक्तता, कम आय, सामाजिक भेदभाव, आदिबाट संकटाभिमुख बढ्दै जान्छ ।

विभिन्न किसिमका अध्ययनबाट के स्पष्ट भएको छ भने थोरै साधन र स्रोत हुने समुदायका व्यक्ति, वर्ग वा समूहहरु सम्पन्न समुदायको दाँजोमा बढि संकटाभिमुख हुन्छन् । त्यसमा पनि सुकुम्वासीहरु बढि संकटाभिमुख हुन्छन् । सामाजिक र राजनैतिक दृष्टिकोणबाट अत्यन्त न्यून स्थितिमा रहेका समुदायका व्यक्तिहरु संगठीत वर्गभन्दा बढि पिडित हुन्छन् । सामाजिक र संस्थागत क्षेत्रका विद्यमान समस्याहरुले संकटाभिमुख बढाउन मद्दत पुग्दछ । यसको साथै अरुलाई प्रभाव पार्ने क्षमता भएका व्यक्ति र आशावादी मान्छेहरु अरुको तुलनामा कम संकटमा हुन्छन् । सामाजिक ह्रास, वातावरणीय ह्रास जस्ता सामाजिक आर्थिक कारणबाट पनि संकटाभिमुख बढ्दै जान्छ ।

असामाजिक तथा कमजोर संगठानिक अवस्थाले पनि संकट बढाउने कुरामा सहयोग पुऱ्याउँदछ। असमान स्रोत र साधनको वितरणबाट समाजभित्र रहेका विभिन्न वर्गको बीचको खाडल झन् झन् फराकिलो हुन्छ जसले गर्दा संकटाभिमुख पनि बढ्दै जान्छ । जब व्यक्तिहरु विभिन्न समस्याबाट ग्रसित हुन्छन्, उनीहरुको बाँच्ने उत्प्रेरणा पनि क्रमश कम हुँदै जान्छ । आशा, भरोसा र चाहाना पनि विभिन्न परिस्थितिको उपजबाट कम हुँदै जान्छ । जसको कारणबाट उनीहरुमा समस्यासँग जुध्ने क्षमता पनि कम हुँदै जान्छ । फलस्वरुप त्यस्तो वर्ग बढी संकटग्रस्त हुन्छन् ।

## २.४ सहभागिमूलक संकटाभिमुख विश्लेषणका मुख्य सिद्धान्तहरु

सहभागीमूलक संकटाभिमुख विश्लेषणका प्रमुख सिद्धान्तहरु निम्न रुपमा चर्चा गरिएको छ ।

- सहभागिमूलक पद्दतिबाट सवैभन्दा संकटमा परेको व्यक्ति, वर्ग तथा समूहको पहिचान गर्नुपर्छ ।
- समुदायले बर्तमान तथा भविष्यमा भोग्नुपर्ने समस्याको समाधानका उपायहरु निकाल्नको लागि यस प्रक्रियामा गरिव तथा पछाडि पारिएका व्यक्ति, वर्ग र समुदायको सहभागिता हुनु पर्छ ।
- सहभागिमूलक संकटाभिमुख विश्लेषण साध्य होइन । यसले समुदायको सर्वोपरी हितकोलागि काम गर्न सहयोग पुऱ्याउँदछ ।
- यो अधिकारमुखी विकास पद्दतिको अवधारणामा आधारित छ ।
- कतिपय अवस्थामा संकटाभिमुखका स्रोत र साधनहरु समुदायको पहुँच र नियन्त्रणभन्दा बाहिर हुने भएकोले यसकालागि बहुआयमिक प्रक्रियाहरु अपनाउनु पर्दछ । यसले म्याक्रो र माइक्रो दुवै स्तरको विश्लेषण हुनु पर्दछ भन्ने मान्यता राख्दछ ।
- यसले खतरा र जोखिमलाई मात्र नहेरी सामाजिक, राजनैतिक, सांस्कृतिक, भौगोलिक, लिंगिय तथा आर्थिक निर्धारक तत्वलाई पनि ध्यान दिनु पर्छ भन्ने सिद्धान्तलाई अबलम्वन गर्दछ ।
- समुदायका कुन कुन व्यक्ति, वर्ग र समूहहरु कुन कुन समस्याबाट ग्रसित छन् ? ति समस्यालाई के गर्न सकेको खण्डमा हल गर्न सकिन्छ ? सो को बारेमा समुदायलाई बढि थाहा हुन्छ । तसर्थ त्यो वर्ग र समूहलाई विश्लेषण प्रक्रियामा केन्द्रमा राख्नुपर्दछ ।
- विश्लेषण पश्चातको कार्ययोजना अल्पकालिन तथा दिर्घकालिन दुवै पक्षलाई समेट्ने गरी बनाईनुपर्दछ ।
- सूचनाको संकलन र विश्लेषण पनि समुदायकै अगुवाईमा गर्नु पर्दछ । बाहिरीयाहरुले यस प्रक्रियामा सहजीकरण मात्र काम गर्न सक्छन् । विश्लेषणको आधारमा स्थानीय वर्ग र तहका व्यक्ति र समूहको सक्रिय सहभागीतामा कार्ययोजना बनाई उक्त वर्ग र सम्बन्धित सरोकारवालाहरुको प्रत्यक्ष सहभागीतामा कार्ययोजनालाई कार्यान्वयन गर्नुपर्दछ ।

## २.५ संकटाभिमुख बारेका वर्तमान विचार र सिद्धान्तहरु

प्राविधिक र वैज्ञानिक समाधानको लागी प्रकृति नै मुख्य बाहक हो भन्ने अवधारणालाई आत्मसात गर्ने समूह, संस्था वा निकायको विचारमा संकटाभिमुखको प्रमुख स्रोत/कारण नै प्रकृति र प्राकृतिक खतरा हो, जो बाह्य प्रकोपको वारम्वारता, परिमाण र अवधिमा भर पर्दछ । संकटाभिमुख जहिले पनि बारम्बार आईरहने खतरा र सम्भाव्य जोखिमहरुको परिणाम हो । यदि संकटाभिमुखलाई न्यूनीकरण गर्ने हो भने खतराको भविष्यवाणी गर्ने संयन्त्रको विकास गरिनुपर्दछ । यसको साथै प्रकोपबाट मानव सृजित पुर्वाधार र भौतिक संरचनामा आइपर्ने

नकारात्मक प्रभावलाई कम गर्न आवश्यक प्रविधिको विकास र प्रयोग गर्नु पर्दछ । यस्ता प्रविधि भित्र खास गरेर भूकम्पीय मापनको अनुगमन गर्ने, मौसमको भविष्यवाणी गर्ने, सुख्खा र आगलागीको अनुगमन गर्ने, पानीको रोकथाम गर्ने प्रणाली, भवन निर्माण आचारसंहिता, आदि पर्ने गर्दछन् । यस्तो प्रविधिहरुको प्रभावकारी प्रयोगबाट संकटाभिमुखको असर र प्रभावलाई कम गर्न सकिन्छ ।

प्राकृतिक प्रकोपबाट उत्पन्न संकट न्यूनिकरणको लागि सरकार, संयुक्त राष्ट्रसंघ, विश्वको वैज्ञानिक र प्राविधिक समूह, स्वंयसेवक, संघसंस्थाहरु, शिक्षासँग सम्बन्धित संघसंस्था, नीजी क्षेत्र, संचार, प्रेस र सबैभन्दा प्रमुख खतरा र जोखिमबाट प्रभावित वर्ग, समूह, तहका व्यक्ति/समूह र समुदायको  बीचमा साझेदारीता, सहकार्य र समन्वय हुनु जरुरी छ । यसको लागी संकटाभिमुख विश्लेषणले सहयोग पुऱ्याउँदछ । यसो भएमा संकटाभिमुख कम गर्न सकिन्छ । (UNIDNDR, १९९२)

यदी हामीले प्रकोपको असरलाई रोकथाम तथा नियन्त्रण गर्ने हो भने संकटाभिमुखको विविध पक्षहरुको समिक्षा र अध्ययन गर्नु जरुरी छ । यसो गर्न सकिएमा प्रकोपबाट सिर्जित नकारात्मक अवस्थाको न्यूनीकरण समयमै प्रभावकारी रणनीति माध्यमबाट गर्न सकिन्छ । ( एण्डरसन, १९९५)

संकटाभिमुख विश्लेषणको लागी गरीब, विपन्न, पछाडि पारिएका व्यक्ति/संकटाभिमुख समुदायलाई अग्रपंक्तिमा राख्नु पर्दछ । यो वर्ग, खतरा र जोखिमको जहिले पनि नजिकमा हुन्छ । यसको लागी शक्ति सम्बन्धको पनि विश्लेषण गर्नुपर्दछ । स्थानीय समुदायको धारणा पनि यस प्रक्रियामा महत्वपूर्ण हुन्छ । (हेइजमानस, २००१)

संकटाभिमुखको सम्बन्ध शक्ति र राजनीतिसँग नजिकको हुन्छ । यसको लागी सामाजिक र राजनैतिक विश्लेषण महत्वपूर्ण हुन्छ । (बेन्डर, १९९९)

हेइजमानस (२००१) को विचारमा संकटाभिमुखको विश्लेषणमा निम्न पक्षलाई ध्यान दिनुपर्छ ।

- समुदाय कसरी बारम्बार रुपमा प्रकोप पिडीत हुन्छन् ?
- उनीहरुको विचार र संकटाभिमुखलाई आत्मसात गर्ने तौरतरीका के कस्तो छ ?
- प्रकोपसँग सम्बन्धित नीति, नियम, रणनीतिहरुको बारेमा स्थानीय व्यक्तिहरुको धारणा र सोंच कस्तो रहने गर्दछ ?
- संकटाभिमुख तथा राजनैतिक शक्ति सन्तुलनलाई आत्मसात नगर्ने हो भने प्रकोप जोखिम न्यूनीकरण प्राय असंभव हुन्छ भन्ने बारेमा समुदायको बुझाई के कस्तो रहेको छ ?

- प्राय स्थानीय व्यक्तिको चाहना, ज्ञान, शीप, धारणा, वर्तमानमा भएका नीति नियमसँग मेल नखाने किसिमका हुन्छन् जसले गर्दा कार्यान्वयनमा समस्या आउँछ, यस सम्बन्धि संकटाभिमुख विश्लेषण गरिने समुदायको के कस्तो सोंच रहने गरेको छ ?
- यसभन्दा अघि संकटाभिमुख न्यूनीकरणको लागी त्यो वर्गको चाहाना र आवश्यकतालाई महत्वकासाथ हेरिने गरिएको छ कि छैन ?

जोखिमयुक्त क्षेत्रम बसोबास गर्ने समुदायले जोखिमसँग सामना गर्ने रणनीतिहरु स्थानीय ज्ञान, क्षमता, शीप, प्रविधिको आधारमा बनाई सोही अनुरुपको कार्य गर्नु पर्दछ । यस्ता अनुकुल रणनीतिहरु संस्कार, संस्कृति र रहनसहनमा बढि भर पर्ने किसिमको हुन्छन् (बलोलङ, १९९६: १५) । जब खतरा आउँछ, तत्कालै समुदायले आ-आफ्नो ज्ञान, शीप र अनुभवको आधारमा खतराको सामना गर्ने गर्दछन् । बाह्य सहयोगको उपेक्षा त्यतिबेला हुन्छ जब अवस्था उनीहरुको पहुँच र नियन्त्रण भन्दा बाहिर हुन्छ । यस्ता विविध धारणामा समुदायको सोंच के कस्तो छ सो को समिक्षा गर्नुपर्दछ (गौतम २००४, २००६, २००७) ।

समाजको यस्तो ज्ञान, स्थानीय प्रविधि, अनुभव र शीप बाहीरी संस्थाहरुको अनावश्यक प्रभावले क्रमश क्षयीकरण हुँदै गईरहेको हुन्छ । राजनैतिक संरचना र विश्वव्यापी आर्थिक प्रक्रियाले गर्दा समुदायका अनुकुलन रणनीतिहरु क्रमश कमजोर हुँदै गईरहेका छन् । जसले गर्दा संकटाभिमुख बढ्दै छ र त्यसमा पनि प्राप्त स्रोत र साधनको समतापूर्ण र न्याय संगत रुपमा बाँडफाँड गर्न सकिएको छैन । (ब्याकी र अन्य, १९९४: २४, गौतम र अन्य, २००७)

## २.६ संकटाभिमुखको प्रकार

मुख्य गरेर संकटाभिमुखलाई तीन भागमा बाँड्न सकिन्छ ।

### २.६.१ भौतिक तथा सामग्रीगत संकटाभिमुख

निम्न विशेषताहरु यस प्रकारको संकटाभिमुख भित्र पर्दछन् ।

- खतराको नजिक रहेका घर बासस्थान, खेतीयोग्य जमिन, पूर्वाधार र आधारभूत सेवाहरु कमजोर अवस्थामा हुनु
- उत्पादनका साधनहरुको उपभोग र नियन्त्रणमा पहुँच नहुनु (जग्गा जमीन, खेतीबाट आएको उब्जनी, जनावर, पूँजी, आदिमा)
- ऋण लिने कुरामा साहु महाजनप्रति निर्भर हुनु, समुदायमा बैकल्पिक वित्तिय सेवा प्रभावकारी नहुनु
- आर्थिक अवस्था कमजोर भएका अवस्थामा पनि सहायता गर्ने संयन्त्रको अभाव हुनु, भएको संयन्त्रको सेवा पनि भरपर्दो र प्रभावकारी नहुनु
- खाद्यान्न अभावको दयनीय अवस्था लगातार रुपमा रहनु
- प्रर्याप्त सीप र शिक्षाको अभावले रोजगारीका विकल्पहरु साँघुरो हुनु

- उच्च मृत्युदर, कुपोषण, रोगले वारम्वार आक्रमणले स्वास्थ्यको स्थिति दिनप्रतिदिन बिग्रदै जानु
- प्राकृतिक साधन र स्रोत माथी प्रर्याप्त रुपमा पहुँच र नियन्त्रण नहुनु
- आधारभूत सेवाहरु जस्तैः शिक्षा, स्वास्थ्य, स्वच्छ खानेपानी, बाटोहरु, विद्युत, सञ्चारको अभाव हुनु
- समाज आन्तरिक द्वन्द वा युद्धहरुतर्फ उन्मुख हुनु, युद्धमा फस्नु, आदि

## २.६.२ सामाजिक र संगठनात्मक संकटाभिमुखता

यस प्रकारको संकटाभिमुखता भित्र निम्न तत्वहरु पर्दछन् ।

- परिवार, पारिवारिक संगठन, एकता, भाईचारा र सहिष्णुता कमजोर हुनु
- समस्या समाधानका लागी नेतृत्व कमजोर हुनु, संगठनात्मक स्वरुपको अभाव रहनु
- अपारदर्शी, अप्रजातान्त्रिक र अप्रभावकारी निर्णय प्रक्रिया हुनु
- सामुदायिक काममा समान सहभागिता नजुट्नु
- समाज अफवाह, विभाजन, द्वन्द, अविश्वास, जातीय विभेदबाट ग्रसित हुनु
- सामाजिक न्यायको सिद्धान्त कमजोर हुनु, राजनैतिक स्रोत र साधनमा पहुँच नहुनु
- सरकारी संयन्त्रबाट चाहेजति सेवा र सुविधा पाउन नसक्नु
- एकलकाटे हुनु, समन्वय र संजाल कमजोर हुनु

## २.६.३ उत्प्रेरणागत र धारणागत


यस प्रकारको संकटाभिमुखता भित्र निम्न तत्वहरु पर्दछन् ।

- समाज परिवर्तनप्रति नकारात्मक धारणा रहनु
- निस्कृयता, भाग्यवादी, निराशावादि, परनिर्भरता जस्ता नकरात्मक सोंच बढ्नु
- सकारात्मक विकल्पहरुमा चासोको अभाव हुनु
- एकता, सहयोगको भावना कमजोर हुँदै जानु
- खतरा र यसका कारण, असरको बारेमा समयमै विश्लेषण गरी कार्ययोजना मार्फत अघि बढ्न नसक्नु
- आन्तरिक स्रोत र साधन परिचालन गर्ने भन्दा पनि वाह्य सहयोगमा निर्भर हुनु, विकल्प नहेर्नु, आदि ।

## २.७ संकटाभिमुखताका फरकता

संकटाभिमुखको प्रकार पनि विभिन्न समुदाय पिच्छे फरकै हुन्छ । विद्यालयमा आधारित प्रकोप जोखिम न्यूनीकरण परियोजना अर्न्तगत बाँकेको मटेहिया र बागेश्वरीमा गरिएको सहभागीमूलक संकटाभिमुख विश्लेषण अभ्यासबाट निम्न लिखित संकटाभिमुखको प्रकारहरु पाईएको छ । जसलाई बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

### २.७.१ सामाजिक संकटाभिमुख




- शारीरिक रुपमा अशक्त, बाल श्रम, मानव बेच बिखन जस्ता परिपाटी विद्यमान हुनु
- दाईजो प्रथा, जुवा तास तथा मदिरा सेवन गर्नु
- जातीय छुवाछुत, घरेलु हिंसाका घटना बढ्नु
- सामाजिक झै-झगडा, बोक्सी प्रथा जस्ता प्रथा विद्यमान हुनु
- जातीय, वर्गीय, लैंगीक भेदभाव हुनु, कमजोर सामाजिक एकता कायम हुनु

### २.७.२ लैंगीय संकटाभिमुख

- महिलाहरुको हिंडडुल तथा अध्ययन भ्रमणमा कमी हुनु
- छोरालाई छोरी भन्दा बढी महत्व दिनु
- पारिवारिक निर्णय प्रक्रियामा महिलाहरुलाई कम सहभागी बनाईनु
- बाल विवाहलाई अझै पनि चलनचल्तीमा ल्याउनु
- समान प्रकृतिका काममा पनि महिलाले कम ज्याला पाउनु
- घरभित्र र बाहिरको काममा महिलाको कार्यबोझ अधिक हुनु

### २.७.३ राजनितीक संकटाभिमुख

- ठिक समयभित्र ठिक प्रकारले सामाजिक न्याय नपाउनु
- स्रोत र साधानको असमान वितरण हुनु
- स्रोत र साधनमा पहुँच र नियन्त्रण नहुनु
- निर्णय प्रक्रिया निष्पक्ष नहुनु, अपारदर्शी हुनु
- बाह्य स्रोत र साधनको परिचालन गर्न नसक्नु
- आन्तरिक स्रोतको राम्रोसँग व्यवस्थापन र परिचालन गर्न नसक्नु

### २.७.४ भौतिक संकटाभिमुख

- स्कुल तथा घरको नजिक अग्ला रुखहरु हुनु

- काठको विद्युतीय खम्बाहरु प्रयोग गर्दा विद्युतीय खतराहरु बढ्नु
- खहरे खोलाहरुमा पुलको व्यवस्था नहुनु
- साँगुरो र घनाबस्ती हुनु
- बाटोघाटोको असुविधा हुनु
- प्राकृतिक स्रोत र साधनमा कमी हुनु

## २.७.५ आर्थिक संकटाभिमुख

- ज्ञान तथा शीपको अभाव हुनु
- गाँउ भित्रै गैर कृषि क्षेत्रमा रोजगारीमा कमी हुनु
- जीविकोपार्जनको स्रोत बढि कृषिमा निर्भर हुनु
- आय आर्जनका बैकल्पिक स्रोतमा कमी हुनु
- जमीनको असमान वितरण हुनु
- बजारको व्यवस्था प्रर्याप्त नहुनु
- चर्को व्याजदरमा ऋण लिनुपर्ने बाध्यता हुनु

## २.७.६ वातावरणीय संकटाभिमुख

- चर्पीको प्रयाप्त व्यवस्था नहुनु
- खुल्ला स्थानमा दिसा पिसाब गर्ने परिपाटी हुनु
- घनाबस्तीले गर्दा ढलको प्रर्याप्त व्यवस्था नहुनु
- आर्सेनिक भएको खानेपानीको प्रयोग गर्नुपर्ने बाध्यता हुनु
- बनजंगलको व्यवस्थापन राम्रोसँग गर्न नसक्नु
- कृर्षि योग्य भूमिको अव्यवस्थित तरिकाबाट प्रयोग हुनु
- मरेका पशुहरुको उचित व्यवस्थापन गर्न नसक्नु

## २.७.७ स्वास्थ्य संकटाभिमुख

- स्वास्थ्य चौकीहरुमा आवश्यक औषधीहरुको कमी हुनु
- स्वास्थ्य चौकीहरुमा प्रर्याप्त उपकरण नहुनु
- महिला स्वास्थ्य कार्यकर्ताहरुको कमी हुनु
- स्वास्थ्य शिक्षामा कम सचेत हुनु
- स्वास्थ्य कार्यकर्ताहरुमा प्रयाप्त शीप नहुनु
- धामी, झाँक्री, बोक्सीमा प्रथामा विश्वास गर्नु
- घर र गाउँभित्रको सरसफाईमा कमी हुनु
- सरुवा रोगहरुको प्रकोप बढ्नु

## २.७.८ शैक्षिक संकटाभिमुख

- विद्यालयमा अध्ययन बाहेक अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्न नसक्नु
- विद्यालयको आन्तरिक स्रोतमा कमी हुनु
- राम्रो शैक्षिक अवस्थाको लागि अभिभावक तयार नहुनु
- विद्यालय व्यवस्थापन समिति, शिक्षक र अभिभावक बीच राम्रो सम्बन्ध नहुनु
- शिक्षक र विद्यार्थीको अनुपात नमिल्नु
- विद्यार्थीको अनुपातमा भौतिक संरचना विद्यमान नहुनु

### २.७.९ कृषि संकटाभिमुख

- बजार व्यवस्थापन सम्बन्धि ज्ञानमा कमी हुनु
- कृषि र पशु सेवा केन्द्रबाट प्रायप्त सेवा नपाउनु
- खेतीपातीमा रोग लाग्ने क्रम बढ्नु
- सिचाईको प्रर्याप्त व्यवस्था नहुनु
- जग्गाको राम्रो उपयोग गर्न नसक्नु
- जलबायु परिवर्तनको कारण उत्पादनमा क्रमिक रुपमा कमी आउनु
- रासायनिक मल र बिषादीको अत्याधिक प्रयोग गर्नु

### २.७.१० संस्थागत संकटाभिमुख

- समाजभित्रका संघ र संगठनमा कमजोर नेतृत्व हुनु
- निर्णय प्रक्रिया पारदर्शी नहुनु
- अप्रर्याप्त स्रोत र साधन नहुनु
- संघसंस्थाको कमजोर सुशासन हुनु
- राजनैतिक उतारचढावले संघसंस्थाहरु प्रभावित हुनु
- स्रोतको बाँडफाँडमा सामाजिक न्यायको पद्दति अपनाउन नसक्नु

## २.८ संकटाभिमुखलाई प्रभाव पार्ने तत्वहरु

संकटाभिमुखलाई प्रभाव पार्ने तत्वहरु विभिन्न प्रकारका हुन्छन् । यी तत्वहरु पनि समाजका व्यक्ति, वर्ग र समूहपिच्छे फरक फरक पाइन्छ । यहाँ केही तत्वको बारेमा चर्चा गरिएको छ।

- व्यक्तिसँग भएको पूँजी (परिवार, संस्था र कानूनी रुपमा आर्जीत रहेको पूँजीहरु)
- समाजमा भएका सांस्कृतिक मूल्य र मान्यता
- बैकल्पिक आयआर्जनका स्रोतहरु
- पूर्वअवस्थामा फर्कनका लागि संभावित विकल्पहरुको खोजीको स्वरुप
- अत्याधिक बसाई सराई (स्थायी, अस्थायी, मौसमी, आदि)
- गतिशिलता
- सरकारी र अन्य संघसंस्थाहरुले अपनाएका नीति, रणनीति तथा तौरतरिकाहरु
- भौगोलिक अवस्था/बसोवासको स्वरुप

- आधारभूत सेवामा पहुँच र नियन्त्रण
- परिवारको आकार (उमेर, क्षमता)
- शिक्षाको तह
- सूचना/जानकारी/सञ्चारको सेवा
- प्राकृतिक स्रोत र साधनमा पहुँच तथा नियन्त्रण
- जीविकोपार्जनको अवस्था
- लैङ्गिक विभेदको अवस्था
- निर्णय प्रक्रियामा सहभागिता
- स्वास्थ्य स्थिति
- रोजगारको साधन र स्रोत
- सामाजिक सम्बन्ध, भाइचारा, छिमेकीपन
- जल, जमीन र जंगल जस्ता प्राकृतिक स्रोत

## २.९ संकटाभिमुखको कारणहरु

स्रोत साधनमा पहुँच नपुग्नु, विपन्नता, अवसरवाट वञ्चित हुनु, अज्ञानता, असक्षमता, खान धौधौ पर्ने अवस्था, परनिर्भरता, शारीरिक अशक्तता, कम आय, गास,बास,कपासको अभाव, भेदभाव बाट पीडित कुसंस्कारले पीडित मानसिक दरिद्रता, मानवअधिकारबाट वञ्चित हुने जस्तो अवस्थाबाट गरीबी सृजना हुने गर्दछ । संकटाभिमुखको थुप्रै कारणहरु मध्ये गरीबी प्रमुख कारण हो । विभिन्न प्रकारका गरीबीहरुबाट विभिन्न किसिमको संकटाभिमुख सृजना हुने गर्दछ ।

### २.९.१ आर्थिक गरीबीको (Income Poverty)

कम उत्पादन, आयआर्जनका अवसरको कमी, कुपोषण, खाद्य असुरक्षा, वित्तीय संघ/संस्था आदिमा पहुँच नपुग्नु, बेरोजगारी, लगानीका अवसर नहुनु जस्ता कुराहरू आर्थिक गरीबीभित्र पर्दछन् । यसैगरी गास, बास र कपासको न्यूनतम आवश्यकतासमेत पूरा हुन नसक्ने अवस्थासमेत यस वर्गको गरीबीभित्र राखेर हेर्न सकिन्छ । नेपालका ग्रामीण भेगका अधिकांश समुदाय यस किसिमको गरीबीका शिकार भएका छन् ।

ग्रामीण क्षेत्रमा अधिकांश समुदाय कृषिमा आधारित आयस्रोत भएका परिवार रहने भएकाले यस क्षेत्रको गरीबीलाई भूमिसँग पनि जोडेर हेर्न सकिन्छ । गरीबसँग कम उत्पादकत्व भएको कमसल खालको जमिन र त्यो पनि थौरै मात्रमा हुनु, निर्वाहमुखी खेती प्रणाली, कम आयस्तर, लगानी गर्ने क्षमताको कमीका कारण आर्थिक गरीबी सिर्जना भएर यसको कुचक्रमा ३८ प्रतिशतभन्दा बढी जनसंख्या पीडित भइरहेको देखिएको छ । यी सम्पूर्ण पक्षहरुले गर्दा समुदायको संकटाभिमुखको अवस्था पनि झन झन वृद्धि हुँदै गईरहेको छ ।

### २.९.२ मानवीय गरीबी (Human Poverty)

शारिरीक अशक्तता, निर्णय क्षमताको कमी, उद्यम संचालन तथा बजार व्यवस्थापन गर्न नसक्नु, आफ्ना अधिकारप्रति समेत अनभिज्ञता, निरिहता तथा आफ्ना कुरा आवश्यक ठाउँमा व्यक्त गर्न नसक्ने, हीनताबोध, चेतनाको कमी, रोगी तथा अशक्तता मानवीय गरीबीभित्र पर्दछन् ।

नेपालका अधिकांश महिला, दलित, अल्पसंख्यक जनजाति, जातजाती तथा ग्रामीण क्षेत्रका अधिकांश जनता यस प्रकारको गरीबीको चपेटामा परेका छन् । समाजमा चलनचल्तीमा रहेका लिंग, भाषा, जाति, जनजाति, धर्म, भौगोलिक क्षेत्र, आदिमा आधारित भेदभावजन्य मान्यता, संस्कार, विश्वास आदिका कारणबाट पछाडि पर्न बाध्य पारिएका दलित, जनजाति तथा महिला नै सबैभन्दा बढी यस कोटीका गरीबीको पीडामा परेकाछन् ।

राष्ट्रिय योजना आयोगका अनुसार नेपालमा दलित परिवार, महिला घरमूली भएका परिवार, समस्त महिला वर्ग त्यसमा पनि हिमाली र दुर्गम भेगका महिला गरीबी र पछौटेपनको बढी शिकार भएका छन् । जसले गर्दा यी वर्ग तथा समूहको संकटाभिमुख पनि बढ्दै गईरहेको छ ।

## २.९.३ संरचनागत गरीबी (Structural Poverty)

सामाजिक संरचना तथा सरकारी तवरमा तर्जुमा गरिएका नीति, नियम, कानूनका कारणले समाजका कुनै खास वर्ग, जात तथा समूहलाई पर्न गएको नकारात्मक असरबाट सिर्जित गरीबीलाई यस प्रकारमा राख्न सकिन्छ । त्यस्तै छुवाछुत, लैंगीय, जातीय, भौगोलिक, भाषागत भेदभावका कारण अधिकांश महिला, दलित, अल्पसंख्यक जातजातिका व्यक्ति विकासको मूल प्रवाहबाट बाहिरिएका मात्र होइनन्, यसको परिणामस्वरुप उनीहरु आधारभूत स्वास्थ्य, शिक्षा, रोजगारी तथा खाना खानसमेतबाट वञ्चित हुन पुगेका छन् ।

यसैगरी दलित तथा अल्पसंख्यक जातजातिका व्यक्तिले जीवनयापनका लागि आधारभूत तत्वहरू जस्तै : खाना, कपडा तथा आवाससमेतको जोहो गर्न नसक्ने अवस्थाबाट गुज्रिनु परेको छ । अझ भन्ने हो भने विगतका द्वन्दग्रस्त अवस्थाबाट समेत त्यस्तै परिवार अत्यन्तै जोखिममा परेका छन् । यसले त्यस्ता समूहका परिवारको अस्तित्व नै संकटमा परेको छ । जसको फलस्वरुप उनीहरुको संकटाभिमुख पनि बढ्दै गईरहेको छ ।

गरीबी भन्नाले महिला, पुरुष, बालकालीकाहरुको आत्मसम्मानपूर्वक बाच्न पाउने अधिकार खोसिएर सिर्जना भएको आर्थिक, सामाजिक तथा राजनीतिक अवस्था हो । जनताको गरीबी सिर्जना गर्ने र भित्रसम्म छेड्दै लैजान प्रमुख कारक तत्व “सामाजिक अन्याय” हो, जुन कुरा समाजमा मानवको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको हननबाट बढेर गएको हुन्छ ।

यस्तो अवस्थामा सिर्जित असमान शक्ति सम्बन्धले शक्तिबिहीन जनताको उत्पादनशील स्रोत, साधन तथा निर्णय प्रक्रियामा सहभागितासमेतमा पहुँच र नियन्त्रण गर्न रोक्दछ । गरीबी तथा असमाहीकरणका जडहरु प्रायः गरेर भित्री तहमा रहेका हुन्छन् । शुक्ष्म रुपमा हेर्दा पनि हामीले त्यसको लक्षण र असरहरुमात्र देख्न सक्छौं । तसर्थ गरीबीका कारणहरु परिवार, समुदाय हुँदै राज्यसम्म प्रक्रिया र संरचनागत कुराहरुसँग जोडिएर आएका हुन्छन् ।

असमाहीकरण, पितृसत्ता, कमजोर शासन तथा विश्वव्यापीकरण जस्ता प्रक्रियाले गरीबलाई अधिकार पाउन तथा सामाजिक विकास प्रक्रियाबाट अलग्गिन बाध्य पारेको हुन्छ । संकट तथा प्रकोपबाट पीडितहरुको हक तथा अधिकारलाई अझै पनि मानव अधिकारको दायराभित्र पार्न आशातीत काम गर्न सकिएको छैन । संकट एवं प्रकोपको बढी खतरा हुने क्षेत्रमा बसेको वर्ग झन् झन् संकटापन्न अवस्थामा रहेर अनेक प्रकारका अनिश्चिततासमेत भोगिरहेका छन् ।

## २.९.४ सामाजिक असमाहिकरण

सामाजिक समाहिकरणको अभावमा संकटाभिमुख बढ्दै जान्छ । सामाजिक समाहिकरणको माध्यमबाट संकटाभिमुख कम गर्न सकिन्छ । विभिन्न संस्थाहरुले समाजमा विद्यमान असमानतालाई हटाउन विभिन्न प्रयास जारी राखेका छन् । धेरै संस्थाहरुले असमाहितहरुको लागी सामाजिक समाहीकरण तथा मूलप्रवाहीकरण प्रक्रियालाई अघि बढाएका छन् । यस प्रक्रियालाई अझ प्रभावकारी रुपमा अघि बढाउन निम्न प्रयासहरु गर्न सकिन्छ ।

- असमाहितहरुलाई समाहित गर्ने स्पष्ट नीतिहरु निर्माण ।
- असमाहितहरुको संगठन विकास, सुदृढीकरण तथा संस्थागत क्षमतामा अभिबृद्धि ।
- नीति निर्माण तहमा सहभागी गराउन सहयोग गर्ने खालका कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन ।
- राज्यलाई असमाहितहरुको पक्षमा नीति निर्माण गर्न दवाब तथा सहयोग ।
- गरीबी निवारण रणनिती अनुसार कार्य भए नभएको अनुगमन गर्ने सुचक तयार गर्न र सो अनुसार अनुगमन प्रकृयाको अवलम्बन गर्न सहयोग ।
- परिर्वतनका वाहक जस्तै सामुदायिक संस्थाहरु, निजी क्षेत्रका संघहरु, वकालत सम्बन्धि काम गर्ने गै.स.स.हरु, संचार र प्रेस, पेशावर संघसंगठनहरु, अनुसन्धान गर्ने समूहहरुसँग सामाजिक समाहिकरणको लागी सहकार्यमा जोड । साथै सरकारी निकायहरुसँग नीतिहरु निमार्ण गर्नको लागी आवश्यक सुशासन र आर्थिक पक्षमा सुधार ल्याउन सहयोग ।
- असमाहित वर्गको विभिन्न स्रोत तथा सेवाहरुमा पहँच र नियन्त्रणको अवस्थाको अध्ययन गरी गरीबी निवारण कार्यक्रममा पहुँचको स्थितीमा सुधार ल्याउन सहयोग।
- स्रोत परिचालनमा स्रोत सहयोग गर्ने निकाय तथा संस्थाहरुले असमाहित वर्गसँग गर्ने कार्यक्रम प्रति लचिलो संयन्त्र निमार्ण गर्ने परिपाटीमा सुधार ।
- गरिब तथा असमाहित वर्गको वकालत गर्न संचार माध्यमसँग सहकार्यमा जोड ।

- शिक्षालाई असमाहितहरुको अधिकारको रुपमा स्थापित गर्न नैतिक तथा सामाजिक समाहिकरणको मर्मसँग जोड्न शैक्षिक पाठ्यक्रममा सुधार, शिक्षकहरुको लागी तालिम कार्यक्रमहरुको संचालन ।
- औपचारिक र अनौपचारिक संस्था तथा संगठनहरु जसले जात, वर्ग, आफन्त, कानून आदिको आधारमा असमाहित वर्गहरुको आवाज, स्रोत, सशक्तिकरण प्रकृयामा साधक तथा बाधकको रुपमा काम गर्ने गरेका छन् सो को बारेमा सुधारको प्रक्रियाको थालनी ।
- समुदाय भित्र कुन वर्ग, व्यक्ति तथा समूह भित्र शक्ति निहित छ ? त्यसको परिचालन कस्को पक्षमा कसरी भईरहेको छ सो को लेखाजोखा ।
- समुदायमा स्रोत, साधन, सेवाहरुमा कसको नियन्त्रण छ सो को समिक्षा ।
- समुदायको बारेमा निर्णय हुँदो समुदायका सबै वर्ग तथा जातजातीहरुको सहभागी तथा संलग्नता ।
- समुदायमा सूचनामा पहुँच तथा नियन्त्रणको लेखाजोखा ।
- समुदाय भित्र असमाहित वर्गलाई समाहित गर्ने प्रकृयाको सुनिश्चिता गर्न असमाहित वर्गको समाहीकरणमा प्रकृयासँग सम्बन्धित सरोकारवालाहरुको समिक्षा ।
- समुदायमा रहेका सामाजिक समाहिकरण प्रकृयामा सहयोग गर्न सक्ने राम्रा परम्परा तथा संस्कृतिहरुको अध्ययन ।
- समुदायमा जवाफदेहीता र सुशासनको अवस्थाको समिक्षा ।
- असमाहितहरुलाई अगाडि बढाउन तथा पछि पार्न सहयोग पुऱ्याउने औपचारिक तथा अनौपचारिक संयन्त्रहरुलाई नियन्त्रण गर्न राज्य, निजी क्षेत्र, नागरिक समाज तथा अन्य सवालगत समूहले अपनाएको प्रकृया ।

जन्मजात असमानता, महिला जातीको दयनीय अवस्था, अशुद्धता, संर्किणता, साँस्कृतिक संघर्ष, कार्यकुशलता र व्यवसायिक विकासमा बाधा, निर्माण तथा व्यवसायिक गतिशिलतामा बाधा, आत्मसम्मानमा अपहेलना, सामाजिक मूल्य मान्यता र दर्जामा कमी, आदि तत्वहरुले असामहिकरणको लागि महत्वपूर्ण भूमिका खेल्दछन् ।

## २.१० सहभागीमूलक संकटाभिमुख विश्लेषण गर्न चाहिने सूचना तथा जानकारीहरु

- समुदायले भोग्नु परेका मुख्य खतराहरु के के हुन् ?
- हरेक खतराहरुले ल्याएका संकटाभिमुख अवस्था र त्यसको अन्तरनिहित कारणहरु के के हुन् ?
- समुदायमा कुन व्यक्ति, वर्ग र समूह सबभन्दा बढी संकटाभिमुख छ र कसरी ?
- के संकटाभिमुख वर्ग र समुदायको निर्णय प्रकृया र योजना तर्जुमामा समान र सक्रिय सहभागिता छ ?
- संकटाभिमुख कम गर्ने दिशामा सम्बन्धित सरोकारवालाहरु को को हुन् ?
- संकटाभिमुख कम गर्नको लागि सबै वर्ग र समुदायसँगै मिलेर कसरी पहल गर्न सकिन्छ ?
- उनीहरु कुन हिसाबले बढि संकटाभिमुख छन् ?
- संकटाभिमुखमा समय सापेक्ष कसरी परिवर्तन हुँदै आईरहेको छ ?
- असुरक्षित अवस्था (सूचनाको प्रवाह, पूँजी, समस्यालाई समाधान गर्ने रणनिति र तौरतरिका) के कति कारणबाट सृजन भएको छ ?
- संकटाभिमुखताका विभिन्न तहहरु (भौगोलिक अवस्था, स्रोत र साधन माथिको पहुँच र नियन्त्रण, शक्ति सन्तुलन, लैंगीकता, आर्थिक तथा सामाजिक अवस्था) को अवस्था के कस्तो छ?
- विभिन्न तत्व र रुप (भूमि अधिकार र व्यापार नीति, आदि) आदि विषयवस्तुहरुले कसरी संकटाभिमुख बनाउन मद्दत गरेका छन् ?
- संकटाभिमुखताका लक्षणहरु के के छन् ? ति बढ्दो वा घट्दो के कस्तो क्रममा छन् ?
- गरीबहरुको सामाजिक पूँजी माथिको पहुँच र नियन्त्रण कस्तो छ ?
- अहिले उनीहरु कुन रुपमा बढि संकटग्रस्त छन् ?
- भविष्यमा उनीहरु अझ कुन रुपमा संकटग्रस्त होलान् ?
- संकटाभिमुखतालाई कम गर्न उनीहरुले प्रयोग गर्दै आएका रणनीति र तौरतरिका के कस्ता छन्?
- संकटाभिमुख कम गर्न के कस्ता पूँजीहरु के कसरी प्रयोग हुँदै आईरहेको छ ?
- संकटाभिमुखका कुन कुन पक्षहरुलाई कार्यक्रमको समिक्षा र प्रभाव मूल्यांकनको बेला सूचकको रुपमा प्रयोग गर्न सकिन्छ ?

## २.११ सहभागीमूलक संकटाभिमुख विश्लेषण प्रक्रिया

सहभागीमूलक संकटाभिमुख विश्लेषण गर्दा निम्न प्रक्रियाहरुमा व्यापक छलफल गर्नुपर्दछ। प्रक्रिया प्रभावकारी नभएमा विश्लेषणमा पनि फितलो हुन्छ।

- सहभागिमूलक संकटाभिमुख विश्लेषणमा कुन कुन सरोकारवालाहरु सहभागि भए सो को यकिन गर्नु पर्दछ।
- समुदायले यो विश्लेषण प्रक्रियालाई कत्तिको बुझे ? कति आत्मसात गरे ? र यो प्रक्रियाबाट उनीहरुलाई उत्प्रेरणा मिल्यो वा मिलेन ? समिक्षा गर्नुपर्दछ।

- यो विश्लेषण प्रक्रियाले समुदायलाई सशक्त बनाउन सहयोग गर्‍यो वा गरेन ? किन?
- स्थानीय रुपमा सशक्तिकरणका सूचकहरु के के हुन सक्दछन् ?
- के हरेक तहमा गरिएका संकटाभिमुख विश्लेषणले समुदायको संकटाभिमुख अवस्थालाई आत्मसात/चित्रण गर्न सकेको छ ? छ भने कसरी ?
- के समष्टिगत विश्लेषण प्रक्रियाले हरेक तहका विश्लेषणका मुख्य पक्षहरुलाई समेट्न सकेको छ ? कसरी ?
- समुदायका क्षमताहरु के के छन् ? संकटाभिमुख कम गर्ने क्रममा समुदायले के कस्ता पूँजी र क्षमताको कसरी प्रयोग गर्ने गरेका छन् ? परिवार र समुदायस्तरमा के कस्ता रणनीतिहरु प्रयोग गर्ने गरिएको छ ?
- विभिन्न परिवेशमा बाँच्न बाध्य गरीबहरुको जीविकोपार्जनमा सुधार ल्याउन जीविकोपार्जन र सुरक्षाको हिसाबले के कस्ता रणनीतिहरु अबलम्बन गर्ने गरिएको छ ?
- के कस्ता नीतिहरुले कसरी र कुन तहमा गरीबहरुको संकटाभिमुखलाई असर गर्ने गरेको छ ?
- के कस्ता सवालहरु आन्तरिक रुपमा समुदायबाट र बाह्य पक्षबाट उठ्ने गरेका छन् ? किन ?
- समयको प्रवाहसँगै संकटाभिमुखमा के कस्ता परिवर्तन हुने गरेका छन् ? यस्ता परिवर्तनहरुलाई के कसरी सूचित र आत्मसात गरिएको छ ? अथवा भविष्यमा के कसरी यस्ता परिवर्तनलाई सूचिवद्ध गर्न सकिएला ? यस्ता परिवर्तनको प्रवाहले के कस्तो संकेत गर्दछ ? गरीबहरुले आफ्नो भविष्यको संकटाभिमुखलाई कसरी हेर्ने गरेका छन् ? उनीहरुको आफ्नो संकटाभिमुखता घट्दै छ भन्ने आधार कुन कुन पक्षलाई लिने गरेका छन् ?
- संकटाभिमुख कम गर्न के कस्ता प्रयासहरु (जीविकोपार्जन मा सुधार, सामाजिक सुरक्षा र अन्य) अवलम्बन गर्ने गरिएको छ ?
- विश्लेषण पश्चात संकटाभिमुखता कम गर्न के कस्तो कार्ययोजना बनाईयो ? कार्ययोजनाको कार्यान्वयनको लागी समुदाय, जिल्ला, राष्ट्रिय र अर्न्तराष्ट्रिय तहमा के कस्ता वकालत र पैरवी गर्ने गरिएको छ ?
- संकटाभिमुख विश्लेषणको नतिजा र निष्कर्षहरुले भविष्यमा समुदायको रणनीतिमा सुधार ल्याउन, संघ संस्थाको कार्यक्रम बनाउन र सरकारी नीतिमा समय सापेक्ष संसोधन गर्न कसरी मद्दत पुर्‍याउला जस्तो लाग्छ ?
- सहभागिमूलक संकटाभिमुख विश्लेषणले गरीबी न्यूनिकरणको दिशामा के कस्तो योगदान दिन सक्षम भएको छ ?

## २.१२ सहभागितामूलक संकटाभिमुख विश्लेषण प्रक्रियाबाट हुने फाईदाहरु

विश्लेषण प्रक्रिया प्रभावकारी भएमा निम्न फाईदाहरु पाउन सकिन्छ ।

- **विश्लेषणः** कुनै व्यक्ति, वर्ग र समुदायको संकटाभिमुखका विभिन्न रुपहरुको स्पष्ट विश्लेषणको रुपरेखा थाहा पाइने ।
- **संकटाभिमुखका कारणहरुः** संकटाभिमुख हुनुका मुख्य कारणहरु बारेमा जानकारी हुने । जस्तैः संस्थागत सहयोग नहुनु, बैकल्पिक आयआर्जनको स्रोत नहुनु, आदि ।
- **धारणाः** खतरा आफैंमा समस्या हो भन्ने धारणामा परिवर्तन गर्न सकिने । किनकी खतरा आफैंमा समस्या नभएर खतराबाट उत्पन्न संकटाभिमुखले व्यक्ति, परिवार र समूहको जीविकोपार्जन मा असर पार्दछ भन्ने बारेमा थप स्पष्टता हुने ।
- **व्यवस्थापनको लागि क्षमताः** संकटाभिमुखलाई व्यवस्थापन गर्न व्यक्ति, परिवार र समूहसँग के कस्ता क्षमता, पूँजी र स्रोतहरु छन् भन्ने विश्लेषण गरी कार्ययोजना मार्फत काम गर्न सकिने ।
- **अनुकुलन नीतिः** विभिन्न खतराहरुबाट सृजित जीविकोपार्जन का विकल्पहरु ह्रास हुने अवस्थामा कुन जीविकोपार्जन को विकल्प वा अनुकुलन नीतिहरुले त्यस्तो बेलामा प्रभावकारी काम गर्न सक्दछन् भनेर लेखाजोखा गर्न सकिने ।
- **संस्थागत सहयोगः** विभिन्न संघसंस्थाहरुबाट प्राप्त सहयोगमा पहुँच र अधिकार कसरी बढाउने, कुन संस्थाको भूमिकाले संकटाभिमुखता घटाउन र बढाउन मद्दत गर्दछ भन्ने बारेमा थप विश्लेषण गर्न सकिने ।
- **नियन्त्रणः** खतराबाट उत्पन्न संकटाभिमुखको अवस्थालाई कम गर्न कुन कुन सामुदायिक पूँजी र स्रोतमा पहुँच र नियन्त्रण बढाउन जरुरी छ सो को बारेमा आंकलन गर्न सकिने ।
- **समुदायको सिमा भन्दा बाहिरको सोंचमा विकासः** संकटाभिमुखका कतिपय सवालका समाधानहरु समुदायको स्रोत र साधनले गर्न नसकिने र उनीहरुको पहुँच र नियन्त्रण भन्दा बाहिर हुने भएकोले त्यस्तो अवस्थामा जिल्ला, क्षेत्र, राष्ट्रिय र अन्तर्राष्ट्रिय तहसम्म सम्बन्ध विस्तार गरि संकटाभिमुखको तह र मात्रालाई कम गर्न सकिन्छ भन्ने सोंचमा परिवर्तन ल्याउन सकिने । किनकी विश्वव्यापीकरण तथा बजार अर्थतन्त्रले पनि संकटाभिमुखतामा प्रत्यक्ष असर पार्दछ ।

## २.१३ सहभागीमूलक संकटाभिमुख विश्लेषण गर्दा ध्यान दिनुपर्ने कुराहरु

निम्न लिखित नौ पाईलामा सहभागीमूलक संकटाभिमुख विश्लेषणको बेलामा ध्यान केन्द्रित गर्नुपर्दछ । यसले विश्लेषण प्रक्रियालाई थप प्रभावकारी बनाउन मद्दत गर्दछ ।

### २.१३.१ स्थानरक्षेत्र

- संकटाभिमुख क्षेत्रहरु कुन कुन हुन् ?
- संकटाभिमुख क्षेत्रका मुख्य विशेषताहरु के के छन् ?
- किन र कसरी ति क्षेत्र बढी संकटाभिमुख भए ?

### २.१३.२ संकटाभिमुख बारेको बुझाई

- समुदायको संकटाभिमुख बारेको बुझाई कस्तो छ ?
- संकटाभिमुखलाई स्थानीय रुपमा कसरी शब्दार्थ गर्ने गरिएको छ ?
- संकटाभिमुखका मुख्य सूचकहरु के के हुन् ?
- किन उनीहरु संकटाभिमुख भएको महशुष गर्छन् ?
- संकटाभिमुख व्यक्ति/समुदाय कसरी पत्ता लगाउन सकिन्छ ?
- संकटाभिमुख व्यक्ति/समुदायको लैङ्गिक, पेशा, क्षमता प्रतिको बुझाई कस्तो छ ?

### २.१३.३ खतरारसंकटाभिमुख

- स्थानीय समुदायले भोग्नु परेको खतरा र जोखिमहरु के के हुन् ? मौसम र समयको प्रवाहसँगै खतराको असरमा के कस्तो फरकता पाईन्छ ?
- के फरक फरक वर्ग र पेशाका व्यक्ति/समूहले फरक फरक प्रकारको खतरा भोग्छन्?
- जोखिमको प्रवृति र प्रवाह भैरहने अवस्था के कस्तो छ ?
- वर्षभरीको सबभन्दा संकटाभिमुख समय कुन कुन हो ? किन ?
- खतराको असर कम गर्न विभिन्न वर्ग र पेशाका व्यक्ति/समुदायले अपनाउने गरेको रणनीतिहरुमा के के फरकता पाईन्छ ?

### २.१३.४ जीविकोपार्जन

- वर्षभरीमा मानीसहरु के कस्ता पेशामा संलग्न हुन्छन् ?
- विभिन्न जीविकोपार्जनका अवसरबाट के कस्ता सेवा र फाईदा मिल्ने गरेका छन् ?
- प्रकोपको बेला के कस्तो जीविकोपार्जनको स्रोत/विकल्प बढी संकटमा पर्छ ?
- के कस्ता जीविकोपार्जनका बैकल्पिक उपायहरुले संकटाभिमुख न्यूनिकरण गर्न वा समुदायलाई पहिलेकै अवस्थामा फर्कन मद्दत गर्छ ?
- जीविकोपार्जनका बैकल्पिक उपायहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्न हालमा सामाजिक, आर्थिक तथा राजनैतिक क्षेत्रमा के कस्ता समस्या र बाधाहरु विद्यमान छन् ?
- संकटाभिमुख कम गर्न संस्थागत सरसहयोग लिने कुरामा समय/मौसमले के कस्तो असर पार्छ? किन ?

### २.१३.५ पूजीको अवस्था

- हालमा व्यक्ति/समूहसँग के कस्ता पूँजीहरु छन् ?
- के कस्ता पूँजीले व्यक्ति/समूहलाई संकटको बेलामा सहयोग पुऱ्याउँदछ ?
- के कस्तो पूँजीहरुमा व्यक्ति/समूहको पहुँच र नियन्त्रण छ ?
- उनीहरुलाई हालमा के कस्तो सामाजिक सेवा/सहयोग प्राप्त छ ?
- सामाजिक पूँजी प्राप्त गर्ने क्रममा के कस्ता अप्ठ्याराहरु विद्यमान छन् ?
- संकटाभिमुख कम गर्ने दिशामा के कस्ता महत्वपूर्ण पूँजीको पहुँचलाई अझ प्रभावकारी रुपमा कसरी सुधार गर्न सकिन्छ ?

### २.१३.६ संस्थागत व्यवस्थापन

- समुदायभित्र के कस्ता संघसंस्थाहरु छन्? ति संघसंस्थाहरुले के कस्तो सेवा प्रदान गरेका छन् ?
- ति संस्थाहरुको सेवामा समुदायको पहुँच छ कि छैन ?
- ति संस्थाहरुसँग समुदायको सम्बन्ध के कस्तो छ ?
- संस्थागत सेवामा पहुँचको लागी कुन कुन तत्वले कसरी प्रभाव पार्छ ?
- संकटाभिमुख कम गर्ने दिशामा संस्थाको सेवामा पहुँच वृद्धि गर्न के गर्न सकिन्छ ?
- संस्थाहरुको के कस्तो कार्यक्रम/रणनीतिले समुदायलाई अझबढि संकटाभिमुख बनाउँदछ ?
- समुदायमा संस्थागत रुपमा सहयोग गर्ने संघसंस्थाहरु के कस्ता छन् ?
- विभिन्न संघसंस्थाहरु मध्ये कुन कुन संस्थाले कसलाई बढि प्रभाव पार्छ ? कसरी

### २.१३.७ हक र अधिकार

- संकटाभिमुख व्यक्ति/समूहको हक अधिकार बारेको बुझाई के कस्तो छ ?
- संकटाभिमुख कम गर्न कुन कुन क्षेत्रमा उनीहरुले आफ्नो हक अधिकार भएको महसुस गरेका छन् ?
- यी हक अधिकारको पहुँचमा के कस्ता तत्व बाधक वा सहयोगी भएका छन् ?
- हक अधिकार प्राप्तीको दिशामा अझ थप उनीहरुको क्षमतामा के कसरी सुधार ल्याउन सकिन्छ?
- यसको लागी हालमा आएर के कस्ता अवसरहरु विद्यमान छन् ?

### २.१३.८ सूचनामा हक

- स्थानीय तहमा संकटाभिमुख विश्लेषण गर्न के कस्ता सूचना/जानकारीहरु आवश्यक पर्छ ?
- सूचना/जानकारीले कसरी उनीहरुलाई संकटाभिमुख कम गर्न मद्दत गर्छ ?
- हालमा उनीहरुसँग के कस्ता सूचना/जानकारीहरु छन् ?
- के कस्तो सूचनाको अभावले उनीहरुलाई अझ बढी संकटाभिमुख बनाउँदछ ?
- सहि सूचना/जानकारी पाउन के कस्ता अप्ठ्यारा र बाधाहरु विद्यमान छन् ?
- सूचना/जानकारीमा थप पहुँच वृद्धि गर्न के कस्तो सुधार गर्न सकिन्छ ?

### २.१३.९ सहभागीता र निर्णय प्रक्रिया

- निर्णय प्रक्रियामा सहभागी हुन के कस्ता समस्या/बाधाहरु छन् ?
- स्थानीय तहमा मुख्य निर्णयकर्ताहरु को को हुन् ?
- कसले निर्णय गर्छ र कसरी उनीहरुले निर्णयलाई आफ्नो अनुकुलको बनाउँदछ ?

- यस्तो निर्णय प्रक्रियाबाट कसलाई बढि फाईदा हुन्छ र कुन वर्ग बढि पिडित हुन्छन्?
- के कस्ता निर्णय प्रक्रियाहरुले उनीहरुलाई कम संकटाभिमुख बनाउँदछ ?
- निर्णय प्रक्रियामा सहभागीताको लागी कुन कुन तत्व बढि बाधक र सहयोगी बन्ने गरेका छन्?
- निर्णय प्रक्रियामा सहभागीता बढाउन के कसरी सहयोगी तत्वलाई बढाउन र बाधक तत्वलाई घटाउन सकिन्छ ?
- यो प्रक्रियामा के कस्तो अवसर हालमा प्राप्त छ ?

यी माथी उल्लेख गरिएबमोजिमका ९ वटा पाईलाहरुमा ध्यान पुऱ्याउनुको साथै निम्न पक्षहरुमा पनि संकटाभिमुख विश्लेषण गर्दा ध्यान दिनु पर्दछ ।

- सबै पक्ष, वर्ग, पेशा र समूहका व्यक्तिलाई प्रत्यक्ष रुपमा सहभागी गराउने ।
- सामुहिक सिकाईलाई प्रवर्द्धन/बढावा दिने ।
- ठूलो विचार/सवाललाई शुक्ष्म रुपमा अध्ययन गर्न स-साना विचारमा बाँड्ने । यसलाई समय, स्रोत र क्षमताले पनि असर गर्ने ।
- एउटा समूहका व्यक्तिको सहभागीताले अरु समूहको सहभागी हुने अधिकार हनन हुन नदिने परिपाटी मिलाउने ।
- समुदायमा के कस्ता खतराहरु छन् जसले उनीहरुलाई जोखिमको नजिक पुऱ्याउन मद्दत गरेका छन् । त्यसका कारण र असर शुक्ष्म रुपमा पत्ता लगाउनु पर्ने ।
- असुरक्षित अवस्थाको बारेमा सम्पूर्ण रुपमा लेखाजोखा गर्नुपर्ने ।
- समुदायको क्षमताको विश्लेषण गर्नुपर्ने ।
- विभिन्न सहभागीमूलक औजार/साधनको प्रयोगबाट व्यापक छलफल मार्फत सूचना संकलन गर्ने, सूचनाको छड्के जाँच गर्ने ।
- सूचनाको निष्कर्षसम्म पुग्नको लागी व्यापक छलफल र अर्न्तकृया गर्ने ।
- हरेक सवालको कारण र असर पत्ता लगाउने ।
- सूचनाको शुद्धता जाँच्न हतार नगर्ने, राम्रोसँग विश्लेषण गर्ने ।
- सूचना संकलन र विश्लेषणको बेला प्राथमिक र माध्यमिक तहका सरोकारवालाहरुलाई पनि सक्रिय रुपमा सहभागी गराउने ।
- सबै पक्षको सक्रिय सहभागीतामा डाटा सिट भर्न र विश्लेषण गर्न ।

डाटासिटको लागि निम्न तालीकाहरु प्रयोगमा ल्याउन सकिन्छ ।

**विश्लेषण र तालीका**

| प्राप्त क्षमता/शीप | उपलब्ध जीविकोपार्जन का विकल्पहरु | अप्ठ्यारो अवस्थामा जीविकोपार्जन का सेवा, विकल्पहरुले पुऱ्याएको सहयोग | चाहेको जीविकोपार्जन को विकल्पहरु | संकटाभिमुख अवस्था | समस्याका तत्कालिन र दीर्घकालीन कारणहरु | कारणहरु बाट भएको असरहरु | संस्थागत पहुँचको अवस्था |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

कार्ययोजना तालीका

| संकटाभिमुख कम गर्न चाल्नु पर्ने कार्यहरु | समुदायबाट तत्काल गर्न सकिने कार्यहरु | बाह्य सहयोग (को, कहाँबाट, कसरी ?) | दीर्घकालीन रुपमा संकटाभिमुख कम गर्न गर्नु पर्ने पैरवी/वकालत | समयावधि |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

## २.१४ सहभागीमूलक संकटाभिमुख विश्लेषण र सहभागीमूलक ग्रामीण लेखाजोखामा फरक

सतहीरुपमा हेर्दा यी दुबै विधिहरुमा समानता पाईने देखिएता पनि यी दुबै विधिको उद्देश्य, प्रक्रिया अत्यन्त फरक हुने गर्दछ । यस्तो फरकतालाई निम्न बुँदाबाट स्पष्ट पार्न सकिन्छ ।

| क्र.सं | सहभागीमूलक संकटाभिमुख विश्लेषण | क्र.सं. | सहभागीमूलक ग्रामीण लेखाजोखा |
|---|---|---|---|
| १. | अधिकारमुखी विकासको अवधारणमा आधारित | १. | आवश्यकतामुखी विकासको अवधारणामा आधारित |
| २. | अभियानमुखी पद्दति | २. | परियोजनामुखी पद्दति |
| ३. | सबै तह र तप्कामा गर्न सकिने | ३. | ग्रामीण क्षेत्रमा मात्र केन्द्रित |
| ४. | संकटाभिमुखमा ध्यान दिने | ४. | गरीबीमा ध्यान दिने |
| ५. | बढि गुणात्मक हुने | ५. | संख्यात्मक र गुणात्मक हुने |
| ६. | कार्यगत र नीतिगत दुवैपक्षलाई समेट्ने | ६. | कार्यगत पक्षलाई समेट्ने |
| ७. | समुदायको भूमिका सूचना संकलन र विश्लेषण दुवैमा हुने | ७. | समुदायको भूमिका सूचना संकलनमा बढि हुने |
| ८. | समुदायको अवस्थाको आधारमा कार्य योजना बनाई कार्यान्वयनमा जाने | ८. | समुदायको अवस्थामा केन्द्रित हुने |
| ९. | समुदाय देखि अन्तराष्ट्रियस्तरको सरोकारवालाको बीचमा पनि विभिन्न सवालको आधारमा वकालत गर्न सकिने | ९. | सिमित ठाउँमा मात्र केन्द्रित हुने |
| १०. | समुदायको सशक्तिकरणमा जोड दिने | १०. | समुदायको परिचालनमा बढि जोड दिने |

## २.१५ सहभागीमूलक संकटाभिमुख विश्लेषण विधिका फाईदाहरु

सहभागीमूलक संकटाभिमुख विश्लेषणले संकटाभिमुखताका बारेमा निम्न रुपमा सहयोग गर्दछ।

- संकटाभिमुखका विभिन्न पक्ष, रुप र कारणहरुको बारेमा गहिराहिमा गएर बुझ्न ।
- कार्यक्रमको अनुगमन गर्न र समिक्षा गर्ने दिशामा आवश्यक रणनीति बनाउन ।
- संकटाभिमुखलाई एउटा सूचकको रुपमा लिई विकास कार्यक्रमहरुको प्रभावकारिता थाहा पाउन र दीर्घकालीन परियोजनाहरु निर्माण गर्ने क्रममा एउटा आधारभूत सर्भेको रुपमा सहयोग गर्न ।
- विकासका अन्तरनिहित पक्षहरु जस्तै एचआईभि/एड्स, लैंगीकता जस्ता सवालहरुको लागि संकटाभिमुखको गहन बुझाइबाट हेर्न र समिक्षा गर्न ।
- महिला, पुरुष, शक्तिसंरचना, असमानता, विभेद बारे बुझ्न र महिला सशक्तिकरणको लागि अवलम्बन गर्नु पर्ने तौरतरिका र कार्यक्रम बनाउन सहयोग गर्न ।
- स्थानीय र वाह्य सहजकर्ताहरुले अवलम्बन गर्ने तौरतरिका र विधिहरु विचको फरक/खाडल लाई कम गरि समुदायलाई सशक्त गर्ने दिशामा एउटा सरल र प्रभावकारी विधि अवलम्बन गर्न सहयोग गर्न ।
- समुदायको शिप र विश्लेषणको आधारमा भविष्यमा हुन सक्ने संकटाभिमुखलाई आँकलन गर्न र संकटाभिमुख कम गर्न तत्कालीन र दिर्घकालिन रुपमा अवलम्बन गर्नुपर्ने योजना र कार्यान्वयन रणनीति बारेमा स्पष्ट हुन ।

# पाठ ३
# संकटाभिमुख विश्लेषण गर्ने विभिन्न मोडेलहरु

> "संकटाभिमुख विश्लेषणमा विभिन्न मोडेलहरुको मद्दतबाट थप गहिराईमा गएर संकटाभिमुखका विभिन्न पक्षको बारेमा बुझ्न सजिलो हुन्छ।"
>
> - तिलसरा गिरी, कोहला, बाँके

## ३.१ विश्लेषण प्रक्रियाम प्रयुक्त मोडेलहरु

विभिन्न मोडेलहरुलाई संकटाभिमुखको शुक्ष्म रुपमा विश्लेषण गर्न प्रयोगमा ल्याउने गरेको पाईन्छ । यस मध्ये जेरेमी स्वीफ्टको पूँजी संकलन मोडेल, एयडरसन र उइड्रोको क्षमता र संकटाभिमुख विश्लेषण मोडेल र ब्ल्याकीको प्रकोप कन्च मोडेल बढि चर्चामा रहेको पाईन्छ । यो मोडेलहरुको बारेमा यस पाठमा चर्चा गरिएको छ ।

### ३.१.१ जेरेमी स्वीटको पूजी संकलन मोडेल

जेरेमी स्वीफ्ट (१९८९)को पूँजी संकलन मोडेल व्यक्तिको पूँजीसँग सम्बन्धित छ । उनका अनुसार हरेक व्यक्ति, वर्ग र समूहको आफ्नो बाँच्ने रणनीति अनुसार सकेसम्म धेरै पूँजीको संकलन र जोहो गर्ने गर्दछन् जसले उनीहरुलाई वर्तमान र भविष्यमा दीगो जीविकोपार्जनको लागी एउटा आधारभूत आधार खडा गर्न सहयोग गर्दछ ।

उनका अनुसार कुनै निश्चित समयको अन्तरालमा कुनै व्यक्ति, वर्ग वा समूहको संकटाभिमुखमा आउने फरकतालाई बुझ्न पूँजीको संकलन र पूँजीको क्षयीकरणको अवस्थाको अनुगमनबाट संभव हुन्छ । हरेक व्यक्ति र परिवारको पूँजीको रुप र प्रकार फरक फरक हुन्छ जसले गर्दा संकटाभिमुख पनि फरक फरक हुन्छ । जति धेरै उनीहरुसँग पूँजी हुन्छ त्यति नै कम उनीहरु संकटाभिमुख हुन्छन् । जति धेरै पूँजीको क्षयीकरण हुन्छ त्यति नै उनीहरु असुरक्षित अवस्थामा पुग्दछन् ।

स्वीफ्टले पूँजीलाई मुख्य गरेर तीन भागमा बाँडेका छन् । जस अनुसार पहिलो पूँजी भनेको लगानी (मानवीय, उत्पादनमूलक र संयुक्त) । त्यस्तै दोस्रो पूँजीमा स्टोर (खाना, पैसा, गरगहना) र तेस्रोमा आफ्ना भावनाहरु व्यक्त गर्न सक्ने अवस्था (अन्य घरपरिवार, समाज, सरकारी र अन्तराष्ट्रिय समुदायको बीचमा) पर्दछन् । यस दृष्टिकोणबाट हेर्ने हो भने एउटा परिवारसँग हुने पूँजीमा धेरै फरकता पाईन्छ जो मौसम/समय अवधिको आधारमा परिवर्तनशील हुन्छन् ।

जसलाई उनीहरुले अप्ठ्यारो अवस्था र समस्या परेको बेलामा रणनीतिक हिसाबले प्रयोग गर्न गर्दछन् । अति कठिन अवस्थामा आफुसँग भएको पूँजीको सदुपयोगबाट उनीहरुलाई बाँच्नको लागी प्रेरणा मिल्दछ ।

यसमा कत्तिपनि शंका छैन कि पूँजीको संकलन गर्ने भन्ने कुरा व्यक्तिको संकटाभिमुखसँग नजिकको सम्बन्ध हुन्छ । पूँजीको प्रयोगले हरेक खतराले उत्पन्न गर्ने असर र प्रभाव पछि पनि उनीहरुलाई पुरानै अवस्थामा फर्कन मद्दत गर्दछ । तर पूँजीको क्षयीकरण हुनु भनेको संकटाभिमुख बढ्नु मात्र एउटा कारण नभएर यस पछाडी अन्य थुप्रै तत्व, कारणहरु हुन्छन् । त्यस्ता थुप्रै अन्य तत्वहरुलाई पनि संकटाभिमुखको विश्लेषणको बेला व्यापक रुपमा छलफल गर्नुपर्दछ । तथापी, यस मोडेलले संकटाभिमुख के हो भन्ने पक्षमा धेरै कुरा चर्चा गर्दैन ।

### ३.१.२ एण्डरसन र उइड्रोको क्षमता र संकटाभिमुख विश्लेषण

उनीहरुका अनुसार क्षमता र संकटाभिमुखको प्रकारलाई मुख्य रुपमा तीन भागमा बाँड्न सकिन्छ । ति हुन् भौतिक/सामग्रीगत संकटाभिमुख, सामाजिक/संगठनात्मक संकटाभिमुख र उत्प्रेरक/व्यवहारमुलक संकटाभिमुख । भौतिक/सामग्रीगत संकटाभिमुख भित्र सामग्रीगत स्रोत र साधन तथा खतराबाट उत्पन्न हुने अवस्था, आदि पर्दछन् । सामाजिक/संगठनात्मक संकटाभिमुखले समुदायको सामाजिक पक्ष, मेलमिलाप, भावना र अर्न्तक्रियालाई बढी जोड दिन्छ । यसैगरी उत्प्रेरक/व्यवहारमूलक संकटाभिमुखले समुदायका सोंच र धारणाको बारेमा बढी छलफल गर्दछ । यसलाई निम्न तालीकाबाट थप स्पष्ट गर्न सकिन्छ ।

**तालीकाः संकटाभिमुखका प्रकार, संकटाभिमुख र क्षमता विश्लेषण**

| प्रकार/रुप | संकटाभिमुख | क्षमता |
|---|---|---|
| भौतिक/सामग्रीगत संकटाभिमुख | | |
| सामाजिक/संगठनात्मक संकटाभिमुख | | |
| उत्प्रेरक/व्यवहारमूलक संकटाभिमुख | | |

यो मोडललाई संकटाभिमुख र क्षमताको विश्लेषणमा थुप्रै संघसंस्था र समुदायले प्रयोग गर्ने गरेका छन् । यस मोडेल अनुसार समुदायको संकटाभिमुखको अवस्थालाई माथीका तीन प्रकारमा संकटाभिमुखको दृष्टिकोणबाट विश्लेषण गरिन्छ र साथसाथै क्षमताको पनि लेखाजोखा गरिन्छ । यो धेरै चलनचल्तीमा आएको मोडेल हो । किनकी यो सजिलो र समुदायले पनि बुझ्ने किसिमको छ ।

तथापी यस मोडेलका पनि केही कमी कमजोरीहरु छन् । संकटाभिमुख समुदायका विभिन्न व्यक्ति, वर्ग र समूहको सहि प्रतिनिधित्व गराउने कुरामा यो मौन छ । यो एकपटकलाई संकटाभिमुख विश्लेषणको हिसावले तर्जुमा गरेको देखिन्छ जबकी संकटाभिमुख असाध्यै गतिशिल हुन्छ र यो समयसँगै परिवर्तन भैरहन्छ । यो समुदायको संकटाभिमुख विश्लेषण

भन्दापनि विकास दातृसंस्थाको आवश्यकता पुर्तीको लागि बढि लाभदायक भएको पाईन्छ । यसका साथै यस मोडेलले संकटाभिमुखका अन्तरनीहित कारण र त्यसका असरहरुको बारेमा गहिराईमा गएर व्याख्या गर्न सकेको देखिँदैन ।

### ३.१.३ ब्ल्याकीको प्रकोप कन्च मोडेल

यस मोडेलले कसरी संकटाभिमुख विकसित हुन्छ ? र यसले कसरी प्रकोप र खतराको अवस्था सृजना गर्दछ भन्ने बारेमा व्याख्या गर्दछ । यसको साथै यसले कसरी अन्तरनीहित कारणहरुबाट गतिशिल दबाब सृजना गर्दछ र कसरी अन्त्यमा गएर असुरक्षित अवस्था ल्याउँछ भन्ने बारेमा पनि लेखाजोखा गर्दछ । जब समुदाय असुरक्षित अवस्थाबाट गुज्रिन्छ, त्यस्तो बेलामा सानो खतराबाट पनि प्रकोप सृजना भई समुदाय बढि संकटमा पर्दछ ।

अन्य मोडेलको दाँजोमा यो मोडेल संकटाभिमुखको अवधारणालाई गहिरो रुपमा बुझ्न बढि प्रभावकारी मानिन्छ । यस मोडेलबाट कसरी संकटाभिमुख सुसुप्त अवस्थामा रहेर कसरी आफ्नो फैलावट विस्तार गर्दछ भन्ने बारेमा विश्लेषण गर्न सकिन्छ । साथै समुदाय संकटको अवस्थामा रहेमा सानो खतराबाट पनि कसरी अप्ठ्यारो अवस्थामा पुग्छ भन्ने बारेमा शुक्ष्म लेखाजोखा गर्न मद्दत पुग्दछ । यसलाई निम्न तालीकाबाट थप स्पष्ट पार्न सकिन्छ ।

## संकटाभिमुखको प्रगतिन्मुख स्वरुप

१. अन्तरनीहित कारणहरु
- गरिबी
- शक्ति संरचना र स्रोत र साधनमा न्यून पहुँच हुनु
- धारणा/मूल्य र मान्यता
- आर्थीक प्रणाली
- सामान्य पूर्व सर्तका तत्वहरु

२. गतिशिल दबाब
- स्थानीय संघ संगठनहरुको कमी
- कमजोर शिक्षाको स्तर
- अपर्याप्त तालीम
- चाहिंदो किसीमको शीप नहुनु
- स्थानीय रुपमा लगानीमा कमी
- बजारको पर्याप्त व्यवस्था नहुनु
- संचार स्वतन्त्रता नहुनु

स्याक्रो तत्वहरु
- जनसंख्या फैलावट

३. असुरक्षीत अवस्था
- घरयासी भौतिक वातावरण
- खतरायुक्त क्षेत्र
- खतरायुक्त भवन र भौतिक संरचना
- घरयासी र स्थानीय आर्थीक अवस्था
- जीविकोपार्जन जोखीममा पर्नु
- आम्दानीको स्तर न्यून
- न्यून सामाजिक

४. प्रकोप

प्रकोप (जोखीम)
=
संकटाभिमुख
+
खतरा

५. खतरा उत्पन्न गर्ने तत्वहरु
- भूकम्प
- हुरीबतास
- बाढी
- ज्वालामुखी
- पहिरो
- सुख्खा
- सामाजिम द्वन्द
- नागरिक द्वन्द
- प्रविधिक दुर्घटना, आदी

**स्रोतः व्ल्याकी, पियर र अन्य, जोखीमम, लण्डनः रउटलेज, १९९४**

# पाठ ४
# संकटाभिमुखका रुप र बहुस्तरीय अवधारणा

> "सहभागीमूलक संकटाभिमुख विश्लेषणको लामो प्रक्रियाबाट संकटाभिमुखका विभिन्न रुपको बारेमा हामी आफैले खोतल्ने प्रयासमा हामी सफल भएको पाएका छौं । यति धेरै संकटाभिमुखबाट हामी समस्यामा रहेछौं भन्ने ज्ञान भयो । सबभन्दा महत्वपूर्ण पक्ष भनेको संकटाभिमुखको अन्तरनीहित कारण र असरहरुको बारेमा थाहा पाउन सम्भव भयो । हामीलाई के विश्वास लागेको छ भने हामी यस्ता संकटाभिमुखको असर र प्रभावलाई स्थानीयस्तरमा पनि कम गर्न सक्दछौं । हामीमा अहिले आत्मविश्वास बढेको छ । तर यस प्रक्रियालाई अझ व्यवस्थित र प्रभावकारी बनाउन जिल्ला, राष्ट्रिय र कतिपय सवालमा अन्तराष्ट्रियस्तरका सरोकारवालाहरुको पनि संलग्नता चाहिने रहेछ । तसर्थ यी बिभिन्न तहमा पैरवी आवश्यक छ ।"
>
> \- विष्णु अधिकारी, सुर्यपटुवा, बर्दिया

## ४.१ संकटाभिमुखका रुपहरु

संकटाभिमुखको बारेमा शुक्ष्म रुपमा बुझ्न यसका विभिन्न रुपहरुको बारेमा पनि जानकारी हुनुपर्दछ । संकटाभिमुखका मुख्य रुपमा स्थानीय जनता र संकटाभिमुख, संकटाभिमुख र गरीबी तथा संकटाभिमुख र मानव सुरक्षा पर्दछन् ।

सामाजिक, भौगोलिक, वंशगत, आर्थिक र राजनीतिक खतराजन्य अवस्थाले विभिन्न स्तर र तहमा समाजमा प्रभाव पार्दछ । यसका साथै वर्ग, पेशा, जात, लिङ्ग, शारीरिक अशक्तता, नाजुक स्वास्थ्य, उमेर, बसाईंसराईंको अवस्था र सामाजिक संघसंस्थाहरुसँगको कमजोर सम्पर्क र सञ्जालले पनि संकटाभिमुखमा असर पार्दछ ।

विभिन्न पक्ष र रुपबाट सिर्जना हुने संकटाभिमुखको अवस्था फरक फरक हुने गर्दछ । राजनैतिक शक्तिहिनता, सामाजिक विभेद र शोषणले पनि संकटाभिमुखलाई थप मलजल गर्दछ । समुदायमा क्षमता बढाउने, स्रोत र साधन माथिको पहुँच तथा नियन्त्रणलाई वृद्धि गर्ने र आफ्ना आधारभूत हक अधिकारको बारेमा बुझ्ने प्रक्रियाबाट संकटाभिमुखलाई कम गर्न सकिन्छ ।

कसरी हरेक खतराले संकटाभिमुख ल्याउन मद्दत गर्दछ र संकटाभिमुख कम गर्न के कस्ता रणनीति र कार्यक्रम ल्याउनु पर्दछ भन्ने कुरा समुदायको स्वरुप, क्षमता र विकास बारेको बुझाईमा पनि भर पर्दछ ।

### ४.१.१ स्थानीय जनता र संकटाभिमुख

सहभागीमूलक विश्लेषण प्रक्रियामा कुन वर्ग र समुदायका व्यक्तिहरु बढी संकटाभिमुख छन् ? के कति कारणले उनीहरु संकटाभिमुख भएका हुन् ? र उनीहरुको संकटाभिमुख कसरी कम गर्ने भन्ने पक्ष सबभन्दा महत्वपूर्ण हो ।

लैंगीकताको आधारमा पनि संकटाभिमुख फरक फरक हुने गर्दछ । आधारभूत स्रोत र साधनमा पहुँच तथा नियन्त्रण हुन नसक्नु र महिलाहरुलाई निर्णय प्रक्रियामा सहभागी नगराईनुले उनीहरुको संकटाभिमुखलाई अझ बढाउने काम गर्दछ । समुदायमा हरेक वर्ग र समुदायका व्यक्तिहरुको संकटाभिमुख पनि फरक फरक हुने गर्दछ । बालबालिका, प्रौढ र शारिरिक रुपमा अशक्त व्यक्तिहरु भौतिक समस्याले गर्दा बढि संकटाभिमुख हुन्छन् । यसको साथसाथै विपन्न असहाय, पछाडि पारिएको समुदाय, एचआईभी र एड्स लागेका व्यक्तिहरु बढि संकटाभिमुख हुन्छन् ।
संकटको स्थिति आएमा निश्चित रुपमा केहि निश्चित वर्ग र समुदायका व्यक्तिहरु प्रभावित हुन्छन् र उनीहरु संकटाभिमुख हुन्छन् । त्यसकारणले पनि व्यक्ति र समुदायमा के कसरी संकटाभिमुख आउँदछ भनेर अध्ययन गर्नु जरुरी छ ।

### ४.१.२ संकटाभिमुख र गरीबी

गरीबी र संकटाभिमुखता समान होइनन् । तैपनि यी दुवै एकआपसमा अन्तरसम्बन्धित छन् । यी दुवै समान प्रक्रियाबाट सृजित हुन्छन् । सबै गरीब व्यक्तिहरु संकटाभिमुख हुन्छन् तर सबै संकटाभिमुख व्यक्तिहरु गरीब नहुन पनि सक्दछन् । तर पनि संकटाभिमुखताको मुख्य पक्ष गरीबी हो ।

संकटाभिमुखताको लागि अन्य पक्षहरु जस्तै भौगोलिक अवस्था, सामाजिक द्वन्द, भेदभाव र शोषण, आदि पनि उत्तिकै जिम्मेवार हुन्छन् । संकटाभिमुखको अवस्थाले कुनैपनि व्यक्तिलाई गरीबीको दिशातिर धकेल्दछ, गरीबीको परिवेशमा बाँच्न बाध्य तुल्याउँदछ र गरीबीको कुचक्रमा फसाएर गरीबीको अवस्थाबाट बाहिर समेत आउन रोक्दछ ।

सामाजिक र आर्थिक जीवनमा पूर्ण रुपमा सहभागि हुन स्रोत र साधनले महत्वपूर्ण भूमिका खेल्दछ । गरीबीको कारणले विपन्न र पछाडी पारिएको वर्गको स्रोत र साधन माथि पहुँच नियन्त्रण कम हुन्छ । हालका वर्षहरुमा आएर गरीबीलाई बृहत पक्षसँग गाँसेर पनि हेर्न थालिएको छ । प्राकृतिक, सामाजिक, आर्थिक, राजनीतिक, स्रोत र साधन र क्षमतामा पहुँच हुन नसक्नु आफैमा गरीबी हुनु हो । संकटाभिमुखको अवस्था हुनु भनेको प्रतिरक्षा गर्न नसक्नु,

असुरक्षित हुनु, जोखिम र खतराको नजिक पुग्नु र यस्ता पक्षसँग सशक्त रुपमा लड्न नसक्नु हो ।

### ४.१.३ संकटाभिमुख र मानव सुरक्षा

खतराजन्य भौतिक वातावरण र डरलाग्दो आर्थिक विपन्नताले केहि व्यक्तिहरु बढि मात्रामा संकटाभिमुख हुन्छन् । त्यसकारण संकटाभिमुखको बारेमा हुनुपर्ने आधारभूत बुझाईभित्र ति संकटाभिमुख व्यक्ति, वर्ग र समूहहरुको शक्ति सम्बन्ध के कस्तो छ ? समाजमा उनीहरुको स्थान के कस्तो छ ? निर्णय प्रक्रियामा को बढी संलग्न हुन्छ ? र कसलाई पछाडि पारिएको छ ? भन्ने जस्ता विषयवस्तुहरुलाई शुक्ष्म रुपमा विश्लेषण गर्नु पर्दछ । यसको साथसाथै अधिकारमा आधारीत विकास अवधारणाको बारेमा पनि विश्लेषण गर्नुपर्दछ । त्यसकारणले पनि मानव सुरक्षाभित्र संकटाभिमुख शक्ति र अधिकारको बिचमा कस्तो अन्तरसम्बन्ध छ भनेर विश्लेषण हुनुपर्दछ ।

समुदायको सुरक्षित संरचनाभित्र विद्यमान मुख्य खाडल पत्ता लगाउने कुरामा सहभागिमूलक संकटाभिमुख विश्लेषणले सहयोग गर्दछ । असुरक्षित संरचनाभित्र प्राय गरेर समन्वय नहुनु, जवाफदेही सरकारको कमी हुनु, द्वन्द, झैंझगडा, सामाजिक अन्याय, असमानता निर्मूल गर्ने कुरामा आवश्यक प्रभावकारिता नअपनाइनु वा यी सबै समस्याको समष्टिगत स्वरुप विद्यमान हुनु, आदि पर्दछन् ।

सहभागिमूलक संकटाभिमुख विश्लेषणले समुदायको सुरक्षित संरचनाका सवल पक्षहरुलाई अझ सशक्त र सुधार गर्न मद्दत गर्दछ । सुरक्षित तौरतरिका र रणनीतिहरु तर्जुमा र कार्यान्वयन गर्ने प्रक्रियाको क्रममा समुदायले विभिन्न प्रकारका कार्य र रणनीतिहरु अपनाउन सक्दछ । उदाहरणको लागि प्रकोपको असरबाट बच्न पूर्व सूचना प्रणालीको स्थापना गर्न संघ संस्थाहरुले सरकारलाई दबाब दिन सक्दछन् र गैर कानूनी रुपमा सरकारी जग्गामा बसेका सुकुम्बासीहरुले सुरक्षित र कानूनी रुपमा हक अधिकार लाग्ने जग्गामा बस्नको लागि माग गर्न सक्दछन् । तसर्थ विभिन्न स्वरुप र ढाँचाका समस्याहरुलाई हल गर्न विभिन्न रणनीति र कार्यहरु गर्नुपर्ने हुन्छ । त्यसकारण पनि सामाजिक सुरक्षाको महत्व धेरै छ । तर यो मात्रै संकटाभिमुख कम गर्ने दिशामा प्रर्याप्त भने छैन ।


सहभागिमूलक संकटाभिमुख विश्लेषणले समुदायलाई परिचालन गरि समुदायको सहभागितामा उनीहरुको सम्पन्नता र सामाजिक सुरक्षित संरचनामा सुधार ल्याउन सशक्त भूमिका खेल्दछ । उदाहरणको लागी एउटा गरीबले समस्याबाट कसरी छुटकारा पाउने भन्ने कुरामा या त व्यक्तिगत रुपमा उसले आफ्नो क्षमतालाई बढाउँदछ वा समुदायको सामुहिक क्षमतालाई अँगाल्दछ । सामुहिक कार्य, सार्वजनिक बहस र निर्णय प्रक्रियामा सामेल हुने क्रममा गरीबले सामुहिक क्षमतालाई अझ सशक्त बनाउन मद्दत पुग्दछ ।

आधारभूत हक अधिकारको हनन र असमावेशीकरण जस्ता विषयवस्तुहरुको विरुद्ध गरिने सार्वजनिक वहसले उनीहरुलाई अझ सशक्त हुन मद्दत गर्दछ । संक्षेपमा सहभागिमूलक संकटाभिमुख विश्लेषण प्रक्रियाबाट हरेक व्यक्तिको आधारभूत हक अधिकार विभिन्न कानूनी र नीतिगत तहबाट सुनिश्चित गर्ने, बधुवा र यौनजन्य हिंसाबाट मुक्त गर्न समेत सहयोग पुग्दछ । यसले कसको के कस्तो दायित्व र भूमिका छ र मानवजीवनको असुरक्षित अवस्थालाई कम गर्न कुन कुन सरोकारवालाको के कस्तो भूमिका हुन्छ भन्ने जान्न पनि मद्दत पुर्‍याउँदछ ।

## ४.२ बहुस्तरिय अवधारणा

संकटाभिमुखका कारणहरु एउटा मात्र नभएर बहुस्तरीय प्रकृतिका हुने गर्दछन् । कतिपय यी कारणहरु आन्तरिक रुपमा भन्दा पनि वाह्य रुप र अवस्थाबाट सिर्जित हुन्छन् । संकटाभिमुखको विश्लेषण गर्ने क्रममा व्यक्तिगत र सामुहिकस्तरभन्दा बाहिर गएर सुक्ष्म रुपमा विश्लेषण गर्नुपर्ने हुन्छ । त्यसकारणले पनि बहुस्तरीय अवधारणामा आधारित रहेर संकटाभिमुखको विश्लेषण गर्नु पर्दछ ।

बहुस्तरिय अवधारणालाई मुख्य गरेर ३ तहमा लेखाजोखा गर्नुपर्ने हुन्छ ।



### ४.२.१ समुदाय स्तर

सहभागिमूलक संकटाभिमुखको विश्लेषणले समुदायलाई सूचनादाता र विश्लेषणकर्ता गरि दोहोरो भूमिका खेल्न सक्षम बनाउँदछ । विश्लेषणको त्यतिबेलासम्म केहि मूल्य हुँदैन जबसम्म कार्ययोजना बनाई संयुक्त रुपमा संकटाभिमुख कम गर्न अगाडि बढिँदैन ।

यस प्रक्रियामा संकटाभिमुख कम गर्न के कस्ता कार्यहरु समुदायद्वारा कार्यान्वयन गर्नु पर्दछ भन्ने निर्णय पनि उनीहरुले नै गर्दछन् । संकटाभिमुख सम्बन्धि समस्याहरुलाई समाधान गर्न के कस्ता नीति र तौरतरिका अवलम्बन गर्ने भन्ने निर्णय बाहिरियाले नगरि स्वयं संकटग्रस्त समुदायबाट नै गरिन्छ । त्यसकारणले पनि सहभागीमूलक विश्लेषण प्रक्रियामा नीतिगत र कार्यगत दुवै पक्षलाई ध्यान दिनु जरुरी हुन्छ ।

यस प्रक्रियाबाट गरीब र विपन्न समुदायका व्यक्तिहरुले उनीहरुलाई प्रभाव पार्ने नीतिगत कुराहरुमा पनि आफ्नो धारणा राख्न सक्षम हुन्छन् । समुदायस्तरमा बैठक गर्ने, स्थानीय सहजकर्ताहरुलाई सहभागिमूलक तौरतरिका र विधिको बारेमा तालिम दिएर पनि संकटाभिमुखको अवस्थामा कमी ल्याउन सकिन्छ ।

### ४.२.२ जिल्ला स्तर

समुदायस्तरमा प्रत्यक्ष रुपमा सरोकारमा राख्ने संकटाभिमुखका कारणहरुलाई लिपीवद्ध गरेर जिल्ला स्तरमा छलफल गरिनु पर्दछ । यसको लागि जिल्लास्तरको सरोकारवाला र विभिन्न संघ संस्थाका पदाधिकारीहरु सहभागि भएर संकटाभिमुखका विभिन्न स्वरुपहरुको बारेमा विश्लेषण गर्ने र संकटाभिमुख कम गर्न तत्कालै चाल्नुपर्ने कदमहरुको बारेमा निर्णय गरी कार्यान्वयनमा जानु पर्दछ ।

समुदायस्तरमा गरिएको विश्लेषण प्रक्रियाको बारेमा राम्रोसँग प्रस्तुति गर्न सकिएमा जिल्ला स्तरका सरोकारवालाले संकटाभिमुख कम गर्न महत्वपूर्ण भूमिका खेल्न सक्दछन् । तर समुदायस्तरमा गरिएको विश्लेषणको बारेमा जिल्लास्तरका सरोकारवालाहरुको निर्णय हाबी हुन दिनु हुँदैन । विभिन्न सरोकारवालाहरु र लक्ष्यित समूहसँग छलफल गर्ने, स्थानीयस्तरको पैरवी मार्फत पनि संकटाभिमुखलाई कम गर्न सकिन्छ ।

### ४.२.३ क्षेत्रिय र राष्ट्रिय स्तर

संकटाभिमुखको विश्लेषण समष्टिगत रुपमा गर्नको लागि क्षेत्रिय र राष्ट्रियस्तरका सरोकारवालाहरु, जो नीति निर्माणमा प्रत्यक्ष रुपमा संलग्न हुन्छन्, को सहभागिता हुनु जरुरी हुन्छ ।

यसबाट मुख्य सवालहरुको बारेमा अध्ययन गर्न, राष्ट्रिय तहमा पैरवी गर्न, सिकाईको आदनप्रदान र अनुगमन गर्न र राष्ट्रिय स्तरमा कार्यशाला गोष्ठि मार्फत संकटाभिमुखका विविध

सवालहरुलाई बाहिर ल्याउन समेत मद्दत पुग्दछ । साथै यसबाट संकटाभिमुख कम गर्न सकिन्छ ।

### ४.२.४ अर्न्तराष्ट्रिय स्तर

कतिपय संकटाभिमुखका अर्न्तनिहित कारणहरुको लेखाजोखा गर्न अर्न्तराष्ट्रिय स्तरमा पनि पैरवी, समन्वय र नीति निर्माण गर्नुपर्ने हुन्छ । अर्न्तराष्ट्रियस्तरको कार्यशाला गोष्ठि मार्फत यस्ता विविध सवालहरुमा व्यापक छलफल गरि संकटाभिमुख कम गर्न सहयोग पुग्ने हुन्छ ।


# पाठ ५

# संकटाभिमुखसग सम्बन्धित अन्य अवधारणाहरु

> "संकटाभिमुखलाई गहिरोसँग बुझ्न यससँग सम्बन्धित अन्य अवधारणाहरुलाई राम्रोसँग केलाएर यीनीहरुबीचको फरकतामा स्पष्ट हुनुपर्दछ । हामीलाई शुरुमा गरीबी, विपन्नता, अभाव, विकास, क्षमता, अवसर, आवश्यकता, संकटाभिमुख उस्तै जस्तो लाग्थ्यो तर यीनीहरुको बीचमा स्पष्ट फरकता हुँदो रहेछ । जबसम्म यी विविध सवालहरुमा स्पष्ट हुन सकिंदैन त्यतिबेलासम्म संकटाभिमुखको राम्रोसँग विश्लेषण गर्न सकिंदैन ।"
>
> \- मुना मुकेरी, गृहणी, मटेहिया, बाँके

## ५.१ संकटाभिमुखसग सम्बन्धित अन्य अवधारणा

संकटाभिमुख आफैंमा गतिशिल र जटील प्रक्रिया भएकोले यसलाई कहिले काहीं यससँग सम्बन्धित अन्य अवधारणा जस्तैः गरीबी, विपन्नता, अभाव, विकास, क्षमता, अवसर र आवश्यकतासँग स्पष्ट रुपमा फरक छुट्टाउने कुरामा गाह्रो हुन्छ । तर संकटाभिमुखलाई अन्य सम्बन्धित अवधारणासँग फरक छुट्टाउन सकिएन भने हाम्रो सहभागीमूलक प्रक्रिया नै संकटमा पर्छ । यसबारेमा यस पाठमा केही चर्चा गरिएको छ ।




संकटाभिमुख सम्बन्धित अन्य अवधारणाहरु

### ५.१.१ गरीबी

सम्पन्न र विपन्न वर्गमा संकटाभिमुखका प्रकार र यसका परिणामहरु पनि फरक फरक हुने गर्दछन् । उदाहरणको लागीः घरको भौतिक अवस्था जीर्ण र पारिवारीक कमजोर अर्थव्यवस्थाले गर्दा सम्पन्न वर्गको तुलनामा विपन्न वर्गका व्यक्ति वा समूहले

भूकम्पको बेलामा बढि क्षति बेहोर्नु पर्दछ । अर्कोतिर विपन्न वर्गको तुलनामा सम्पन्न व्यक्तिको साधन र स्रोत बढि हुने भएकोले चोरीको शिकारबाट उनीहरु बढि समस्यामा हुन्छन् । सम्पन्न घरघरानाको परिवार द्वन्दको बेलामा अन्य परिवारको तुलनामा बढि समस्यामा पर्दछन् । द्वन्दरत पार्टीहरुले उनीहरुलाई विभिन्न प्रयोजनबाट बढि सताउने गर्दछन् ।

गरीबी भन्नाले आवश्यकता पूर्ति नहुनु वा आम्दानी नहुनु हो भने संकटाभिमुख भन्नाले जोखिम, खतरा, चिन्ता, आदिलाई प्रतिरक्षा गर्न नसक्नु हो । विपन्न समुदायका व्यक्तिहरु सामान्य समुदायको तुलनामा खतराबाट बढि प्रभावित हुन्छन् । संकटाभिमुखको परिणाम विपन्न वर्गमा बढि हुन्छ किनकी उनीहरुको त्यस्ता परिणाममा थोरै मात्रामा नियन्त्रण हुन्छ ।

त्यसकारण संकटाभिमुख आफैमा एउटा त्यस्तो अवधारणा हो जसअनुसार जोखिम, अप्ठ्यारो अवस्था र खतराबाट केहि वर्ग र समुदायका व्यक्तिहरु अन्य वर्ग र समुदाय भन्दा किन बढि प्रभावित हुन्छन भनेर विश्लेषण गरी थाहा पाउन सकिन्छ । खतरा बढेमा जोखीमको अवस्था पनि बढ्दै जान्छ जसको फलस्वरुप समुदायमा आपतकालीन अवस्थाको सृजना हुन्छ ।

### ५.१.२ विपन्नता

विपन्नता एउटा सापेक्ष शब्द हो जो सम्पन्न समूहसँग अर्न्तसम्बन्धित हुन्छ । जुन वर्ग वा समूह अप्ठ्यारो र असावधानीपूर्ण अवस्थामा रहन्छ त्यो नै विपन्नता हो । अर्को शब्दमा विपन्नता भन्नाले सामान्य सामाजिक सुअवसरहरु गुमाउनु भन्ने बुझिन्छ । स्रोत र साधनमा पहुँच र नियन्त्रण हुन नसक्नु पनि विपन्नता हो । हामी उत्तरमा बसोवास गर्ने विपन्न वर्गका समूहसँग दक्षीणमा बस्ने विपन्न वर्गका समूहसँग विपन्नताको बारेमा तुलना गर्न सक्दैनौं ।

अर्कोतिर संकटाभिमुख जोखिम, अप्ठ्यारो अवस्था, क्षमता र पुर्वाअवस्थामा फर्कन सक्ने दक्षतासँग सम्बन्धित हुन्छ । यो अन्य व्यक्तिको संकटाभिमुखसँग सम्बन्धित हुन पनि र नहुन पनि सक्छ । तर विपन्नताले गर्दा संकटाभिमुख बढाउँदछ । चुनावमा हारेका राजनैतिक पार्टीका कार्यकर्ताहरु विपन्न हुन सक्दछन् तर संकटाभिमुख हुँदैनन् । तिनीहरु त्यतिबेला संकटाभिमुख हुन्छन् जतिबेला राज्यले चुनाव जित्ने राजनैतिक पार्टीका समर्थकहरुलाई ब्यापक रुपमा विभेद गर्ने वातावरण सृजना गर्दछ ।

### ५.१.३ अभाव

भौतिक स्रोत र साधन, स्वतन्त्रता र खुशीयालीबाट विमुख हुने अवस्था नै व्यक्ति वा समूहको अभावको अवस्था हो । यो जीवनबाट प्राप्त न्यूनतम सेवा र सुविधाबाट बन्चित हुने अवस्थासँग पनि सम्बन्धित छ । अभावले व्यक्ति वा समूहलाई संकटाभिमुखको अवस्था तर्फ धकेल्छ भन्ने जरुरी छैन । कोही व्यक्ति, वर्ग र समूहसँग केही अवसरको अर्थमा अभाव हुन सक्छ तर अभाव एउटा मात्र त्यस्तो तत्व होइन जसले संकटाभिमुखको अवस्थाको सृजना गर्दछ । प्राय गरेर अभाव सहित अन्य तत्वहरुको संयुक्त रुपबाट संकटाभिमुख बढ्दै जान्छ । प्राय गरेर सूचना र

स्रोत वा सेवामा पहुँच नहुनेहरु अभावका सिकार हुन्छन् जसले संकटाभिमुखको अवस्था सृजना गर्नमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । अभाव हुनु, अन्य विकल्पहरु नहुनु र क्षमता क्षीण हुनुजस्ता संयुक्त अवस्थाबाट संकटाभिमुख उत्पन्न हुन्छ ।

तर सधैंभरी अभावको अवस्थाले संकटाभिमुखको अवस्था सृजना गर्छ भन्ने जरुरी छैन । यो विभिन्न अवस्थामा भर पर्दछ । उदाहरणको लागी यदि कसैसँग कुनै सन्तान छैन भन्दैमा ऊ संकटाभिमुख छ भन्ने जरुरी छैन । यदि त्यो व्यक्ति त्यस्तो समुदायमा बसोवास गरेको छ जहाँ राज्यले बुढाबुढीलाई बुढेसकालमा सेवा सुविधामा कत्ति पनि सरसहयोग गर्ने परिपाटी छैन भने अभावले त्यस्तो बेलामा उक्त व्यक्तिलाई संकटाभिमुखको अवस्थामा धकेल्न सक्छ ।

### ५.१.४ विकास

कुनैपनि समुदायका व्यक्ति, वर्ग वा समूहको संकटाभिमुखको मात्रा र उनीहरुले सामना गर्नु परेको जोखीमको प्रकृति कतिपय अवस्थामा पूर्व विकासका कारणबाट सृजीत हुन्छ । उदाहरणको लागी ठूला बाँध बन्ने, नदि नियन्त्रण गर्ने, नहर र सडक निर्माण आदिबाट कतिपय अवस्थामा कतिपय व्यक्ति, वर्ग र समूह बढि संकटाभिमुख हुन्छन् । कतिपय अवस्थामा आर्थिक विकासका नीति, संरचनात्मक समायोजन कार्यक्रम, आदि जस्ता कारणहरुबाट पनि निश्चित वर्ग र समूहका व्यक्तिहरु बढि संकटाभिमुख हुन्छन् । उदाहरणको लागी कतिपय ठाउँमा सडक निर्माण पछि समुदाय बाढी र डुवानका समस्याबाट बढि संकटाभिमुख हुन्छन् । सडक निर्माणको बेलामा प्रशस्त कल्भर्टको प्रयोजन गर्न नसक्नु यसको समस्या हो । बस्ति किनारमा ठूलो बाँध बनाउनुले बाँधको भित्रपट्टि बसोवास गर्ने समुदाय प्राय गरेर डुवानको समस्याबाट पिडित हुन्छन् ।

त्यसकारण पनि हालका विकासे कार्यक्रम र नीतिहरुले भविष्यको संकटाभिमुखलाई असर गर्ने गरेको हुन्छ ।समुदायको संकटाभिमुख भविष्यमा पनि नबढ्ने किसिमले विकास योजनाहरु तय गरिनु पर्दछ । विकासका हरेक प्रयासहरुमा समुदायको संकटाभिमुखको अवस्थालाई कम गर्ने रणनीतिलाई मुख्य रुपमा आत्मसात र अबलम्वन गर्नु पर्दछ ।

विकास र विनास एकआपसमा अन्तरसम्बन्धित हुन्छन् । विकास प्रक्रियामा त्रुटि भएमा विकासले विनास निम्त्याउँछ । विकास निर्माणका कार्य गर्दा वा बसोबासका लागि स्थानको चयन गर्दा कुन स्थानमा कस्तो प्रकोप आउनसक्छ भनेर पहिल्यै पहिचान गरिएन भने आवासक्षेत्र तथा विकासका अन्य संरचना संकटाभिमुख बन्दछन् । जस्तैः नदीकिनारमा बसोबास गरेर नदीको प्राकृतिक बहाब अवरुद्ध गर्दा त्यस क्षेत्रमा निर्मित भौतिक साधन मात्र क्षति नभएर मानिसले नै ज्यान गुमाउनुपर्ने हुन्छ । त्यसैगरी, पहिरो जानसक्ने भिरालो क्षेत्रमा बसोबास गर्नु वा भौतिक संरचना निर्माण गर्नु आफैमा जोखिमपूर्ण हुन्छ । यस्ता पक्षमा विचार नपुऱ्याई लगानी गरिएका भौतिक संरचनाहरु, आवासक्षेत्र, सडक, पुल, विद्युत्गृह, खानेपानी, आदि

संकटमा पर्दछन् । निम्नावस्थामा विकासका संरचना प्रकोपका दृष्टिकोणले बढि संकटाभिमुख बन्दछन् ।

- वातावरण विनसद्वारा प्राकृतिक वातावरणमा असन्तुलन पैदा भएमा ।
- अनियोजित र अनियन्त्रित सहरीकरण बढेमा ।
- कमजोर संरचना निर्माण गरिएमा ।
- औद्योगिक क्षेत्रमा त्रुटिपूर्ण प्रविधिको प्रयोग गरिएमा ।
- बाढीपहिरो आउने ठाउँमा बसोबास गरिएमा ।

प्रभावकारी विकास योजनाले संकटाभिमुख कम गर्न मद्दत गर्दछ । विकास निर्माणका कार्यलाई दीगो बनाउन कुन क्षेत्रमा, कस्तो प्रकोप निम्तनसक्छ पूर्वानुमान गरी प्रकोप प्रतिरोधात्मक प्रविधिको प्रयोग गर्दै विकास निर्माण गर्न सकिएमा विकासले प्रकोपबाट आउनसक्ने संकट न्यून गर्न सहयोग गर्दछ । निम्न अनुसारका विकास तथा अन्य कार्यले प्रकोपजन्य संकट घटाउन सहयोग मिल्छ ।

- संस्थागत सुदृढीकरण र स्थानीय तहसम्म चेतना तथा क्षमता अभिवृद्धि गरिएमा ।
- योजनाबद्ध सहरी विकास तथा सबलीकरण गरिएका सेवासुविधाको विकास भएमा ।
- खतरा न्यून गर्ने वा थोरै असर पार्ने आधुनिक निर्माण पद्दति अवलम्बन गरिएमा ।
- प्राकृतिक स्रोतको दिगो तथा बुद्धिमतापूर्ण प्रयोग भएमा ।
- मानवीय आवश्यकताका वस्तुको उचित व्यवस्थ गरिएमा ।
- वन र कृषिभूमिको अधिकतम उपयोग र विकासका उपयुक्त कार्यक्रम सञ्चालन भएमा, आदि ।

### ५.१.५ क्षमता

मानीसहरुले हजारौं वर्षदेखि प्रकोपको समस्यालाई कसरी टार्ने भन्ने रणनीतिहरु बनाउँदै र अबलम्वन गर्दै आएका छन् । उनीहरुसँग प्रभावकारी रुपमा कसरी आफुलाई, आफ्नो परिवारलाई, बाह्रय चुनौती र जोखीमबाट आफ्नो जीविकोपार्जनका साधनलाई कसरी सुरक्षित र संरक्षित गर्ने भन्नेबारेमा आ-आफ्ना रणनीति र तौरतरिकाहरु रहेका हुन्छन् । यो नै उनीहरुको सामाजिक पूँजी हो ।

यस्ता रणनीतिहरु उनीहरुले दुःख पर्नुभन्दा अघि वा पछि कार्यान्वयनमा ल्याउने गर्दछन् । जसबाट उनीहरुलाई प्राविधिक र सामाजिक परिपाटीहरु मिलाउन सजिलो पर्छ । यसको साथै समुदायभित्र सबभन्दा बढि संकटमा परेको व्यक्ति, वर्ग वा समूहसँग पनि केही मात्रामा भएपनि आवश्यक शीप, स्रोत र बल हुन्छ जसले उनीहरुलाई अप्ठ्यारो अवस्थासँग जुध्न सहयोग पुऱ्याउँदछ ।

संकटाभिमुख कम गर्न राम्रा रणनीतिहरु तय गर्ने कुरा सबभन्दा महत्वपूर्ण पक्ष हो । यो व्यक्ति, वर्ग वा समूहको क्षमताको पहिचान गरेर र अप्ठ्यारो अवस्थामा पनि कसरी उनीहरु सो

अवस्थालाई व्यवस्थित गर्छन भन्ने लेखाजोखा गरेर गर्न सकिन्छ । यसमा बाढी प्रभावित समुदायमा कसरी घरआँगन सुरक्षित बनाउने वा जोखिम न्यूनीकरणको रणनीतिको रुपमा कसरी बैकल्पिक आयआर्जनका अवसरहरुमा उनीहरुलाई संलग्न गर्ने भन्ने जस्ता कुराहरु पर्दछन् । विश्लेषण प्रक्रियामा जति धेरै संकटाभिमुख समुदायका व्यक्तिहरु संलग्न हुन्छन् त्यति नै धेरै उनीहरुको क्षमता र संकटाभिमुख बारेको बुझाई थाहा पाउन सजिलो हुन्छ ।

संकटाभिमुख बारेको बुझाई जति महत्वपूर्ण छ त्यति नै क्षमता बारेको बुझाई पनि । क्षमताले संकटाभिमुख समुदायमा बसोवास गर्ने व्यक्ति, वर्ग वा समूहले कसरी जोखिम र खतराबाट आफुलाई व्यवस्थापन गर्छन् भन्ने निर्धारण गर्न मद्दत गर्दछ ।

### ५.१.६ अवसर

आपतकालीन अवस्थाले कहिलेकाहीं समाजमा लिङ्गीय भूमिका र शक्तिसन्तुलनमा सकारात्मक परिवर्तन र अवसर प्रदान गर्दछ । यस्ता अवसरहरु कतिपय सामान्य अवस्थामा कल्पना समेत गर्न सकिंदैन । उदाहरणको लागीः ध्ध्ज्ञ पछि मात्र महिलालाई भोटको अधिकार प्रदान गरिएको थियो । कतिपय अवस्थामा असाध्यै अप्ठ्यारो अवस्थामा सृजीत वातावरणले समुदायको सद्भाव र भाईचारामा वृद्धि गर्दछ । उदाहरणको लागीः लेटिन अमेरिकामा गएको शक्तिशाली भूकम्प पछि राजनैतिक परिवर्तन सम्भव भएको थियो । भ्रष्टचारी नेताहरु र सरकारको कुशासनका मुख्य क्षेत्रहरुको अवस्था भुकम्प पछि राम्रोसँग उदाङ्गिएको थियो ।

आपतकालीन अवस्थामा पनि बाँच्न समाजमा विद्यमान अवसरहरुलाई संस्थागत गर्नुपर्दछ । समुदायको प्रत्यक्ष सहभागीतामा अवसरहरुको शुक्ष्म विश्लेषण गरेमा कहाँ र कुन क्षेत्रमा परिवर्तन जरुरी छ भन्ने थाहा पाईन्छ । यसबाट छोटो समयमा पनि जहाँ परिवर्तन छिटो सम्भव भएको छ त्यहाँ स्रोतको लगानी गर्न सम्भव हुन्छ । त्यसकारण जसरी आपतकालीन अवस्थामा विकास कार्यक्रममा संकटाभिमुखको विश्लेषणलाई महत्व दिनु पर्छ त्यसैगरी अवसरलाई पनि त्यत्तिकै महत्वका साथ हेरिनुपर्दछ ।

### ५.१.७ हकअधिकार

यदि हामीले संकटाभिमुखको कारणहरुलाई शुक्ष्म रुपमा केलायौं भने प्राय गरेर विभिन्न तहमा हक अधिकारको हननबाट संकटाभिमुख बढेको पाउछौं । घर परिवार र समुदायभित्र प्राय गरेर घरमूली, धार्मीक नेता र अन्य प्रभावशाली व्यक्तिले शक्तिको आडमा बसेर विभेद गरिरहेको हुन्छ । समुदाय बाहीरका टाठाबाठा व्यक्तिहरु पनि बजार संयन्त्र, प्रशासनिक ढाँचा, सूचना र प्रविधिको आडमा शक्तिको आधारमा अरुको हकअधिकारको हनन गर्न लागी परेका हुन्छन् ।

ज्ञान र स्रोतमा कमी हुनेजस्तो अवस्थाले पनि संकटाभिमुख बढाउनमा मद्दत गर्छ । कुनै निश्चित समुदायमा ज्ञान र स्रोतमा पहुँच कसरी बढाउन सकिन्छ भन्ने कुरा उनीहरुले हकअधिकारलाई कसरी लिएका छन् भन्ने कुरामा भर पर्दछ । विपन्न र पछाडी पारिएको

अवस्थामा हकअधिकारको बारेमा सो वर्गले आफ्नो आवाज बुलन्द गर्न सक्दैनन् । राष्ट्रिय र अन्तराष्ट्रियस्तरमा हकअधिकारको प्रत्याभूतीको लागी यथेष्ठ कानूनहरु बनेका छन् तर बिडम्वनाको कुरा ति कानूनहरुको कार्यान्वयन पक्ष भने साह्रै कमजोर अवस्थामा छ । तर महत्वपूर्ण पक्ष भनेको कुन व्यक्ति, वर्ग र समूह अधिकारको हननबाट बढि संकटमा छ ? र किन छ ? भनेर पहिचान गर्नु हो । यो त्यतिबेला मात्र सम्भव छ जब समुदायका व्यक्तिको प्रत्यक्ष सहभागीतामा समुदायस्तरमा संकटाभिमुखको अवस्था कस्तो छ र यसमा हकअधिकारको हननको सम्बन्ध कहाँनिर छ भन्ने विस्तृत रुपमा विश्लेषण गरिन्छ ।

### ५.१.८ आवश्यकता

आवश्यकता वास्तवमा गरीबी, विपन्नता र प्रकोप पछिको अवस्थाबाट सिर्जित वाह्रय लक्षण मात्र हो । यदि हामीले संकटाभिमुखलाई शुक्ष्म रुपमा हेर्‍यौं भने यो अति गोप्य र सुसुप्त अवस्थामा हुन्छ, यसले समाजको संरचनालाई मलजल गर्दछ र यसले गतिशिल दबाब सृजना गर्न मद्दत गर्ने गर्दछ । जब व्यक्तिका आवश्यकताहरु पूर्ति हुन्छन्, केही समयको लागी उ सामान्य अवस्थातिर फर्कन्छ तर संकटाभिमुख जहाँको त्यही रहन्छ र प्रकोपलाई निम्त्याउन आन्तरिक रुपमा मद्दत पुर्‍याउँदछ ।

समाजका व्यक्ति, वर्ग र समूहको सही सहभागीताबाट संकटाभिमुखको बारेमा बुझ्न, व्यक्तिका आवश्यकता पहिचान र पूर्वानुमान गर्न र वास्तवमा उनीहरुको आवश्यकता के हो भनेर लेखाजोखा गर्न मद्दत पुग्दछ । प्रकोप पछि पनि विपन्नको तुलनामा सम्पन्न वर्गले प्रकोपको असरबाट आफूलाई पुरानै अवस्थामा छिट्टै फर्काउन सक्छन् । यसको प्रमुख कारण उनीहरुसँग आवश्यक आधारभूत आवश्यकताको कहीं कतै कमी हुँदैन ।

### ५.१.९ जोखीम

जोखिम र संकटाभिमुख एउटा सिक्काका दुई पाटा हुन् । जोखिम भनेको ठूलो घटना, दुर्घटना वा खतराबाट हुनसक्ने सम्भावित अवस्था हो । यो कस्तो प्रकारको खतरा उत्पन्न हुन्छ र त्यसको मात्रा कस्तो हुन्छ भन्ने कुरामा निर्भर गर्दछ । जबकी संकटाभिमुख भनेको खतराबाट उत्पन्न अवस्थालाई आत्मसात गर्ने क्षमता नहुनु भन्ने बुझिन्छ । यदि जोखीमको कारणबाट जो बढि संकटाभिमुख भएका छन्, उनीहरुलाई राम्रोसँग पहिचान नगरीएमा उनीहरुलाई विश्लेषण प्रक्रियामा सहभागी गराउन गाह्रो हुन्छ । त्यसकारण पनि राम्रोसँग पहिचान गरेर उनीहरुलाई प्रत्यक्ष रुपमा विश्लेषण प्रक्रियामा संलग्न गराउनुपर्दछ ।

# पाठ ६
# संकटाभिमुखमा अधिकारमुखि विकासको पद्दति

> "हामीमा कानूनको ज्ञान एकदमै कम छ । हामीहरु कानून जान्दैनौं त्यसकारण हामी सबै किसिमको सेवा र स्रोतबाट ठगिएका छौं । सहभागीमूलक संकटाभिमुख विश्लेषण गर्नु भन्दा अगाडीसम्म हक अधिकारको हननबाट कसरी संकटाभिमुख बढ्दछ भन्ने थाहा थिएन । वास्तवमा आफ्नो हक अधिकारको बारेमा राम्रोसँग नबुझ्की संकटाभिमुखलाई कम गर्न सकिने रहेनछ । किनकी संकटाभिमुखका कतिपय पक्षहरु हक अधिकारसँग गाँसिएका हुँदा रहेछन् ।"
>
> - लक्ष्मी चौधरी, सूर्यपटुवा, बर्दिया

## ६.१ संकटाभिमुखमा अधिकारमुखि विकासको पद्दति

विकासमा अधिकार भनेको यस्तो मानव अधिकार हो जसको मर्म अनुसार हरेक व्यक्ति आर्थिक, सामाजिक, साँस्कृतिक र राजनैतिक विकास प्रक्रियामा सहभागी बन्ने, योगदान दिने र उपभोग गर्न पाउछन् जसमा सबै मानव अधिकार, मौलिक स्वतन्त्रताहरु पूर्णत प्रत्याभूत हुन्छन् । ( ब्चतष्अभि ज्ञाज्ञा ग्ल म्भअबिचबतष्यल यल चष्नजत तय मभखभयिऊभलत०

यदि संकटाभिमुख कम गर्ने हो भने नागरिकहरूको सुरक्षित बाँच्न पाउने अधिकारको सुनिश्चितताका लागि संवेदनशील हुनु पर्दछ । यसको साथै स्थानीय सरकार तथा अन्य निकायहरूलाई व्यवस्थित गरी जनतालाई आवश्यक सेवा प्रदान गर्न केन्द्रित तथा स्थानीय सरकार पूर्ण रूपमा प्रतिबद्ध हुनु पर्दछ । यस अन्तर्गत सुरक्षित बाँच्न पाउने समुदायको अधिकार प्रत्याभूति भएको कानुनी शासन, सामाजिक तथा भौतिक पूर्वाधारहरूको विकास र सामाजिक, आर्थिक, मान्यताहरूलाई निरन्तरता प्रदान गर्ने ठोस कार्यहरू पर्दछन् ।

एक्सनएड नेपाल अन्य साझेदार संस्थाहरुको सहकार्यमा, नेपालका गरीव, नीमूखा र सीमान्त समुदायहरुको संकटाभिमूखता र खतराको सवालमा क्षमता अभिवृद्धिको माध्यमले जोखिम घटाउन प्रतिवद्ध छ । यी प्रतिवद्धताहरु विभिन्न मानवीय तथा मानवअधिकार कानुनहरुको जडमा आधारित छन् र लैंगीक समता एवं अधिकारमूखि तथा सहभागितामूलक पद्दतिहरुको अभ्यासद्वारा पोषित र समृद्ध छन् ।

### ६.१.१ मानवअधिकार भित्रका विविध अधिकार

सामान्यतया मानव अधिकार भित्र निम्न अधिकारहरु पर्दछन् ।

- आस्थाको अधिकार (Rights to Faith)
- अभिब्यक्तिको अधिकार (Rights to Expression)
- संगठीत हुने अधिकार (Rights to Organization)
- सूचना प्राप्त गर्ने अधिकार (Rights to Information)
- निर्णय प्रक्रियामा सहभागी हुने अधिकार (Rights to Participation)
- सुरक्षित जीवनयापन गर्न पाउने अधिकार (Rights to Security)
- खाद्य अधिकार (Rights to Food)
- आश्रयको अधिकार (Rights to Shelter)
- आधारभूत शिक्षाको अधिकार (Rights to Basic Education)
- जीविका चुन्ने अधिकार (Rights to Choose Livelihood)
- प्राकृतिक स्रोतमा पहुँचको अधिकार (Rights to Natural Resources)
- सम्पतिको अधिकार (Rights to Property)

### ६.१.२ अधिकार विश्लेषणभित्रका तत्वहरु

संकटाभिमुख अवस्था कम गर्ने दिशामा एक्सनएडको अधिकार विश्लेषण भित्र निम्न तत्वहरु पर्दछन् ।

- अधिकारमा आधारित विश्लेषणले संकटबाट प्रभाव जनसाधारणलाई अधिकार तथा उत्तरदायित्वयुक्त नागरिकका रुपमा स्वीकार्दछ । यसबाट जनतालाई रक्षा, मानवीय सुरक्षा र आफ्नो आवश्यक्तामा आधारित सहायताको अधिकार प्राप्त हुन्छ ।
- शक्ति वितरणको विश्लेषणले अधिकार विश्लेषणका सबै पक्षहरुलाई सूचित गर्दछ । यस्ले प्रकोपबाट पीडित गरिव जनतालाई कहाँ र कसरी तिनको शक्तिको हिस्सामा बृद्धि गर्न सकिन्छ भन्ने पहिचान गराउँदछ ।
- आधारभूत साधन स्रोत र सेवाहरुमा को कसको पहुँच वा नियन्त्रण छ वा छैन भन्ने बारे दृष्टिगत गर्दछ । प्राय यसले असमान नीति तथा अभ्यास जस्तै महिलाहरुलाई जमीनमाथि अधिकार नदिइएको राज्यहरुमा प्रकोपबाट महिलाहरु अझ बढी पीडित हुने तथ्यलाई प्रतिविम्बित गर्दछ ।
- अधिकार विश्लेषणबाट सबै तप्काका व्यक्ति वा संस्थाहरु व्यक्ति, परिवार, स्थानीय र राष्ट्रिय सरकार, क्षेत्रीय निकाय वा अन्तराष्ट्रिय संघसंस्थाहरुका उत्तरदायित्व र ती उत्तरदायित्वहरु बहन गर्ने तिनीहरुको क्षमताबारे पहिचान गराउन मद्दत गर्दछ ।
- प्रकोपबाट पीडित खासगरी सबै भन्दा बढि असहाय जनता कसरी विषयबस्तु निर्धारण तथा निर्णय प्रक्रियामा सक्रिय सहभागी हुन सक्छन् र अन्य सम्बद्ध पक्षहरुसँग तिनीहरु आफ्नो अधिकार सम्बन्धमा कसरी छलफल गर्न सक्छन् भन्ने वातावरण सृजना गर्दछ ।

- महिलाहरुको संकटबाट उत्पन्न असर सामना गर्ने क्षमता प्रति आत्मविश्वास बृद्धि गर्दा कसरी लिङ्गीय भूमिका र सम्बन्ध तथा असमान व्यवहारहरुले महिलालाई बढी पीडित बनाउँदछ भन्ने तर्फ ध्यान पुऱ्याउनु पर्दछ । उदाहरणका लागि, यौनजन्य हिंसा र मानव बेचविखनका गतिविधिहरुको बारेमा विश्लेषण गर्नुपर्दछ ।
- अधिकार विश्लेषणले शक्ति, संस्कृति र अधिकार बीचको अर्न्तद्वन्द तथा समन्वय दुबैलाई सम्बोधित गर्दछ ।
- अधिकारमुखी विकास पद्दतिले शक्ति र अधिकार विश्लेषण गर्ने ढाँचासमेत प्रदान गर्छ । यसले विकास प्रक्रिया नै सामाजिक परिवर्तनको आधारको रुपमा लिन्छ ।
- अधिकारहरु विश्वव्यापी र अविभाज्य हुन्छन् । यसले कुनै अधिकार कुनै विशेष परिवेशमा बढी आवश्यक हुन सक्छन् भन्ने मान्यता राख्दछ ।
- अधिकार भनेको महसुस गर्ने, सम्मान गर्ने, प्रत्याभूति गर्ने किसिमको हुन्छ । यसले सरोकारवालाको जवाफदेहीता र विश्वसनीयता समेतमा जोड दिन्छ ।

### ६.१.३ संकटाभिमुखलाई अधिकारमुखि पद्दतिबाट हेर्नुपर्ने कारण

संकटाभिमुखलाई अधिकारमुखि विकासको पद्दतिबाट हेरिनु पर्दछ । सहभागिमूलक संकटाभिमुख विश्लेषण गर्दा निम्न सवाल र पक्षहरुमा व्यापक छलफल गरिनुपर्दछ ।

- के सबै वर्ग र तहका व्यक्तिहरुको सूचनामा पहुँच छ ? छैन भने किन छैन ? पारदर्शिता, निर्णय, योजना आदि सही सूचना, सही पद्दतिबाट, सही स्वरुपमा, सही व्यक्तिमा पुऱ्याउनुपर्दछ।
- के जोखिममा परेका व्यक्ति र समूहको निर्णय गर्ने प्रकृयामा समान अवसर प्राप्त छ? छैन भने किन छैन ?
- के संकटमा परेका व्यक्ति वा समूहको योजना तर्जुमा र अनुगमन प्रणालीमा सहभागि हुने अवसर प्राप्त गरेका छन् ? जसले उनीहरुलाई सुरक्षाको हिसाबले बढी जोखिममा पारेको छ ? (बाँधको निर्माण, खानीहरुको संचालन, आदि)
- के संकटमा परेका व्यक्ति वा समूहको जमिन, जल, जंगल तथा भौतिक संरचना जस्ता स्रोत र साधनमा पहुँच र नियन्त्रण छ ? छैन भने किन ?
- के संकटमा परेको वर्ग र समुदायको एउटा अधिकार हननबाट सृजित हुने विभिन्न समस्याहरुको बारेमा यथेष्ठ ज्ञान र जानकारी छ ? (जस्तैः नागरिकताको सवाल, आश्रय स्थल माथिको समान पहुँच, आदि)
- के संकटमा परेको वर्ग र समुदायको विभिन्न विकल्पहरुको चयन गर्ने स्वतन्त्रता र क्षमता छ ? छैन भने किन ?
- के संकटमा परेको वर्ग र समूहसँग हक अधिकारबारे मध्यस्तता गर्ने क्षमता छ ? छैन भने किन?
- के संकटमा परेको वर्ग र समूहसँग जीविकोपार्जन को अधिकार, विमा योजनामा समान पहुँचको अधिकार छ ? छैन भने किन ?

- के संकटमा परेको वर्ग र समूहसँग आफ्नो क्षेत्रमा काम गर्ने विभिन्न संघसंस्था, सरकारी निकाय, दातृसंस्थाहरु हक अधिकारको हिसाबबाट आफुप्रति जवाफदेही छन् भन्ने कुरा जानकारी छ ? छैन भने किन ?

स्रोत र ज्ञानको कमि हुनु, स्रोतमा पहुँच नहुनु, निश्चित समुदायको हक र अधिकार हनन हुनु, आदिले पनि संकटाभिमुखमा असर गर्दछ । प्राय गरेर गरीब, विपन्न र पछाडी पारिएका व्यक्तिहरुले आफ्ना हक अधिकारका कुराहरु राम्रोसँग उठाउन सक्दैनन् । राष्ट्रिय र अन्तराष्ट्रिय कानूनहरु राम्रोसँग कार्यान्वयन हुन नसक्नुले पनि संकटाभिमुख बढाउँदछ ।

# पाठ ७
# सहभागीमूलक संकटाभिमुख विश्लेषण प्रक्रिया

---

> "विश्लेषणका हरेक पाईलामा राम्रोसँग ध्यान पुऱ्याएर छलफल गर्न सकिएको खण्डमा संकटाभिमुखका विभिन्न रुप र यसबाट सृजित अवस्थालाई प्रभावकारी रुपमा खोतल्न सकिन्छ । तर महत्वपूर्ण पक्ष के हो भने हामी किन संकटमा छौं, त्यसका मुख्य कारणहरु के के हुन् ? ति कारणहरुबाट के कस्तो असर परेको छ र कुन कुन सरोकारवालाको संलग्नतामा संकटाभिमुखको असर र प्रभावलाई कम गर्न सकिन्छ भन्ने थाहा पाउनु हो । त्यो त्यतिवेलामात्र सम्भव छ जतिवेला संकटाभिमुख विश्लेषणका हरेक पाईलामा राम्रोसँग ध्यान पुऱ्याउन सकिन्छ ।"
>
> \- दुर्गानन्द चौधरी, उदयपुर

## ७.१ सहभागीमूलक संकटाभिमुख विश्लेषण प्रक्रिया

सहभागीमूलक संकटाभिमुख विश्लेषण प्रक्रिया भित्र मुख्य गरेर संकटाभिमुख बारेको बुझाई र यसका विधिहरु पर्दछन् ।

### ७.१.१ संकटाभिमुख बारेको बुझाई

यसभित्र संकटाभिमुखका मुख्य पक्षहरुको बारेमा विस्तृत अध्ययन गर्नुपर्दछ । फरक व्यक्ति र समुदायको संकटाभिमुखको बारेमा बुझाई फरक फरक हुन्छ । यो जटिल पक्षलाई फिल्ड कार्य गर्नुभन्दा अगाडि यस प्रक्रियामा संलग्न हुने व्यक्ति वा समूहले राम्रोसँग आत्मसात गर्नुपर्दछ ।

### ७.१.२ सहभागिमूलक संकटाभिमुख विश्लेषण विधि

यसभित्र सहभागिमूलक संकटाभिमुख विश्लेषण गर्दा गर्नुपर्ने मुख्य तयारी, सूचनाको संकलन, सूचनाको विश्लेषण र कार्ययोजना, आदि पर्दछन् । तैयारीको चरणमा माध्यमिक तहका सूचनाहरु संकलन गर्ने, त्यसको विश्लेषण गर्ने, सहभागिमूलक संकटाभिमुख विश्लेषण अभ्यासमा संलग्न हुने सम्बन्धित सरोकारवाला पहिचान गर्ने र उनीहरुलाई विश्लेषण अभ्यासको उद्देश्यको बारेमा स्पष्टसँग बताउनुपर्दछ । त्यसपछि विभिन्न तहमा विश्लेषण गर्नुपर्दछ । यसभित्र सामुदायिक, जिल्ला, राष्ट्रिय, अर्न्तराष्ट्रिय तह पर्दछन् ।

सहभागीमूलक संकटाभिमुख विश्लेषण गर्दा शुरुको चरणमा राम्रोसँग तैयारी गर्नुपर्दछ । जति राम्रो तैयारी गर्न सकियो त्यति नै सहभागिमूलक संकटाभिमुख विश्लेषण प्रभावकारी हुन्छ । यसमा मुख्य गरेर चार चरणका काम गर्नु पर्दछ ।

- संस्थागत तहमा एख्ब बारे सचेतनामा वृद्धि गर्ने
- उद्देश्य निर्धारण (एख्ब किन गर्ने ?)
- सरोकारवालाहरुको विश्लेषण
- एख्ब को टोली गठन र तैयारी

### ७.१.२.१ संस्थागत तहमा सहभागिमूलक संकटाभिमुख विश्लेषणबारे सचेतनामा वृद्धि गर्ने

यस चरणमा सहभागिमूलक संकटाभिमुख विश्लेषण सम्बन्धि व्यापक सचेतनामा वृद्धि गर्नको लागि विभिन्न संघसंस्था, निकायसँगको सम्बन्ध र छलफललाई व्यापक रुपमा नियमितता दिनु पर्दछ । यस विश्लेषणको अभ्यासमा सम्बन्धित संघसंस्था तथा निकायहरुलाई कसरी संलग्न गराउने ? किन संलग्न गराउने ? बाह्रय सहयोग कहाँनिर र किन आवश्यक पर्छ ? सो सहयोग कसरी जुटाउने ?, आदि सवालहरु छलफलका विषयवस्तु हुन सक्दछन् । यदि सहभागिमूलक संकटाभिमुख विश्लेषण सम्बन्धि यस अघि नै तालीम लिएका क्षमतावान व्यक्ति वा संस्था छन् भने उनीहरुसँग सम्पर्क बढाउनु पर्दछ । उनीहरुको ज्ञान, शीप र अनुभवबाट पनि थुप्रै सिकाईहरु प्राप्त गर्न सकिन्छ । यदि सहभागिमूलक संकटाभिमुख विश्लेषण सम्बन्धि राम्रो स्रोत व्यक्तिहरु उपलब्ध हुन नसकेको खण्डमा तालीमको आयोजना गरेर यसका सैद्धान्तिक र व्यवहारिक पक्ष दुबैमा थप ज्ञान र शीप प्रदान गर्न सकिन्छ । तर ध्यान दिनुपर्ने मुख्य कुरा के छ भने तालीमको सहभागीहरुको छनौट गर्दा गरीब, महिला, विद्यार्थी, शिक्षक, विपन्न, संकटाग्रस्त क्षेत्रमा बसोवास गर्ने व्यक्ति, आदिलाई उच्च प्राथमिकतामा राखिनु पर्दछ ।

### ७.१.२.२ उद्देश्य निर्धारण

सहभागिमूलक संकटाभिमुख विश्लेषण गर्नु भन्दा पहिले कुन वर्ग, समूह वा समुदायको सहभागिमूलक संकटाभिमुख विश्लेषण किन गरिंदैछ भन्ने बारेमा उद्देश्य/कारण निर्धारण गर्नुपर्दछ । कुनै क्षेत्रको सहभागिमूलक संकटाभिमुख विश्लेषण किन गर्ने बुझ्न सो क्षेत्रको भूमिका, पृष्ठभूमी बारे पनि स्पष्ट पार्नु पर्दछ ।

कति गहिराई र शुक्ष्म रुपमा गएर सूचना संकलन गर्ने ? कति समय यसको लागि आवश्यक पर्छ ? कति स्रोत र साधन यस अभ्यासको लागि आवश्यक पर्छ ?, भन्ने जस्ता विविध पक्षमा सबै सरोकारवाला बसेर निक्यौल गर्नु पर्दछ । यसको लागि त्इच बनाउन सकिन्छ ।

किन सहभागिमूलक संकटाभिमुख विश्लेषण गरिंदैछ भन्ने बारेको स्पष्टसँग उद्देश्य निर्धारण गर्नुपर्दछ । सहभागिमूलक संकटाभिमुख विश्लेषण किन गर्नुपऱ्यो भन्ने सवालमा एउटा मात्र प्रमाणित उत्तर दिन गाह्रो हुन्छ । किनकी सहभागिमूलक संकटाभिमुख विश्लेषण को उद्देश्य

हरेक वर्ग, क्षेत्र र समूहमा फरक फरक हुन्छ । तैपनि समग्र रुपमा ३ वटा उद्देश्य प्राप्तीको लागि सहभागिमूलक संकटाभिमुख विश्लेषण गरिन्छ ।

- संकटाभिमुख र त्यसका अन्तरनिहित कारणहरु बारेमा शुक्ष्म रुपमा अन्वेषण गर्न
- संकटग्रस्त क्षेत्र, वर्ग, समूह र विभिन्न प्रकारका खतराहरुको बारेमा लेखाजोखा गर्न
- संकट कम गर्ने रणनीति र उपर्युक्त कार्ययोजना बनाउन

उद्देश्य निर्धारणकै सिलसिलमा सहभागिमूलक संकटाभिमुख विश्लेषण गर्ने क्षेत्रको द्वितियक तहका सूचना संकलन गरी त्यसको पनि विश्लेषण गरिन्छ । सजिलैसँग संकलन गर्न सकिने सूचना/जानकारीहरु संकलन र विश्लेषण गर्न द्वितियक तहका सूचनाहरुले सहयोग पुऱ्याएमा यस्ता सूचना/जानकारी संकलन गर्न थप समय र स्रोतको प्रयोग नगर्नु पर्ने हुन्छ । तर द्वितियक तहका सूचना तथा जानकारीहरु भरपर्दो छन् कि छैनन् ? तिनीहरुको विश्वसनीयता कस्तो छ भनेर निर्क्यौल भने अवश्य गर्नुपर्दछ । जुन सूचनाहरु पुराना र विश्वास गर्न नसक्ने किसिमका छन्, त्यस्ता सूचना/जानकारीहरुलाई फेरी राम्रोसँग संकलन गर्नुपर्दछ ।

सूचना र जानकारीहरु के कस्ता उपलब्ध छन् र कुन कुन सूचना/जानकारीहरु सहभागिमूलक संकटाभिमुख विश्लेषणको लागी आवश्यक पर्दछन् भनेर विश्लेषण गर्न सकिएमा सूचनामा भएको कमी (खाडल) पत्ता लगाउन सकिन्छ । अर्को शब्दमा, यसको लागी निम्न उपाय गर्न सकिन्छ ।

- प्राप्त सूचना/जानकारीको पहिचान गर्ने ।
- महत्वपूर्ण सूचना/जानकारीहरु, जो आवश्यक छन्, तर प्राप्त छैनन् सो को यकिन गर्ने । सो अनुरुपको सूचना संकलन गर्ने ।

| विश्लेषणका पाईलाहरु | आवश्यक सूचना/जानकारी | प्राप्त सूचना | सूचनामा कमी |
|---|---|---|---|
| संकटाभिमुख अवस्था | • संकटाभिमुखको मात्रा<br>• कसरी भिन्न भिन्न व्यक्तिले संकटाभिमुखलाई आत्मसात गर्छन् ?<br>• वर्तमान चुनौति/संकटाभिमुखको विश्लेषण<br>• संकटाभिमुख विशेषताहरु | | |
| संकटाभिमुखका कारणहरु | • असुरक्षित अवस्था<br>• गतिशिल दबाब<br>• स्थानीय कारणहरु | | |
| सामुदायिक कार्य योजना र क्षमता | • संकटाभिमुख कम गर्ने दिशामा प्रयोग भएका स्रोतहरु, पूँजीहरु, आदि | | |

| | | | |
|---|---|---|---|
| | • संकटाभिमुख कम गर्ने दिशामा प्रयोग भएको बाह्रय सहयोगको स्थिति | | |

- प्राप्त सूचना र थप सूचनालाई सँगै राखेर संकटाभिमुख विश्लेषणको सिद्धान्त अनुरुप विश्लेषण गर्ने ।

महत्वपूर्ण थप सूचना संकलन गर्नको लागी निम्न तालीका (मेट्रिक्स) प्रयोग गर्न सकिन्छ ।

तालीकाः सहभागिमूलक संकटाभिमुख विश्लेषण सूचना आवश्यकता विश्लेषण फारम

### ७.१.२.३ सरोकारवालाहरुसगको विश्लेषण

सहभागिमूलक संकटाभिमुख विश्लेषणको सम्पूर्ण प्रक्रियामा कुन कुन सरोकारवालाहरु संलग्न गर्ने, किन संलग्न गर्ने, उनीहरुको भूमिका के हुने, स्रोत र सामग्री कहाँबाट र कसरी संकलन गर्ने, आदि पर्दछन् । यस प्रक्रियामा निम्न विषयवस्तुमा ध्यान पुऱ्याउनुपर्दछ ।


- सरोकारवालाहरुको चयनः सहभागिमूलक संकटाभिमुख विश्लेषण गर्ने क्षेत्र, वर्ग र समूहको मुख्य सवाल र उद्देश्य अनुसार सरोकारवाला पनि फरक फरक हुन्छन् । तर पनि यस विश्लेषणको सफलताको लागी विभिन्न विविधता भएका सरोकारवालाको चयन गर्नुपर्दछ । सहभागिमूलक संकटाभिमुख विश्लेषण गर्न क्षेत्र र समुदायको प्रत्यक्ष सहभागीतामा विश्लेषणको प्रक्रियालाई अघि बढाउनु पर्दछ । यो प्रक्रियामा उनीहरुले आफ्नो स्वामित्व भएको अनुभूति दिलाउन सक्नुपर्दछ । अन्यथा प्रक्रियामा बाहिरीयाको नियन्त्रण भएमा अभ्यासले खासै उद्देश्य प्राप्त गर्न सक्दैन ।
- लक्ष्य र उद्देश्यसँग सहमतः सहभागिमूलक संकटाभिमुख विश्लेषणको लक्ष्य र समग्र उद्देश्यको बारेमा सबै सरोकारवालाहरु जानीफकार र सहमत हुनुपर्दछ ।
- सामग्री व्यवस्थापनः सहभागिमूलक संकटाभिमुख विश्लेषणको अभ्यासको बेला अत्यावश्यक हुने सामग्रीहरुको सूची बनाई सो अनुरुपको व्यवस्थापन गर्नु पर्दछ ।
- जिल्ला र राष्ट्रियतहका सरोकारवालाबाट पृष्ठपोषण लिन सक्ने किसिमको योजना बनाउनेः सहभागिमूलक संकटाभिमुख विश्लेषण कहाँ गर्ने, सहजीकरण कसले र कसरी गर्ने ? प्रक्रियामा कसकसलाई आमन्त्रण गर्ने ? कसलाई प्रक्रियामा सहभागी बनाउने ? विश्लेषण अभ्यासबाट के कस्तो उपलब्धि हासील गर्ने ?, आदि कुराहरुको समग्र योजना बनाउनु पर्दछ ।

### ७.१.२.४ सहभागिमूलक संकटाभिमुख विश्लेषणको टोली गठन र तैयारी

सहभागिमूलक संकटाभिमुख विश्लेषणको टोली गठन गर्ने तथा तैयारी गर्नुको मुख्य उद्देश्य टोलीका सदस्यहरुबीच सहभागिमूलक संकटाभिमुख विश्लेषण प्रक्रियाको बारेमा समान, धारणा र सोंचको विकास गर्नु हो । प्रारम्भिक अवस्थाको कार्यशाला बैठकले यस्ता सवालहरुमा समान

खालको धारणा र सोंचको विकास गराउन सहयोग पु¥याउँदछ । यस्तो कार्यशाला बैठकमा निम्न सवालहरुमाथी छलफल चलाउन सकिन्छ ।

- सहभागिमूलक संकटाभिमुख विश्लेषण किन र कसरी गरिंदैछ सो को बारेमा स्पष्ट हुने ।
- सहभागिमूलक संकटाभिमुख विश्लेषण गर्ने क्षेत्रको भौगोलिक अवस्था झल्कने किसीमका सूचनाको संकलन र लिष्ट तयार गर्ने
- सहभागिमूलक संकटाभिमुख विश्लेषणको बारेमा टोलीको सदस्यहरुको बीचमा समानखालको सोंचाई र धारणाको विकास गर्ने । यसको लागी सहभागिमूलक संकटाभिमुख विश्लेषणमा प्रयोग हुने मुख्य शब्दावलीहरुलाई स्थानीय भाषामा अनुवाद गर्ने । यसबाट स्थानीय व्यक्ति, वर्ग र समूहलाई गरीबी र संकटाभिमुखको फरकता बारे बुझ्न र बुझाउन सहयोग मिल्दछ ।
- फिल्ड अभ्यासको लागी कार्ययोजना बनाउने ।
- सहभागिमूलक संकटाभिमुख विश्लेषणको टोली सदस्यहरुबीच भूमीका र जिम्मेवारी बाँडफाँड गर्ने ।
- सरसामग्रीहरुको व्यवस्था मिलाउने ।
- सहभागिमूलक संकटाभिमुख विश्लेषण गर्ने समुदायका सबै व्यक्ति, वर्ग र समूहलाई सहभागिमूलक संकटाभिमुख विश्लेषण अभ्यासको फिल्ड योजनाको बारेमा समयमै सूचित गर्ने।
- फिल्ड अभ्यासको बेला आइपर्नसक्ने सम्भावित समस्या प्रति चनाखो भई सोही अनुरुपको तैयारी गर्ने ।




## ७.२. सहभागीमूलक संकटाभिमुख विश्लेषण प्रक्रियाका पाईलाहरु

सहभागीमूलक संकटाभिमुख विश्लेषण प्रक्रियालाई प्रभावकारी बनाउन यसका विभिन्न ४ पाईलाहरुमा विशेष ध्यान पु¥याउनुपर्दछ ।

### ७.२.१ पहिलो पाईला : संकटाभिमुखको अवस्था विश्लेषण

यस तहमा निम्न विषयवस्तुहरुको खोजी र विश्लेषण शुक्ष्म रुपमा गर्नु पर्दछ ।

- संकटाभिमुख बारेको बुझाई
- संकटाभिमुखताको तह र मात्रा

- कसरी भिन्न व्यक्ति र समूहले फरक फरक किसिमले संकटाभिमुखतालाई आत्मसात गर्दछन्?
- वर्तमान चुनौतीहरु के के छन् ?
- प्रत्येक खतराबाट को बढी प्रभावित छन् ?
- संकटाभिमुख क्षेत्र र वर्गको पहिचान
- खतराको पहिचान, खतरा हुने समय, तरिका र बारम्बारता
- समयको अन्तरालसँगै खतरामा आउने प्रवाह
- लिंग, उमेर, जात, आदिले संकटाभिमुखमा पार्ने विभिन्न असरहरु
- संकटाभिमुख वर्ग र समूहले पूर्वअवस्थामा फर्कनको लागि अपनाउने गरेको रणनीति तथा तौरतरिकाहरु

यसको लागि निम्न साधन र विधिहरु प्रयोग गर्न सकिन्छ ।

- लक्ष्यित समूह छलफल
- समय रेखा
- संकटाभिमुख र खतरा नक्सांकन
- दीगो जीविकोपार्जन को विश्लेषण
- मौसमी पात्रो
- समयप्रवाह विश्लेषण, आदि

संकटाभिमुखको अवस्था विश्लेषण गर्ने सिलसिलामा सहजकर्ताले माथी उल्लेख भए बमोजिम निम्न पक्षमा विशेष ध्यान पुऱ्याउनु पर्दछ ।

- संकटाभिमुखको अवधारणाको बारेमा जानकारी गराउने
- लक्ष्यित समूह छलफल मार्फत उदाहरण सहित समुदायसँग विविध विषयवस्तुमा छलफल गर्ने
- स्थानीय सहभागी व्यक्तिमध्ये महिला, पुरुष, युवाको छुट्टा छुट्टै समूह बनाएर सफलताका कथा, घटना अध्ययनको बारेमा पनि छलफल चलाउन सकिन्छ । साथै उक्त समूहहरुले विभिन्न साधन र विधिहरु प्रयोग गर्न सक्दछन् । उदाहरणको रुपमा कुनै समूहले समय रेखा, कुनैले लक्ष्यित समूह छलफल र कुनैले संकटाभिमुख/खतरा नक्सांकनको अभ्यास एकै समयमा गर्न सक्दछन् । अन्त्यमा यी ३ वटै समूहले एकले अर्काको सामु आफुले छलफलबाट ल्याएको मुख्य निष्कर्षहरुको बारेमा प्रस्तुति र विचार विमर्श गरी ठोस निर्णयमा पुग्न सकिन्छ ।
- अध्ययनले के देखाएको छ भने सबभन्दा पहिले समयरेखा मार्फत छलफल चलाई त्यस क्षेत्रको मुख्य खतरा र त्यसले संकटाभिमुखमा पुऱ्याएको असरको बारेमा थाहा पाउन सकिएमा अरु विषयवस्तुमा जान सजिलो हुन्छ ।
- समय रेखाको यो अभ्यासबाट को सबभन्दा बढि संकटमा छन् ? र किन छन् ? भन्ने जानकारी प्राप्त हुन्छ । यस्ता संकट कम गर्न उनीहरुले के के काम गर्ने गरेका छन् ?

हालमा के कस्ता संकटाभिमुखका तत्व समुदायमा विद्यमान छन् ? र तिनीहरुको प्राथमिकिकरणको बारेमा पनि थाहा पाउन सकिन्छ ।

### ७.२.२ दोस्रो पाईला : संकटाभिमुखका कारण र असरको विश्लेषण

- संकटाभिमुखताका अर्न्तनिहित कारण र कारणहरुको पनि कारणको पहिचान
- कारणहरुको प्राथमिकिकरण
- प्रत्येक कारणले पारेको असरहरुको शुक्ष्म पहिचान
- मुख्य असरहरुको पनि प्राथमिकिकरण
- असुरक्षित अवस्थाको विश्लेषण
- संकटाभिमुखताको प्रभावलाई कम गर्नको लागि तत्कालै चाल्नुपर्ने कदमहरु/गतिविधिहरु

सहजकर्ताले निम्न साधन र विधिहरु प्रयोग गरेर कारण र असरको विश्लेषण गर्न सक्दछन्।

- कारण र असर विश्लेषण (समस्या वृक्ष चित्र)
- लक्ष्यित समूह छलफल
- जानीफकारहरुसँगको अर्न्तवार्ता
- घटना अध्ययन
- सफलताका कथा, आदि

सहजकर्ताले निम्न पक्षहरुमा रहेर कारण र असरको विश्लेषण गर्नुपर्दछ ।

- पहिलो पाईलाको अभ्यासबाट प्राप्त निचोड तथा निष्कर्षहरुलाई यो चरणमा प्रस्तुत गर्नुपर्दछ । खासगरि समुदायका वर्तमान संकटाभिमुखहरु के के हुन् र यी संकटाभिमुखका मुख्य कारणहरुको बारेमा छलफल चलाउनु पर्दछ ।
- कारण र असर विश्लेषण विधि प्रयोग गरेमा हरेक कारणको असर खोजिनु पर्दछ । यदि एउटा कारणको एक भन्दा बढि असर भएमा रेखाको मद्दतबाट त्यसलाई स्पष्टसँग देखाउनु पर्दछ ।
- सूचना तथा जानकारीहरु लक्ष्यित समूह छलफल वा संकटाभिमुख/खतरा नक्सांकनबाट पनि संकलन गर्न सकिन्छ ।
- धेरै कारणहरु मध्ये केही कारणहरुलाई असुरक्षित अवस्था जस्ता तत्वसँग दाँजेर हेर्नुपर्दछ जसले व्यक्ति, वर्ग वा समूहलाई जोखिमको नजिक पुऱ्याउँदछ । जस्तैः भौतिक वातावरण, सामाजिक सम्बन्ध (उदाहरणको लागी विकास सहयोगबाट केही समूह छुट्नु), विभेद र असमावेशीकरण हुनु, सुरक्षाको प्रत्याभूति नहुनु ।
- गतिशिल दबाब र त्यसका कारणहरुलाई स्रोत र साधनमा पहुँच र नियन्त्रण नहुनुसँग पनि दाँजेर हेर्नुपर्दछ । (उदाहरणको लागी हक अधिकार उठान गर्न सामर्थ नहुनु, निर्णय प्रक्रियामा सहभागी हुन नसक्नु, आदि) ।

- थुप्रै स्थानीय र शुक्ष्म कारणहरु हुन सक्दछन् जो नीतिगत कुराहरुसँग पनि अन्तरसम्बन्धित हुन्छन् । (सुरक्षित अवस्थामा रहन नसक्नु, जीविकोपार्जनका स्रोत र साधनमा परिवर्तन आउनु, आदि) । त्यसकारण अन्तरनिहित कारणहरुको बारेमा थप विश्लेषण जरुरी हुन्छ ।

### ७.२.३ तेस्रो पाईला : समुदायको कार्यको विश्लेषण

- संकटाभिमुखता कम गर्नको लागि समुदायले हालमा अपनाउँदै आएको रणनीतिहरु, स्रोतहरु तथा पूँजीको पहिचान गर्ने ।
- कुन कुन कार्यहरु प्रभावकारी रहे, कुन कुन प्रभावकारी रहेनन् र किन ?
- समुदायमा चालिएका केहीं कदमहरुले कसरी संकटाभिमुख कम गर्न भूमिका खेलेका छन् ?
- संकटाभिमुख कम गर्नको लागि हालसम्म के कस्ता बाह्रय सहयोग प्रयोगमा ल्याईएको छ ?
- कसरी संकटाभिमुखले निर्णय गर्ने प्रकृयामा असर पुऱ्याउँदछ ?

निम्न साधन र विधिहरुको सहयोगमा सहजकर्ताले समुदायको कार्यको विश्लेषण गर्न सहयोग लिन सक्दछन् ।

- संस्थागत नक्सांकन र शक्ति विश्लेषण
- लक्ष्यित समूह छलफल
- जानिफकारहरुसँगको अन्तरवार्ता

संकटाभिमुख क्षेत्रका व्यक्ति, वर्ग, समूहका मुख्य संकटाभिमुख के के हुन् ? तिनीहरुको मुख्य कारणहरु के के हुन् ? त्यसबाट छलफललाई अघि बढाउनु पर्छ । संकटाभिमुख कम गर्ने दिशामा समुदायले हालसम्म के के प्रयासहरु गरिरहेका छन् ? सो को लेखाजोखा पनि गर्नु पर्दछ । पाईला १ मा छलफल गरे जस्तै संकटाभिमुखको असर र प्रभावलाई कम गर्न समुदायबाट गरिएका प्रयासहरुलाई लिपिवद्ध गर्नुपर्दछ । यदि केहि प्रयास छुटेको भएपनि सो कुरालाई पनि टिपोट गर्नुपर्दछ । यो अवस्थामा सहजकर्ताले निम्न प्रश्नहरु छलफलमा ल्याउन सक्दछन् ।

- समुदायले हालसम्म गरेका प्रयासहरु के के हुन् ? कुन कुन प्रयासहरु संकटाभिमुखको असर र प्रभाव कम गर्नको लागी प्रभावकारी रहे ? कुन कुन रहेनन् ? किन प्रभावकारी रहेनन् ? (मेट्रिक्समा सूचनाहरुलाई राख्न सकिन्छ) ।
- वाह्रय सरोकारवालाले गरेको कुन कुन प्रयासहरु संकटाभिमुखको असर र प्रभावलाई कम गर्नको लागी प्रभावकारी रहे ? कुन कुन रहेनन् र किन ? (हरेक सरोकारवालाले सञ्चालन गरेको गतिविधिलाई मेट्रिक्समा राखेर हेर्न पनि सकिन्छ)।
- के सरोकारवालाको बीचमा त्यस्ता खास सवालहरु छन्, जसलाई छलफलमा ल्याउनु पर्ला ?

- कसरी कार्यक्रम/परियोजना/नीतिहरुले व्यक्तिको संरक्षण गरिरहेका छन् ?

### ७.२.४ चौंथो पाईला : विश्लेषणबाट कार्ययोजना तैयार

- संकटाभिमुख कम गर्न अबलम्वन गर्नुपर्ने सूची तयार गर्ने ।
- गतिविधिहरुको प्राथमिकिकरण गर्ने ।
- समय अवधि र जिम्मेवारी सहितको कार्ययोजना बनाउने ।
- समुदायको संकटाभिमुख कम गर्न कसरी प्रस्तावित कृयाकलापले सहयोग गर्दछन् सो को विश्लेषण गर्ने ।
- कसरी संकटाभिमुख क्षेत्र र समुदायको क्षमता बढाउन सकिन्छ सो को लेखाजोखा गर्ने ।
- भविष्यमा के कस्ता संकटाभिमुखका समस्याहरुलाई समुदायले भोग्नु पर्ला सो को पूर्वानुमान गर्ने क्षमताको विकास गर्ने ।

निम्न साधन र विधि यस चरणमा प्रभावकारी हुन सक्दछन् ।

- चाहना स्तरीकरण
- सामुदायिक कार्य योजना

सहजकर्ताले निम्न सवालहरुमा यस चरणमा छलफल चलाउनु पर्दछ ।

- सबभन्दा शुरुमा संरक्षण र सशक्तिरण रणनीति र कार्यको बारेमा समिक्षा गर्नु पर्दछ।
- हालमा देखिएका संकटाभिमुख, खतरा, त्यसका कारण, विद्यमान क्षमता र समुदायको हालसम्म गरेको प्रयासलाई संक्षेपीकरण गर्नुपर्दछ ।
- त्यसपछि समुदायलाई आधारभूत हक अधिकारका विविध सवालहरुमा सुसूचित गराउनुपर्दछ । विभिन्न संघसंस्थाको भूमिका के हुने र समुदायको ति संघसंस्थाको सेवा र स्रोतमा कसरी पहुँच बढाउन सकिएला ? भनेर छलफल चलाउनुपर्दछ ।
- सहभागिमूलक संकटाभिमुख विश्लेषण र यसभन्दा अगाडी हालसम्म प्रयोगमा ल्याईएका विभिन्न सहभागीमूलक पद्दतिको बीचको फरकको बारेमा पनि छलफल चलाउनु पर्दछ ।
- सहभागिमूलक संकटाभिमुख विश्लेषणको सबभन्दा महत्वपूर्ण पक्ष भनेको समुदायसँगै बसेर कार्ययोजना बनाउनु हो जसको मद्दतबाट संकटाभिमुख कम गर्न सकिन्छ । समुदायबाट संकलन गरिएका सूचना तथा जानकारीहरु लिएर अफीसमा फर्केर टाठाबाठाहरुले विश्लेषण गरी कार्ययोजना बनाउनु हुँदैन ।

समुदायस्तरमा गर्नुपर्ने मुख्य कार्यहरु जस्तैः कसरी कार्ययोजनामा समावेश गरिएका कार्यहरुले संकटाभिमुख कम गर्न मद्दत पुर्‍याउँदछ ? प्रस्तावित कार्यक्रमले उनीहरुको संकटाभिमुख कम हुँदै गईरहेको छ भन्ने कुरा उनीहरुले कसरी थाहा पाउलान् ? त्यसैगरी जिल्ला र राष्ट्रियस्तरमा

गर्नुपर्ने मुख्य कार्यहरुको बारेमा पनि थप स्पष्टता हुनु यस चरणका प्रमुख उपलब्धिहरु हुन सक्दछन् ।

## सन्दर्भ सामाग्रीहरु


- रामचन्द्र न्यौपाने प्रकोप ज्ञानमाला १, परिचय तथा व्यवस्थापन, वातावरण तथा बाल सरोकार संस्था, नेपाल, असोज २५, २०६३
- श्याम सुन्दर ज्ञवाली, प्रकोप व्यवस्थापन अभिमुखिकरण, हातेपत्र, एक्शन एड नेपाल, २००५
- राम प्रसाद भट्टराई, सहभागिमूलक प्रकोप व्यवस्थापन प्रशिक्षक प्रशिक्षण पुस्तिका,
- Participatory Vulnerabilty Analysis, A step by step guide for field staff, International Emergency Team, Action Aid International, London UK
- Community Based Disaster Risk Management , Field Practioner Hand book, Imelda Abarquez and Zubair Murshed, Asian Disaster Preparedness Centre, (ADPC)
- Gautam, Dhruba. 2004. Situational Analysis of Disaster Response. Emergency and Disaster Management Theme. ActionAid Nepal.
- Gautam, Dhruba and Deepak Poudel. 2005. Training Completion Report. Participatory Vulnerability Analysis (PVA) for OXFAM Partners.
- Gautam, Dhruba. 2006a. Baseline Report through Participatory Vulnerability Analysis (PVA). Disaster Risk reduction through School Project (DRRSP). ActionAid Nepal.
- Gautam, Dhruba. 2006b. Process Documentation of Participatory Vulnerability Analysis (PVA). Disaster Risk reduction through School Project (DRRSP). ActionAid Nepal.
- Gautam, Dhruba. 2007b. Damage and Need Assessment. A Sociological Study from Banke, Bardiya and Kailali districts. Lutheran World Federation. Nepal.

- Gautam, Dhruba. 2007c. Training Completion Report. Participatory Vulnerability Analysis (PVA) for DpNET Partners.

- Gautam, Dhruba. 2007d. Training Completion Report. Participatory Vulnerability Analysis (PVA) for BEE Group, Nepalgunj.

- Gautam, Dhruba and Samir Dhakal. 2007e. Integrated Community Based Flood Disaster Management Case from Banke District, Mid-western Development Region of Nepal. Nepal Development Research Institute (NDRI).

- Gautam, Dhruba. 2008. Training Completion Report. Participatory Vulnerability Analysis (PVA) for Practical Action Partners.

- Annelies Heijmans. 'VULNERABILITY': A MATTER OF PERCEPTION. Benfield Greig Hazard Research Centre. University College of London. November 2001

- Yasemin AYSAN. 'PUTTING FLOORS UNDER THE VULNERABLE': DISASTER REDUCTION AS A STRATEGY TO REDUCE POVERTY. Disaster Reduction and Recovery Programme
Emergency Response Division, UNDP.

- Mary B, Anderson, Impact of disaster on poor, A background note submitted to submitted to Cornell University
- महिला अधिकारकालागि वकालत तालिम निर्देशिका, एक्शन एड नेपाल, २०६३
- समुदायमा आधारित प्रकोप व्यवस्थापन कार्यक्रम पुस्तिका, नेपाल रेडक्रस सोसाइटी, कालिमाटी, काठमाण्डौ

- सिंह राज उप्रेती, दैवी प्रकोप व्यवस्थापन

**सम्वन्धित स्लाइडहरु**

- प्रकोपको पिडा
- प्रकोपका अनुहारहरु, A major earthquakes hits, Gujrat, India
- स्फियर परियोजना
- विस्थापित, Displacement
- The other face of emergency
- PowerPoint presentations
- Binod Dhungana: HAZARD ASSESSMENT
- Binod Dhungana: Participatory, Vulnerability and Capacity Assessment-PVCA

## अनुसूचीहरु

## अनुसूची १: सूचना विश्लेषण फारम

### तालीका १: खतराको प्रवाह, सूचक, तत्वहरु र कार्ययोजना फारम

| क.स. | खतरा | प्रवाह | संकटाभिमुखको सूचकहरु | | | | तत्वहरु | | | कार्य योजना |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | सामाजिक | आर्थिक | राजनैतिक | संरचनात्मक | अधिकार | जानकारी | संस्थागत | |
| १. | | | | | | | | | | |
| २. | | | | | | | | | | |
| ३. | | | | | | | | | | |

### तालीका २: कारण र असर विश्लेषण फारम

| क.सं. | खतरा | संकटाभिमुखको कारण | | | प्रकोप | असर | न्यूनिकरण का उपायहरु |
|---|---|---|---|---|---|---|---|
| | | मुख्य कारण | गतिशिल प्रभाव | असुरक्षित अवस्था | | | |
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |

### तालीका ३: जोखिम व्यवस्थापन रणनीति फारम

| | रणनीति | पूँजीको प्रभाव | रणनीति | संस्थागत प्रभाव | प्राप्त सहयोग | सुझाव |
|---|---|---|---|---|---|---|
| कम गर्ने | | | | | | |
| न्यूनीकरण गर्ने | | | | | | |
| काम चलाउने नीति अबलम्वन गर्ने | | | | | | |

### तालीका ४: कार्ययोजना फारम

| | संस्थागत स्तरमा | समुदाय स्तरमा | राष्ट्रिय/विश्वव्यापी स्तरमा |
|---|---|---|---|
| आवाज | | | |

| | | | |
|---|---|---|---|
| | | | |
| सुझाव | | | |
| समन्वय | | | |

तालीका ५: विश्लेषण फारम


| | |
|---|---|
| के कस्तो घटना घट्नेवाला थियो ? | वास्तवमा कस्तो घटना घट्यो ? |
| किन त्यस्तो घटना घट्यो ? | हामीलाई वास्तवमा के सिकाई भयो ? |

## अनुसूची २: सहभागिमूलक विधिहरु

सहभागीमूलक संकटाभिमुख विश्लेषण प्रक्रियाम निम्न सहभागीमूलक विधिहरु उपर्युक्त हुन सक्दछन् । ती विधिहरुको बारेमा तल चर्चा गरिएको छ ।

### १. संकटाभिमुखरखतरा नक्सांकन

यस प्रकारको नक्सांकन अभ्यासबाट समुदायभित्र के कस्ता सामाजिक र प्राकृतिक स्रोत र साधन छन् ? ती स्रोत र साधनमा कुन कुन वर्ग र तहका व्यक्ती वा समूहको पहुँच र नियन्त्रण छ भन्ने कुरा थाहा पाउन सकिन्छ । यसबाट कुन कुन क्षेत्र, वर्ग र समुदाय, कुन कुन खतराबाट बढी संकटाभिमुख छन् सो बारेमा समिक्षा गर्न संभव हुन्छ ।



समुदायका जोखिम, खतरा र संभावित प्रकोपको स्थिति छलफलबाट लेखाजोखा गर्न सकिन्छ ।

विभिन्न खतराहरुको प्रकार, स्वरुप र ती खतराहरुले निम्त्याएका मुख्य समस्याहरुको लेखाजोखा पनि यो अभ्यासबाट सम्भव हुन्छ ।

संकटाभिमुख समुदायका वर्ग र समूहको संकटाभिमुख कम गर्ने दिशामा प्राप्त क्षमताहरुको पनि यस नक्सांकन अभ्यासबाट थाहा पाउन सकिन्छ ।



<u>सहजकर्तालाई सुझाव</u>

- सबैभन्दा पहिले समुदायको सुझावअनुसार छलफल हुने स्थानको तय गरिनुपर्दछ । सकेसम्म सार्वजनिक स्थानको खोजी गर्नु पर्दछ ।
- फिल्ड अभ्यासलाई अझ व्यवस्थित गर्न फिल्ड टिम मध्ये एउटा सहजकर्ता, एउटा अवलोकनकर्ता, एउटा टिपोटकर्ता र एउटा व्यवस्थापक तय गरिनु पर्दछ ।
- सहभागीहरुलाई अभ्यासको छलफल दौरान सबभन्दा महत्वपूर्ण सामाजिक र प्राकृतिक स्रोत र साधन के कस्ता छन्, कहाँ कहाँ छन्, खतराबाट बढि प्रभावित क्षेत्र हुन हो र विभिन्न खतराहरुबाट कुन व्यक्ति, वर्ग र समूह बढि संकटाभिमुख छ भनेर छलफल चलाउनु पर्दछ ।
- संकटाभिमुख मुख्य क्षेत्रहरु कुन कुन हुन् र ती क्षेत्रहरु किन संकटाभिमुख भए सो को बारेमा सूचना संकलन गर्नु पर्दछ । यस नक्सांकनमा मुख्य गरेर बस्ती, सामाजिक र भौतिक संरचनाहरु, प्राकृतिक स्रोतहरु जस्तै खोला, खहरे, जमिन, जंगल, कुलो, आदि, आगलागी, बाढि र पहिरोबाट बढि प्रभावित हुने क्षेत्र, सडक संजाल, आदि देखाउन सकिन्छ ।
- सहभागीहरुलाई यस कार्यको उद्देश्य के हो स्पष्ट रुपले बताउनुपर्छ । यसले गर्दा चाहिने सूचना प्राप्त गर्न सजिलो हुन्छ । अवलोकनकर्ताले हरेक

कृयाकलाप ध्यानपूर्वक अवलोकन गर्दै महत्वपूर्ण कुराहरु डायरीमा टिपोट गर्दै जानुपर्छ ।

- सहजकर्ताले सहभागीहरुलाई सकेसम्म छिटो लठ्ठी वा खरी वा कोइला हस्तान्तरण गर्नुपर्दछ । सबैभन्दा क्रियाशील सहभागीहरुले कुन कुन समूहको प्रतिनिधित्व गरेको छन् र कुन समुदायका सहभागीहरुको संलग्नता कम छ त्यसको समीक्षा गर्नुपर्दछ। सहभागीहरु छलफलको सही दिशामा गइरहेको अवस्थासम्म बाहिरी हस्तक्षेप हुनु हुँदैन ।
- नक्सा तयार भई सकेपछि, केही नबुझिएको भए सहभागीहरुलाई स्पष्ट गर्न लगाउनु पर्दछ । त्यसपछि उक्त नक्सा ठूलो कागजमा उतार्नुपर्दछ । अन्तमा यस प्रक्रियामा संलग्न नभएका अन्य व्यक्तिहरुलाई सोधेर सूचनाको छड्के जाँच गर्नुपर्दछ । यसबाट सूचनाको प्रमाणिकताको लागि सहयोग प्राप्त हुन्छ ।



## २. धरातलीय हिंडाई

धरातलीय नक्साले समुदायमा भएका प्राकृतिक स्रोतहरुको अवस्थाको बारेमा जानकारी हासिल गर्न, खतरायुक्त क्षेत्र, खतराका कारण र त्यसले पुर्‍याएको असरका साथै संकटाभिमुख क्षेत्र र त्यसका अन्तरनिहित कारणहरुको बारेमा थाहा पाउन सहयोग पुर्‍याउँछ । यो विधि साधारणतया स्रोत नक्सांकन विधिपछि प्रयोग गर्ने गरिन्छ त्यसैले यसबाट सूचनाको छड्के जाँच गर्न सहयोग पुग्दछ ।



धरातलीय नक्साबाट विभिन्न भूपर्यावरणीय क्षेत्रहरुको प्रतिनिधित्व गर्न मद्दत पुग्दछ र केही निश्चित मापदण्डहरु जस्तैः जमीनमा पहुँच, जमीनको किसिम, भु-उपयोग, भु-स्वामित्व, माटोको किसिम, माटोको उर्वरता, स्थानीय बालीहरु, समस्या, संभावना र समाधान आदिकाबारेमा तुलनात्मक विश्लेषण गर्न सहयोग पुग्दछ ।

सहजकर्तालाई सुझाव

- धरातलीय नक्सा अवलोकन गर्दा के-कस्ता विषयवस्तुहरुमा केन्द्रित हुने हो, त्यसको सूची तयार गर्नु पर्दछ । यस्तो सूचीमा प्रमुख खतराहरु के के हुन्, हरेक खतराबाट कुन व्यक्ति, वर्ग र समूह बढि प्रभावित छन्, त्यसका कारण र असरहरु के के हुन्, संकटाभिमुख मुख्य क्षेत्रहरु र त्यस पछाडिका कारणहरु व्यापक रुपमा छलफलमा ल्याउनु पर्दछ ।
- धरातलीय हिंडाई गर्ने क्षेत्रको राम्रो जानकारी भएको र समूहसँगसँगै हिंड्ने चाहना भएका स्थानीय समुदायका व्यक्तिहरुको पहिचान गर्नु पर्दछ ।
- सहभागीहरुलाई हिंडाईको उद्देश्यबारे प्रष्टसँग बताउनु पदर्छ र हिड्ने धरातलीय बाटोको रुपरेखा तयार गर्नुपर्दछ । साथै धरातलीय हिंडाईबाट कस्ता किसिमका सूचना तथा तथ्यांकहरु संकलन गर्न खोजिएको हो सो बारेमा पनि सहभागीहरुलाई जानकारी दिनु पर्दछ ।
- धरातलीय हिंडाईको बेलामा उठाइएका मुख्य सवालहरुलाई टिपोट गर्नु पर्दछ । सहभागीहरुको विचारलाई ध्यानपूर्वक सुन्नु पर्दछ । हिंडाईका बखत उठेका सवालहरुमा अझ बढी व्याख्या गर्न उनीहरुलाई प्रोत्साहित गर्नु पर्दछ ।
- हिंडाईबाट फर्किसकेपछि स्थानीय व्यक्तिहरुको सक्रिय सहभागिता र पहिले टिपिएका बुँदाहरुको आधारमा ठूलो कागजमा धरातलीय नक्सा तयार गर्नुपर्दछ । अन्तमा, तयार भएको धरातलीय नक्सालाई समुदायका अन्य व्यक्तिहरु समक्ष प्रस्तुत गर्नु पर्दछ । यसबाट थप सूचना प्राप्त गर्न सकिन्छ ।

## ३. गतिशिलता नक्सा

एउटा समुदायका मानिसहरूको बाहिरी संघसंस्थाहरूसँगको सम्बन्ध र उनीहरूको निर्णय गर्ने क्षमता वा सोचाईमा प्रत्यक्ष सम्बन्ध हुन्छ । धेरैजसो गाउँठाउँमा बाहिरतिर आवतजावत गर्नेलाई राम्रो सम्पर्क भएको, धेरै जानेबुझेको र समुदाय वा समूहमा प्रभाव पार्न सक्ने व्यक्तिको रूपमा लिइन्छ । यसले स्वतन्त्रता, सम्पन्नता, सशक्तिकरण, शिक्षित र चेतनशिलताको पनि परिचय दिन्छ । खासगरी खतरा र संकटाभिमुखको अवस्थामा सो क्षेत्रमा बसोवास गर्ने व्यक्ति, वर्ग र समूह खतरा र संकटाभिमुखको असर र प्रभाव कम गर्न कहाँ कहाँ जाने गर्दछन् भनेर लेखाजोखा गर्न यस नक्साबाट मद्दत मिल्दछ ।



सहजकर्तालाई सुझाव

- गतिशिलता नक्सा प्रयोगको लागि सर्वप्रथम आवश्यक सूचनाकर्ताको छनौट गर्ने ।
- सूचना छलफल गर्दा भूईमा सिन्काले कोरेर तयार गर्ने र अन्तमा कागजमा उतार्ने ।
- सूचना लिदा एकपटकमा एउटा विषयलाई लिने (जस्तो: सर्वप्रथम बाढिको असर र प्रभाव कम गर्नको लागी कहाँ-कहाँ जाने गरेको छ भनि सम्पुर्ण सूचना संकलन गरिसकेपछि मात्र पहिरोको असर र प्रभाव कम गर्न कुन-कुन ठाउँमा जाने गरिन्छ भन्ने बारे छलफल गर्ने) ।
- कहाँ-कँहा जाने गरेको छ भन्ने जानकारी भईसकेपछि त्यहाँ नै जाने गरेको किन वा त्यस ठाउँमा जानुको पछाडिको कारण बुझ्ने ।



- छलफल गर्दा कुन स्थान पछि कुन स्थान जाने क्रमैसँग हुनुपर्ने ।
- छलफल गर्दा कहाँ जानु पर्दछ नभनेर कहाँ कहाँ जाने गरेको छ भनि छलफल चलाउने ।

## ४. जोडागत स्तरीकरण

समजोडी स्तरीकरण विधिको सहयोगले समुदायका व्यक्तिहरुका मुख्य समस्याहरु वा चाहनाहरु थाहा पाउन सकिन्छ र ती स्तरीकरणका आधारहरु पहिचान गर्न सकिन्छ । यसबाट विभिन्न व्यक्तिहरुका प्राथमिकताहरुलाई सजिलैसँग तुलना गर्न सकिन्छ ।


सहजकर्तालाई सुझाव

- प्राथमिकता गर्नुपर्ने कुनै विषय सम्बन्धि उत्तरदाताको सहयोगले ३ देखि बढिमा ६ वटासम्म समस्याहरु वा चाहनाहरु छान्ने ।
- हरेक समस्या वा चाहनालाई छुट्टै कार्डमा लेख्ने ।
- ती समस्याहरु मध्ये दुईवटा समस्याहरु उत्तरदाताको अगाडि राख्ने र तुलनात्मक रुपमा बढि समस्या भएकोलाइ छान्न लगाउने र छान्नुका कारणहरु पनि सोध्ने । प्राथमिकता स्तरीकरणको उपयुक्त कोठामा चिन्ह लगाउने ।
- दोस्रो जोडा लिने र सोहि अनुसार तुलना गर्ने ।
- सबै जोडाहरु बीच तुलना नभएसम्म यो प्रक्रिया दोहऱ्याउने ।
- समस्याहरु वा चाहनाहरुको प्राथमिकता सुची बनाउने ।
- कुनै महत्वपुर्ण समस्या वा चाहना छुटेको छ कि भनेर सोध्ने र यदि छुटेको रहेछ भने उपयुक्त स्थानमा समावेश गर्ने ।

- विभिन्न व्यक्तिहरुको लागि समजोडी स्तरीकरण अभ्यास दोहोर्‍याउने र जवाफहरुको तालीका बनाउने ।

## ५. मौसमी पात्रो

मौसमी पात्रो भनेको एउटा रेखाचित्र हो। यसमा कुनै ठाउँको बर्षभरिमा हुने मुख्य क्रियाकलापहरूलाई मौसम अनुसार देखाइएको हुन्छ। यो वास्तवमा एक पानामा देखाउने विभिन्न प्रकारका रेखा चित्रहरूको सिलसिलेवार प्रस्तुति हो ।




मौसमी पात्रोको मद्दतबाट कुन कुन समयमा, कुन कुन खालको खतराहरु बढि आउँदछन्, ती खतराहरुले कुन कुन व्यक्ति, वर्ग र समूह बढि प्रभावित हुन्छन्, त्यसैगरी वर्षभित्रको निश्चित समयमा गरीब र विपन्न वर्गका व्यक्तिहरु बढि संकटाभिमुख हुन्छन् भन्ने समिक्षा पनि गर्न सकिन्छ। उदाहरणको लागि बाढि, नदी कटान, आगलागी, भोकमरी, महामारी, चट्याङ, असिना, शितलहर, लू, पहिरो, आदिले कुन कुन महिनामा बढि समस्या ल्याउँछ र यी हरेक समस्याबाट समाजको कुन व्यक्ति, वर्ग र समूह बढि प्रभावित हुन्छ भन्ने कुरा थाहा पाउन मौसमी पात्रो विधि प्रभावकारी हुन्छ ।

<u>सहजकर्तालाई सुझाव</u>

- ग्राफ पेपर प्रयोग गर्ने ।
- १२ महिनाको मौसमी पात्रो बनाउने ।
- त्यस्तै गरेर बर्षात बारे जानकारी छैन भने बढी पानी पर्ने चार महिना, कम पानी पर्ने चार महिना र मध्यम चार महिनाबारे जानकारी लिने । अन्य विषयवस्तुमा छलफल चलाउन पनि सोही अनुरुप गर्ने ।
- बैकल्पिक विधिको रुपमा समुदायका मानिसहरुलाई गेडागुडी, साना फलफुल, ढुंगा आदि प्रयोग गर्न लगाएर मौसमी पात्रो बनाउने ।


उदाहरणको लागी शारदा बतासे गाविस वडा नं. ५, एश्यालु खर्क को मौसमी पात्रो निम्न बमोजिम छ ।

| | विवरण | महिना | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बै | जे | अ | श्रा | भा | अ | का | मं | पौ | मा | फा | चै |
| मौसमी खतराहरु | झाडा पखाला | ■ | | | | | | | | | | | ■ |
| | रुघा खोकी | | | ■ | ■ | | | | | | | | |
| | खानेपानीको अपर्याप्तता | ■ | ■ | | | | | | | | | | ■ |
| | हावा हुरी | ■ | | | | | | | | | | | ■ |
| | बाढी, पहिरो | | | ■ | ■ | ■ | | | | | | | |
| | चिसो, हिँउ पर्ने | | | | | | | | | ■ | ■ | | |
| | खेतीपातीको लागि सुख्खा | ■ | ■ | | | | | | | | | | |
| | बाली नालीमा लाग्ने रोग | | | | ■ | ■ | | | | | | ■ | |
| | जाँड रक्सीको सेवन | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | | |
| | बेरोजगारी | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ |

## ६. संस्थागत विश्लेषणका लागि रोटी चित्र



रोटी चित्रका एक अर्कामा खप्टिएका वृत्तहरुले संघसंस्थाहरुबीचको संस्थागत सम्बन्धका साथै समुदाय र संघसंस्थाहरुबीचको सम्बन्ध देखाउँछन् । यस अभ्यासले स्रोत र साधनमा योजनाका विभिन्न सरोकारवालाको पहुँच तथा सामाजिक अवरोधहरुको बारेमा पनि स्पष्ट पार्दछ । यसले सरोकारवालालाई विभिन्न सामुदायिक संस्थाहरु बीच सहकार्य स्थापित गर्न मद्दत गर्दछ । यस अभ्यासबाट समाजभित्रका संघसंस्थाहरुमा के कस्ता स्रोत र साधनहरु छन्, ती स्रोत र साधनमा कसको पहुँच र नियन्त्रण छ, ती संस्थाहरुबीचको समन्वय के कस्तो छ भन्ने कुरा थाहा पाउन सकिन्छ । यसको साथै प्रकोप, जोखीम, खतरा र संकटाभिमुखको अवस्थामा यी सबै पक्षबाट हुन सक्ने असर र प्रभावलाई कम गर्न कुन कुन संघसंस्थाहरु बढि लाभदायक हुन सक्दछन् भनेर अग्रीम रुपमा योजना बनाउन सकिन्छ ।



सहजकर्तालाई सुझाव

- विभिन्न आकारका कागजका टुक्राहरु गोलाकार रुपमा काट्ने र सहभागीहरुलाई बाँड्ने
- सहभागीहरुलाई ती टुक्रामा समुदायमा काम गर्ने संस्थाहरुको नाम लेख्न लगाउने
- ठूलो टुक्रामा सबैभन्दा महत्वपूर्ण संस्थाको नाम लेख्नुपर्छ । साथै सबभन्दा सानो टुक्रामा कम महत्वपूर्ण संस्थाको नाम लेख्नुपर्छ । अन्य टुक्राहरुमा सोही अनुसार संस्थाहरुको नाम लेख्नु पर्दछ ।
- दुइवटा गोलाकार वृत्तको एकतर्फी संकेत ( ) ले एकोहोरो सम्बन्ध र दुईतर्फी संकेत ( ) ले दोहोरो सम्बन्ध देखाउँछ । संस्थाहरुबीच एकतर्फी र दाहोरो सम्बन्ध देखाउन सहभागीलाई प्रोत्साहन गर्नुपर्दछ । सबभन्दा पहिला समुदायमा भएका संस्थाहरुको निम्न तालीकामा देखाए जस्तै विवरण तयार गर्नु पर्दछ ।
- छलफल चलाउँदा सम्बन्धित संघसंस्थाहरु गाउँभित्र नहुँदा खतरा र संकटाभिमुखको असर र प्रभावलाई कम गर्न कसरी कठिनाई पर्दछ भन्ने कुरा छलफल चलाउनु पर्दछ ।
- रोटी चित्र बनाउनु भन्दा पहिले तलको तालीका बमोजिमको सूचनाहरु संकलन गर्नुपर्दछ ।

**तालीकाः संस्थागत विवरण फारम**

| क्र.स. | संस्था समूहको नाम | मिति गठन | उद्देश्य | मुख्य कार्यक्रम | लक्षित जनजाति | लाभान्वित घरधुरी |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## ७. समय–रेखा

विगतमा भएका घटना तथा कार्यहरुको मितिक्रम अनुसार राखिने यस्तो अभिलेखबाट निश्चित विषयवस्तुको ऐतिहासिक तथ्यांक प्राप्त गर्न मद्दत पुग्दछ ।



यस अभ्यासबाट कुनै एउटा निश्चित समुदायभित्र के कस्ता खतरा तथा घटनाहरु घटेका छन्, हरेक खतराहरुले कुन व्यक्ति, वर्ग र समूह बढि प्रभावित छ, यी खतराहरुको बारम्बारता कस्तो छ, आदिको बारेमा थाहा पाउन सकिन्छ ।

सहजकर्तालाई सुझाव

- छलफलका लागि पहिले समुदायको सबैभन्दा पाको उमेरको र जानिफकारहरुको छनौट गर्ने ।
- समुदायको सबैभन्दा महत्वपूर्ण ऐतिहासिक घटनाहरुको पहिचान गर्ने जस्तो प्राकृतिक विनासको घटना (बाढी, पहिरो, भूकम्प माहामारी, आदि) लाई लिएर छलफल शुरु गर्ने ।
- छलफलको क्रममा कसरी हरेक खतराहरुले व्यक्तिको संकटाभिमुख बढाउँदछ सो को बारेमा लेखाजोखा गर्नुपर्ने ।
- यस्ता ऐतिहासिक घटनाहरुको क्रमानुगत रुपमा अभिलेख राख्ने ।
- यी सूचनाहरुको संश्लेषण गरी तिनीहरुलाई पुनः दाहोर्‍याएर सोधी प्रमाणित गर्ने ।

उदाहरणको लागि पदमपोखरी गा.वि.स., मकवानपुरको समयरेखा तल प्रस्तुत गरिएको छ ।

| क.सं. | मिति (वि.सं.) | घटना | घटना विवरण |
|---|---|---|---|
| १. | २०५० | बाढी | बाढीको कारणले घरगोठ भत्केको, जग्गा कटान र गाईबस्तु बगेको ९ नं वडाको विद्यालय क्षति भएको । |
| २. | २०५९ | बाढी तथा कटान | खानेपानीको पाइप बगाएको, वडा नं ४ र ६ को विद्यालय संकटमा परेको, खेतीयोग्य जमीन कटान, वडा नं १मा पानीको समस्या परेको । |
| ३. | २०५८ र २०६१ | करेण्ट सट | पोलबाट विद्युत सर्ट भई ३ जनाको मृत्यु तथा २ जना घाइते । |
| ४. | पटक पटक | आगलागी | २०४४- वडा नं ९मा घर तथा गोठ जलेको ।<br>२०६०- वडा नं १ मा घर, गोठ, भैंसी, बाख्रा साथै सम्पुर्ण सामान जलेको ।<br>२०६३- वडा नंको विद्यालयमा तथा घरमा आगलागी भइ कागजपत्र तथा टीभी नष्ट, वडा नं ९ मा घर तथा अन्नवाली साथै अर्को परिवारको गोठ र गाइबस्तु पुरै राती आगलागी भएकाले नष्ट भएको ।<br>२०६४- वडा नं ९ मा गोठ नष्ट भएको, वडा नं १, ३ र ४ मा विभिन्न घरमा लोडसेडिङका बेलामा बालिएको मैनबत्तिबाट आगलागि भई कोठामा रहेका सामान तथा टीभी र अन्य सामान जलेर नष्ट भएको । |
| ५. | वर्षेनी | चट्टचाङ | वडा नं १ मा एक जना र वडा नं ४ मा एक जना गरी दुई जनाको मृत्यु भएको, एकैपटक ३ वटा गोरु मरेको साथै वर्षेपिच्छे पशु तथा घरका सरसमान नष्ट हुने गरेको छ । |
| ६. | २०३५ सालदेखी | औद्योगिक प्रदुषण | हेटौडा सिमेण्ट उद्योगबाट निस्किएको धुलोका कारण वातावरण प्रदुषण हुनाका साथै मानवजीवन कष्टप्रद बन्दैगएको, अन्नबाली उत्पादनमा ह्रास, हावामा धुलो सधै रहिरहने भएकोले श्वासप्रश्वासमा कठीनाइ, पिउने पानीको स्रोत प्रदुषित भई स्वच्छ पानीको अभाव, मानव तथा पशुपञ्छी तथा जीवित |

| | | | |
|---|---|---|---|
| | | | प्राणीहरुमा विभिन्न रोगहरु देखा पर्दै आएको । |
| ७. | २०५६ | पुनस्थापना | २०५० सालको बाढीपहिरोका कारण प्रभावित करीव ४०० परिवारलाई वडा नं १मा सुकुम्बासी आयोगले घरघडेरी समेत वितरण गरी वस्ती बसालेको । |
| ८. | | कबुलियत वनको शुरुवात | समुदायको अगुवाइमा कबुलियती वनको शुरुवात गरी वनमा गर्न सकिने विभिन्न आयमूलक खेती तथा घांस र डाले घांस खेती तर्फ कृषकहरु आकर्षित भइ उन्नत पशु तथा बाख्रापालन शुरुवात भएको । |
| ९. | २०६४ | गृहिणी कक्षाको शुरुवात | नेपालमा नै पहिलो औपचारिक रुपमा महिलाहरु अध्ययन गर्ने गृहिणी कक्षाको श्री महेन्द्र उच्च मा. वि. मा स्थापना र सञ्चालन । |

## ८. प्रभाव विश्लेषण

प्रभाव विश्लेषण घटना विशेषको परिर्वतनका आधारमा गरिन्छ । यसले अध्ययनका समयमा विभिन्न सूचकहरुमा आएको परिवर्तन (बृद्धि र कमी) बुझ्न मद्दत पुर्‍याउँछ । यसबाट विभिन्न समयका तथ्यांक जस्तैः विभिन्न खतराहरुः बाढि, पहिरो, आगलागी, आदि, जनसंख्या, उब्जनी, रोग आदिको परिवर्तन र प्रभावका सूचनाहरु राख्न सकिन्छ । यसबाट विगतमा भएका सम्पूर्ण कार्यहरुको क्रमबद्ध रुपमा अभिलेख राख्ने कार्य गरिन्छ ।



सहजकर्तालाई सुझाव


- सबैभन्दा पहिले उपयुक्त स्थानीय व्यक्तिको छनौट गरी तिनीहरुलाई यस प्रक्रियाबारे बताउने ।
- उनीहरुसँग छलफल गरी विगतमा घटेका महत्वपूर्ण घटनाहरु माथिदेखि तलसम्म लेख्न लगाउने । त्यस्तै अरु कुराहरु क्रमबद्ध रुपमा दायाँदेखि बायाँतिर लेख्न लगाउने ।
- सहभागीहरुलाई यस क्रममा केही नयाँ कुरा भए थप गर्न लगाउने साथै उनीहरुलाई कुनै विशेष प्रभाव वा खोजहरु, प्रभावका कारणहरु, के गर्न सकिन्छ ? कसले गर्न सक्दछ ?, सहभागी र स्थानीय व्यक्तिले आफुले के गर्न सक्छन् आदिको विश्लेषण गर्न लगाउने ।
- छलफलपछि केही थप प्रश्नहरु सोध्ने जसले गर्दा यस विषयमा अझ बढी बुझ्न मद्दत पुग्दछ । प्रत्येक घटनाको विश्लेषण गरिसकेपछि सो को बारेमा अरुलाई सुनाउन उत्प्रेरित गर्ने ।
- अरु सूचनाहरुलाई एउटा ठूलो कागजमा सार्ने ।

प्रभाव विश्लेषणको ढाँचाको नमूना

| क्र.सं. | कार्यहरु | परिवर्तन (बृद्धि वा कमी) | २०५४ | २०६४ | परिवर्तन हुनुका कारण |
|---|---|---|---|---|---|
| १. | सिंचाई व्यवस्थापन | | | | |
| २. | बालीमा देखिने रोग | | | | |
| ३. | कृषि सामाग्रीहरु | | | | |
| ४. | प्रचार(प्रसार सेवा | | | | |
| ५. | बजारमा माग | | | | |
| ६. | लागत प्रभावकारिता | | | | |
| ७. | उत्पादन मूल्य | | | | |
| ८. | सामानको मूल्य | | | | |
| ९. | बजारको पहुँच | | | | |
| १०. | बाढीको असर | | | | |
| ११. | महामारीको असर | | | | |

## ९. जानिफकारहरुसगको अन्तवार्ता

यस विधिको सहयोगबाट विवरणात्मक सूचना संकलन गर्न मद्दत पुग्दछ । यसबाट विभिन्न सरोकारवालाका सवाल, समस्या, कृयाकलाप र यसबाट परेका प्रभावहरुको बारेमा थप जानकारीहरु लिन सकिन्छ । यस अन्तरवार्तामा मुख्य गरेर समुदायभित्र हालसम्मका मुख्य खतराहरु के के हुन्, हरेक खतराका पछाडिका अन्तरनिहित कारणहरु के के हुन्, हरेक खतराबाट कुन व्यक्ति, वर्ग र समूह बढि प्रभावित छ, यी हरेक खतराबाट उत्पन्न संकटाभिमुखको असर र प्रभाव कम गर्न के के गर्न सकिन्छ ? कुन कुन सरोकारवालाहरुको के के भूमिका र जिम्मेवारी हुन सक्दछ भनेर छलफल चलाउनु पर्दछ ।



सहजकर्तालाई सुझाव

- जानिफकारहरुको नामावली तयार गर्ने, प्रश्नावली तैयार गर्ने ।
- समुदायमा उनीहरुको भूमिका वा कुनै खास विषयमा दखल र अनुभवको आधारमा व्यक्तिहरुको छनौट गर्ने ।
- सम्पूर्ण सरोकारवाला समूहको प्रतिनिधित्व हुने गरी जानिफकारहरुको छनौट गर्ने ( लिङ्ग, जातजाति, उमेर समूह, आदि) ।
- खुल्ला तथा अनौपचारिक वातावरणमा प्रश्नावलीको आधारमा छलफल चलाउने ।
- छुट्टै खालको सूचना आएको खण्डमा सम्बन्धित व्यक्तिसँग थप जानकारी लिएर स्पष्ट हुने।
- अन्तरवार्ता लिने व्यक्तिले मुख्य बुँदाहरु टिपोट गर्ने ।
- टिपोट गरेका सूचनाहरुलाई एक पटक सुनाउने ।
- सूचनाहरुको विश्लेषण गर्ने ।

## १०. दिगो जीविकोपार्जनमा पहुच

दिगो जीविकोपार्जनमा पहुँच विधि एक नयाँ अवधारणा हो । समुदायका गरीब तथा पछाडि पारिएका समुदायको संकटाभिमुख कम गर्न ५ वटा पूँजी र तिनका बीचको सम्बन्धलाई केलाउनु पर्दछ । यी ५ वटा विभिन्न पूँजीका सूचकहरु तल उल्लेख गरिएका छन्।

सहजकर्तालाई सुझाव

सहजकर्ताले समूहलाई यी ५ वटा पूँजीको विश्लेषण गर्न प्रोत्साहन गर्नुपर्दछ जसले गर्दा दिगो जीविकोपार्जनको लागि सोच्न मद्दत पुग्दछ । विभिन्न सूचकहरुको आधारमा यी पूँजीहरुको मापन गर्नुपर्दछ ।

सामाजिक पूँजीका मुख्य सूचकहरु

- जातजाती
- बसोवासको अवस्था
- लिंग र समावेशीकरण
- नेतृत्व
- सामाजिक र सांस्कृतिक संघसंगठन
- संजाल र समन्वय
- सामाजिक मेलमिलापः सामुहिक भाईचारा, नातेदार प्रणाली, आदि
- विश्वास र आपसी सर-सहयोग
- औपचारिक र अनौपचारिक संघसंगठनहरुको संख्या र सेवा
- संगठनहरुमा सदस्यताको स्वरुप
- प्राकृतिक स्रोत र साधन सम्बन्धि समूहहरु (सामुदायिक वन, सिंचाइ संस्था, कृषक समूह, खानेपानी समूह, प्रकोप व्यवस्थापन समूह आदि)

- नीतिनियमहरु, सामुहिक प्रतिनिधित्व, निर्णय प्रकृयामा सहभागिता, आदि

मानवीय पूँजीका मुख्य सूचकहरु

- ज्ञान र शीप
- स्वास्थ्य र पोषण
- पारिवारिक आकार
- गाउँ भित्र र बाहिर रोजगारमूलक काम गर्न सक्ने क्षमता
- शिक्षाको तह
- स्थानीय र नजिकको बजार क्षेत्रमा प्राप्त रोजगारीका अवसरहरु
- साना व्यवसाय र व्यापारमा सहभागिता
- बसाई सराई (आन्तरिक, बाह्रय, स्थायी, अस्थायी, मौसमी, आदि)
- बजार व्यवस्थापन गर्ने शिप र ज्ञान

प्राकृतिक पूँजीका मुख्य सूचकहरु

- जमिन (प्रति परिवार, स्वामित्वको प्रकार)
- जमिनको प्रकार (खेत र बारी)
- जमिन बचावटको तौरतरिकाः बाढी र पहिरोको रोकथाम गरेर, वृक्षारोपण गरेर, आदि
- उत्पादनको अवस्था (अन्नवाली, नगदेवाली, तरकारी र अन्य)
- स्थानीय तहमा कृषि सेवाको पर्याप्तता
- जलस्रोत र सम्पदा (सतह, स्प्रीङ्कल, भूमिगत, आदि)
- सिमसार स्रोत र सम्पदा
- वनले ढाकेको क्षेत्र
- वन सम्पदा (दाउरा, घाँस, सोत्तर, जडिबुटि आदि)
- पशुपालन
- वन्यजन्तु सम्पदा
- जलचर सम्पदा
- माटोको प्रकार उपलब्ध खनिज सम्पदाहरु

भौतिक पूँजीका मुख्य सूचकहरु

- आधारभूत सेवामा पहुँचको अवस्थाः सडक, यातायात, पुलपुलेसा, बजार, होटल, स्कूल, कृषि र पशु सेवा केन्द्र, आदि
- अत्यावश्यक सेवामा पहुँचः सुरक्षा चौकी, पूर्वचेतावती प्रणाली, उद्दार र राहत सामाग्रीहरुको पर्याप्तता, आवास घर, चर्पी, आदि
- समुदायमा आधारित संरचनाहरुको पर्याप्तताः खानेपानी, सिंचाइ, आदि
- विद्युत र संचार सेवाको पर्याप्तता
- घरहरुको भौतीक अवस्था र बसोबासको स्वरुप

- बैकल्पिक उर्जा (सौर्य, गोबरग्याँस, माइक्रो हाइड्रो, आदि) को अवस्था

वित्तिय पूँजीका मुख्य सूचकहरु

- प्राप्त मौज्दात, नगद, जिन्सी, आदि
- बैकल्पिक आयका स्रोतहरुः कृषि, पशुपालन, आदि
- मुख्य पेशा
- पेन्शन, वैदेशिक रोजगारबाट प्राप्त रकमको पर्याप्तता
- समुदायमा आधारित स्रोत परिचालनका विकल्पहरुः भैलो, रोदी, चाडपर्व, धार्मिक कार्य आदि
- स्थानीय तहका वित्तिय संघसंस्थाहरुः बचत तथा ऋण समूह, सहकारी, वित्तिय कम्पनीहरु, आदि
- स्थानीय स्रोत साधनहरुको पर्याप्तता

## ११. लक्ष्यित समूह छलफल

सानो समूहमा विभिन्न विषयहरुमा छलफल गर्न यो विधिको प्रयोग गरिन्छ । यी समूहहरु सम्पन्नता स्तरीकरणका आधारमा बनाईन्छन् । सहभागीहरुलाई लैङ्गिक, उमेर, पेशा, र शिक्षाका आधारमा ससाना समूह बनाई छलफल चलाउन सकिन्छ । यस्ता छलफलहरुमा सबै सहभागीहरुलाई समान रुपले आफ्ना विचार र भनाई राख्न प्रोत्साहन गरिन्छ ।

लक्ष्यित समूह छलफलको क्रममा मुख्य गरेर समुदायभित्र हालसम्मका मुख्य खतराहरु के के हुन्, हरेक खतराका पछाडिका अन्तरनिहित कारणहरु के के हुन्, हरेक खतराबाट कुन व्यक्ति, वर्ग र समूह बढि प्रभावित छ, यी हरेक खतराबाट उत्पन्न संकटाभिमुख को असर र प्रभाव कम गर्न के के गर्न सकिन्छ ? कुन कुन सरोकारवालाहरुको के के भूमिका र जिम्मेवारी हुन सक्दछ भनेर छलफल चलाउनु पर्दछ ।

छलफलका विषयको बारेमा सहभागीहरुलाई अवगत गराउनु पर्दछ । तर छलफलका सवालहरु उठाउने कार्य सहभागीहरु स्वयंले गर्नुपर्दछ । एकजना सहभागीले राम्ररी सुनेर टिपोट गर्नुपर्दछ । सहजकर्ताले छलफललाई अगाडि बढाउन मद्दत गर्नुका साथै नयाँ विषयवस्तुहरु छलफलमा आएमा त्यसलाई पनि महत्वका साथ स्थान दिन आवश्यक सहजीकरण गर्नुपर्छ ।

<u>सहजकर्तालाई सुझाव</u>

- समूहमा ८ देखि १२ जनासम्म समानस्तरका सहभागीहरु सम्मिलित भएको हुनुपर्दछ।
- समूहको छलफल अनुभवी सहजकर्ताले संचालन गर्नुपर्दछ ।
- सहजकर्ताले छलफल सुचारु रुपले संचालन गर्न मद्दत गर्नुपर्दछ ।
- सहजकर्ता छलफलमा तटस्थ हुनुपर्दछ । तर छलफलमा प्रस्तुत हुने विषयको बारेमा सहजकर्तालाई ज्ञान हुनुपर्दछ ।

- छलफल गर्दा एकपटकमा एउटा विषयमा छलफल गर्नुपर्दछ । त्यस विषयमा सर्वसम्मतिले पारित गरेपछि मात्र अर्को विषयमा छलफल शुरु गर्नुपर्दछ ।